सुखावतीव्यूह सूत्र

Sukhāvatīvyūha Sūtra

अनुवादक

मीन बहादुर शाक्य

शान्त हर्ष बज्राचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुखावतीव्यूह सूत्र

Sukhāvatīvyūha Sūtra

अनुवादक:

श्री मीन बहादुर शाक्य

श्री शान्त हर्ष बज्राचार्य

प्रकाशक:

नेपाल बौद्ध ग्रन्थ अनुवाद समिति

नागार्जुन बौद्ध अध्ययन संस्थान

पो. ब. नं १००, ललितपुर, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Buddhist Text Translation Series-15
बौद्ध ग्रन्थ अनुवादक्रम-१५

प्रकाशकः

नेपाल बौद्ध ग्रन्थ अनुवाद समिति
नागार्जुन बौद्ध अध्ययन संस्थान
पो. ब. नं १००, ललितपुर, नेपाल

पहिलो संस्करणः १००० प्रति

बुद्ध सं. २५४५
ने.स. ११२२
वि.सं. २०५८
ई.सं. २००२

आवरणचित्रः अमिताभ बुद्ध र सुखावती भूवन

मूल्यः रू. ६०/-

मुद्रकः
सुभाष प्रिन्टिङ्ग प्रेस
१६ १४७ नकबहिल, यल ।
फोन नं. : ५३३१९१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CONTENTS
विषयसूची

१. भूमिका (नेपाली र अंग्रेजीमा)

२. सुखावतीव्यूह सूत्र
(विस्तृत मातृका)
पेज १ देखि पेज ६७ सम्म

३. सुखावतीव्यूह सूत्र
(संक्षिप्त मातृका)
पेज ६९ देखि पेज ७६ सम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DEDICATION

This sacred books is dedicated to
Mr. Gyan Jyoti Kansakar,
the Patron of Nagarjuna Institute
On the auspicious occasion of
his eighty first Birth Anniversary

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Sukhavati Vyuha Sutra

1. INTRODUCTION

There are two main recessions of the *Sukhavati Sutra*, one large and one small. The present Nepalese translation of the *Sukhavati vyuha* is presented for the benefit of Nepalese readers under the Nepal Buddhist Text translation Project of Nagarjuna Institute. The sutra, as its name suggests, describes Sukhavati as a land of utmost bliss and happiness.

The Pure Land sect of China and Japan regards the sutra as its most sacred text. The recitation of Amitabha's name is the most cherished dharma door among Chinese and Japanese Buddhists as the way to take rebirth in Sukhavati Buddhaksetra.

At seventy-eight years of age, Buddha is said to have composed the *Samantabhadra-bodhisattva-carya-dharma-sutra* in the city of Vaisali. At the age of seventy nine, he is supposed to have ascended to the Trayastrimsa heaven in order to preach to his mother, and after descending to earth again, he only composed two more sutras, the *Nirvana sutra* and the *Sukhavati vyuha*.Very soon afterwards he passed away.[1]

It is recorded that in the year 252 CE, Sanghavarman came to China and translated the larger *Sukhavati-vyuha* in two volumes. This was the first and largest of the sacred books.[2]

In the year 400 CE another teacher, Kumarjiva, came to China, and produced a translation of the smaller *Sukhavati-vyuha* in one volume. This is the smallest of the three sacred books.[3]

---

1. See Sacred Books of the East, Vol XLIX, The Larger sukhavativyuha sutra, p.vi
2. These are the statements of the Buddhists in Japan as recorded by Bunyiu Nanjio in " Short History of the Twelve Japanese Buddhist Sects, Tokyo,1886 p.xviii
3. Another was " Amitayur dhyana sutra" not available in Sanskrit original

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

II. Editions

The Sanskrit text was for the first time edited and translated into English by Max Muller and B. Nanjio and published in Anectdota Oxoniensia, Aryan Series, Vol I, part II, Oxford, 1883.

Another edition of the text was made available by Dr. P.L. Vaidya in *Mahayana Sutra Samgraha,* published by the Mithila Institute, Darbhanga, India, 1961.

III. Some Misunderstandings about Sukhavati teachings:

I thought it best, for the sake of completeness, to present translations of both sutras, the larger and smaller *Sukhavati-vyuha.*They differ in several ways..

1. The Larger sukhavati vyuha *(hereafter LSV)* was preached on the Gridhkuta Hill near Rajagriha, the smaller sukhavati *(hereafter SSV)* was discoursed in the Jetavan Garden near Sravasti.
2. In LSV, the chief interlocutors were Ananda and Ajita, in SSV, the interlocutor was Sariputra.
3. In LSV, Amitabha's forty-eight *pranidhanas* are enumerated vividly. It lays great stress on the prayer and faith in Amitabha, but it never neglects 'the stock of merit' as essential for liberation.

In the introduction to his translation of the Larger *Sukhavati-vyuha,* Max Muller states:

" The Smaller Sukhavati lays great stress on the fact that people can be saved or can be born in the Land of Bliss, if only they remember and repeat the name of Buddha Amitabha two, three, four, five, six or more nights before their death, and it distinctly denies that people are born in the Paradise of Amitabha as a reward or necessary result of good works performed in the present life.This would seem to take away one of the fundamental doctrines of Buddhism, namely, the doctrine of Karma, or of the continuous

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

working of our deeds whether good or bad. In stead of old doctrine, as a man soweth, so he shall reap, a new and easier way of salvation is here preached, viz.As a man prayeth, so he shall be saved. It is what is known to us as salvation by faith rather than by works."

Here Max Muller seems to have misinterpreted the text's position on the importance of karma. In fact It reads:

"With inferior root of goodness and insufficiently accumulated merits, and with unfavorable cause and conditions, one cannot be born there [Sukhavati]"

IV. Is Sukhavati Paradise is different from other heavens?

The heavenly beings called 'devas' in Buddhism, reside in the desire, form and formless realms, which belong to three divisions of the existence. Devas are not immortal; they cannot escape from the cycle of birth and death. Thus they may also backslide into the evil lower realms, even lower than that of human beings, when their stock of merit is exhausted. However, the beings of Sukhavati are more immortal with their lifespan (skt:ayus) as endless as that of their Master Amitabha Buddha.

At the stage of non-retrogression, all the Bodhisattva's miraculous powers are perfected and he can visit any Buddha land as he pleases. He disciplines sentient beings, respects, adores, and praises all Buddhas. As stated in the sutra, Bodhisattvas here visit numerous Buddha fields in the morning and come back at midday after making offerings to the Buddhas. Bodhisattvas purify Buddha fields in this way.

Besides, the Sukhavati Paradise is not only a state in which indolent bliss is enjoyed; the beings of the Sukhavati, Bodhisattvas, also have to perform their Bodhisattvic activities i.e to preach the dharma in order to deliver the earthly beings of the other worlds. This is shown by Amitabha's vows, which read as follows

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Pranidhana No.25:

Provided I become a Buddha, if those Bodhisattvas in that country of mine should not be able to preach the dharma.... then may I not attain enlightenment.

Pranidhana No.29:

Provided I become a Buddha, if the Bodhisattvas of my country should not all possess the wisdom of eloquent oration... then may I not attain enlightenment.

Pranidhana No.30:

Provided I become a Buddha, if the Bodhisattvas of my country have their wisdom of oration limited, then may I not attain enlightenment.

V. Sukhavati in Newar Buddhist Tradition:

The aspirant who seek rebirth in the Sukhavati heaven are not only limited to China and Japan, it is also conspicuously present in the Newar Buddhist tradition of the Kathmandu Valley.

In the Newar Buddhist tradition, worship of Five Buddhas seems to be predominant. The tradition of depicting Buddha Akshobhya from Abhirati paradise in the East, Buddha Amitabha from Sukhavati in the West, Buddha Amoghsiddhi from Amoghvati in the north, Buddha Ratna Sambhava from Ratnavati in the south and the Buddha Vairocana from Akanistha is represented in most of the Stupas of the Kathmandu valley.

The reasons for the dominance of Amitabha and his Buddhaketra only in the East Asia are yet obscure and are the subjects of ongoing study and research. The Newar Buddhism is predominantly "Indic" in nature, although there are several indigenous elements too. It is through Nepal that these traditions wre conveyed to Tibet. Nepalese Buddhism has had much in common with the domesticated form of Mahayana Buddhism in Tibet and Japan - notably, a Samgha of householders, and with a special emphasis on devotion to the Bodhisattva Avalokiteshvara.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The earliest inscription from Patan dated 610 A.D. contains one of the few epigraphic references to Amitabha in South Asia. There are several stone images depicting Amitabha and Bodhisattva Padmapani of the Lichchavi period. This suggests that rebirth in Sukhavati has long been an important goal for devotees. The image of Amitabha Buddha is found on the crown of Avalokiteshvara in Nepalese images from as early as 550 AD. It is said that Sukhavati heaven is ten billion world-systems west from this earth.

VI. How can we be reborn in Sukhavati?

So how can we get there? The sutra also says that nobody can take rebirth in this Sukhavati with an insufficient roots of merit. But how much merit? Although the amount is not stated explicitly in the sutra. the method for rebirth in that Sukhavati heaven is clearly described as follows.

" Sariputra, whatever son or daughter of a family shall hear the name of the blessed Amitayus, the Tathagata, and having heard it, shall keep it in mind, and with thoughts undisturbed shall keep in mind for one, two, three, four, five, six or sevens, - when that son or daughter of a family comes to die, then that Amitayus, the Tathagata, surrounded by an assembly of disciples and followed by a host of Bodhisattvas, will stand before them at their hour of death, and they will depart this life with tranquil minds. After their death, they will be born in the world Sukhavati, in The Buddha country of the same Amitayus, the Tathagata."

VII. Signs of rebirth in the Sukhavati Paradise.

Although we cannot prove explicitly that the beings have been reborn in the Sukhavati paradise the experiences of untold practitioners from China, Japan Korea and other parts of world have engendered confidence in the existence of Sukhavati due to the signs that are said to take place during rebirth. They are as follows:

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

1. The Buddha will inform the devotee about the date and hour of his death.
2. Some of the devotees can choose the day they will pass away by their own free will.
3. He will see before his eyes visions of Buddha Amitabha or other Bodhisattvas.
4. He will see the unusual shining splendor of the Buddha
5. A scent of unique perfume will be cognized either by the devotee himself or by those who are near him at the moment of his death; it will even last for many days after his death.
6. The warmth issuing from the head of a dead body may be perceptible to others.
7. A dead body will remain supple like a living being, and not become a stiffened corpse.
8. He may pass away from life in a sitting position or standing, though the latter position is very uncommon.
9. His countenance will show ease or a smile, without any sign of suffering.
10 His face may show a slightly golden colour, but this is very unusual.
11 "Sariras" may be found in the ashes after his cremation (here 'sariras' are relics in the form of extremely hard and lustrous pearls)
12. A vision of lotus flower may appear before his eyes when approaching death; or a picture resembling the lotus flower may be formed from the ashes of his cremation.

These are all the signs of being born in the Sukhavati Buddhaksetra.

VIII. The Importance of this sutra

The Sukhavati Sutra has two important messages to offer.

1. Since all sentient beings want happiness and do not want suffering what can be more beneficial than rebirth in Sukhavati Ksetra. The sutra describes Sukhavati as a world without suffering.There is neither bodily pain nor mental pain for living beings. There are innumerable sources of happiness.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

For ordinary beings, it is very important to be reborn in Sukhavati Buddhaksetra among the assembly of Amitabha Buddha.

When Amitabha Buddha was Bhikshu Dharmakara, he made 48 vows before Lokeshvara Raja Tathagata. After innumerable aeons of practice, he realized his 48 vows. A billion Buddha Ksetra to the west of this Saha world system, he established his ideal land, Sukhavati. He was concerned that there are too many obstacles to practice in this world of five turbidities (skt: pancakasaya), so it is not easy for ordinary beings engulfed in vexations to become Buddhas. He therefore established the Sukhavati Ksetra in order to give living beings a place to perfect their practice and achieve the perfect enlightenment.

If an ordinary mortal can case aside wordly bonds, Amitabha shines the light of wisdom upon him so he may be born in the Sukhavati Buddha ksetra, where he automatically achieves Buddhahood after one more birth. This is the 22nd of Amitabha's 48 vows, that all reborn in his land may be bound by one birth only.[4]

2. In addition to seeking rebirth in Sukhavati, saving all sentient beings from suffering, the Bodhisattvas work for the purification of the Buddha land

In this sutra, Bodhisattvas are constantly reminded to purify the Buddhaksetra.This implies that there is such a land that has yet to be purified, a land that awaits purification through the practices of Bodhisattvas. The same idea is also seen in *Prajnaparamita* sutras.

Here is a strong message for those who want happiness: that he/she should purify this Buddhaland of ours through Bodhisattva practices by dedicating oneself to the benefit of others. In this respect, benefit to oneself is the understanding of Wisdom and

4. See "The Contemporary Meaning of Pure Land" by Akira Hirahawa, Emeritus Professor, University of Tokyo presented in Keynote speech at the Third Chung Hwa International Conference on Buddhism, Taipei, 1998, page. 77

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

benefit to others is the realization of Bodhicitta. With this twin understanding and realization of Wisdom and Great Compassion is the purification of Buddhaksetra itself.

IX. Acknowledgement

It is my great pleasure to extend my heartfelt gratitude to our Patron, Mr Gyan Jyoti Kansakar (born 1978 B.S.) and his family, who inspired me to publish these sacred texts. His constant advice and kinship gave me the inspiration to work on these meritorious activities. That is why this volume is dedicated to to the long life, happiness and prosperity of him and his family on the occasion of his 81st birth anniversary.

I owe a debt of gratitude to my collegue, Mr. Shanta Harsha Bajracharya who translated the larger *Sukhavati vyuha* from Sanskrit. Without his help this text could not have been published in time.

Finally to my sons Milan and Miroj Shakya who set the entire manuscript, did all the proof reading, type setting and cover design, I thank them both from the depths of my heart.

Lastly, to Mr. Subhas Narshingh Shakya and his staff, who printed this text efficiently and on time, I owe a special debt of thanks.

Min Bahadur Shakya
Chakupat, Lalitpur
January 2002

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुखावतीव्यूह सूत्र

१. भूमिका

सुखावती सूत्रका दुइवटा संस्करणहरु छन्: वृहत सुखावती व्यूह सूत्र तथा संक्षिप्त सुखावती व्यूह सूत्र । समस्त नेपाली पाठक वर्गको हितलाई ध्यानमा राखी प्रस्तुत सुखावतीको नेपाली अनुवाद नागार्जुन बौद्ध अध्ययन संस्थान कै नेपाल बौद्ध अनुवाद परियोजनाद्वारा गरिएको हो । सुखावती को नामैले अत्युत्तम सुख र आनन्दको भूवन भन्ने अर्थ दिन्छ ।

चीन र जापानमा प्रचलित Pure Land (शुद्ध क्षेत्र) सम्प्रदायहरुको मत अनुसार यो ग्रन्थ कयौं पवित्र सूत्रहरुमध्ये एक हो । अमिताभ बुद्धको नाम जप गर्नु भनेकै सुखावती बुद्धक्षेत्रमा जन्म लिने माध्यम हो जुन चीनिया तथा जापानी बौद्धहरुका माझ अति नै लोकप्रिय छ ।

वैशाली नगरमा भगवान बुद्धले आफ्नो अठहत्तर वर्षको उमेरमा समन्तभद्र बोधिसत्व चर्या रच्नुभएको थियो भन्ने भनाई छ । उन्नासी वर्षमा उहाँले त्रायत्रिंस देवभूवनमा आफ्नी मातालाई धर्मोपदेश दिन जानुभएको थियो । र पृथ्वीमा अवतरण गरिसक्नुभएपछि, आफ्नो परिनिर्वाणपूर्व उहाँले दुइटा सूत्रहरु क्रमशः निर्वाण सूत्र तथा सुखावती व्यूह सूत्रहरु मात्र प्रकाशमा ल्याउनुभयो ।

सन् २५२ तिर आचार्य संघवर्मन चीनमा गइ वृहत सुखावती व्यूह सूत्रलाई दुइ भागहरुमा अनुवाद गर्नुभएको थियो भन्ने भनाई छ । प्रस्तुत ग्रन्थ ती दुइमध्ये पहिलो तथा सबैभन्दा वृहत मानिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन् ४०० तिर आचार्य कुमारजीव चीनवाट भारतवर्ष आउनुभई त्यही एकै संस्करणमा संक्षिप्त सुखावती व्यूहको अनुवाद निकाल्नुभयो।

२. संस्करणहरु

सुखावती व्यूहको संस्कृत ग्रन्थलाई पहिलो पल्ट माक्स मुल्लर र वुनिओ नाञ्जियोले अंग्रेजीमा अनुवाद तथा संपादन गर्नुभएको थियो। त्यसलाई अक्सफोर्डको आनेक्टोडा ओक्सोनेसिया, आर्यन सिरिज अन्तर्गत सन् १८८३ मा छापिएको थियो।

यसैको अर्को संस्करण डा. पि. एल. वैद्यले सन् १९६१मा मिथिला इन्स्टिच्यूट, दरभंगा, भारत द्वारा प्रकाशित महायान सूत्र संग्रहमा उपलब्ध गराउनुभएको थियो।

३. सुखावती व्यूह उपदेशहरु सम्बन्धी केही गलत अवधारणाहरु

सुखावती व्यूह सूत्र संक्षिप्त र वृहत दुवै संस्करणले मात्र पूर्ण हुने हुँदा मैले दुवैको अनुवाद गर्नु नै उचित ठाने। ती दुई संस्करणहरु निम्नलिखित केही बुँदाहरुमा एक आपसमा भिन्न छन्।

१. वृहत सुखावती व्यूह सूत्र राजगृह नजीकै अवस्थित गृद्धकुट पर्वतमा देशना गरिएको थियो भने संक्षिप्त सुखावती सूत्र श्रावस्तिस्थित जेतवन विहारमा देशना गरिएको थियो।

२. वृहत सुखावती व्यूहमा प्रश्न कर्ताहरु आनन्द र मैत्री हुनुहुन्थ्यो भने संक्षिप्त सुखावतीव्यूहमा शारिपुत्र प्रश्नकर्ता हुनुहुन्थ्यो।

३. वृहत्मा अमिताभ बुद्धका अट्चालिस वटा प्रणिधानहरुलाई स्पष्टरुपले प्रस्तुत गरिएका छन्। अमिताभ बुद्धप्रति अगाढ श्रद्धा राख्नुपर्ने र उहाँको प्रार्थना गर्नुपर्ने कुरामा यसले विशेष जोड दिएको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर यसमा मुक्तिको लागि पुण्यसम्भार पनि अति जरुरी छन् भन्ने कुरालाई महत्व दिएको भेट्टिन्छ ।

वृहत् सुखावतीको आफ्नो अग्रेजी अनुवादको भूमिकामा माक्स मुल्लरले यसरी आफ्नो राय व्यक्त गर्नुभएको छ:

> "कुनै प्राणीले आफ्नो मृत्युसमयमा अमिताभ बुद्धको नाम दुइ, तीन, चार, पाँच, छ वा सो भन्दा वढी रातहरुसम्म जप गरेमा वा स्मरण गरेमा उसको उद्धार हुनेछ वा उसको जन्म सुखावती भुवनमा हुनेछ भन्ने कुरा माथि संक्षिप्त सुखावती व्यूहले विशेष जोड दिन्छ तर यसले प्राणीले वर्तमान जूनीमा गरेका कुशल कर्महरुको फलस्वरुप वा आवश्यक विपाकस्वरुप अमिताभको भुवनमा जन्मिन सक्छ भन्ने कुरालाई ठाडै खण्डन गरेको पाइन्छ । यसबाट बौद्धधर्मको एउटा मौलिक सिद्धान्त अर्थात कर्मको सिद्धान्त नै विवादास्पद हुन गएको देखिन्छ । प्राणीले जस्तो गर्छ त्यस्तै फल भोग्छ भन्ने सिद्धान्तको सट्टा यहाँ एउटा नवीन तथा सुलभ मोक्षमार्ग अर्थात प्राणीले प्रार्थना गर्नेबित्तिकै उसको उद्धार हुन्छ भन्ने सिद्धान्तको प्रतिपादन भएको देखिन्छ । यसलाई हामी श्रद्धाद्वारा मुक्ति भन्छौ, कर्मद्वारा मुक्ति होइन ।"

उपर्युक्त वाक्यमा माक्स मुल्लरले कर्मको महत्वबारे गलत धारणा राख्नुभएको देखिन्छ । किनकी कर्मको महत्वविषयक त्यही सूत्रमा यसरी पनि भनिएको छ :

"अल्प कुशलमूल एवं अल्प पुण्यसंभार, प्रतिकूल हेतुप्रत्ययले प्राणी सुखावती भुवनमा जन्मिन सक्तैनन् ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. के सुखावती भूवन अरु देवभूवन भन्दा भिन्न छ ?

वौद्धधर्ममा देवभूवनका प्राणीहरुलाई काम, रुप तथा अरुपधातुका देव भनिन्छ । यी तीनवटा धातुहरु भवसंसारका तीनवटा लोकहरु हुन् । तैपनि तिनीहरु अमर होइनन्, तिनीहरु जन्म र मृत्युको चक्रवाट उम्कन सक्दैनन् । आफ्ना पुण्यसंभार सकेपछि उनीहरु मनुष्य भन्दा तल्लो दूर्गतिहरुमा पतन हुन सक्छन् जवकी सुखावती भूवनका प्राणीहरु अमर हुन्, उनीहरुका आयु उनीहरुका गुरु अमिताभ वुद्धकै आयु जस्तै अनन्त हुन्छ ।

अवैवर्तिक भूमिमा पुगिसकेपछि सवै वोधिसत्वका ऋद्धि पूर्ण अवस्थामा पुग्छ । आफूले चाहे अनुसार उनीहरुले जुनसुकै वुद्धक्षेत्रमा पनि जान सक्छन् । उनीहरुले सत्व प्राणीहरुलाई विनित गर्छन् सवै वुद्धहरुलाई आदर, सम्मान र प्रशंसा गर्छन् । सूत्रमा वताइएवमोजिम, वोधिसत्वहरु विहानपख अनन्त वुद्धक्षेत्रहरुमा जान्छन् र त्यहाँ असंख्य वुद्धहरुलाई दान चढाउने इत्यादि कर्महरु गरेर फेरी दिवाभोजनको समयमा आफ्ना स्थानमा फर्कन्छन् । यसरी बोधिसत्वहरुले वुद्धक्षेत्रहरु परिशुद्ध गर्छन् ।

यसको अत्तिरिक्त, सुखावती भुवनको परम सुख भोग गर्ने मात्र नभएर सुखावतीका प्राणीहरु (बोधिसत्वहरु) ले लोकधातुका सांसारिक प्राणीहरुलाई उद्धार गर्न आफ्ना बोधिसत्वचर्याहरु पनि गर्नै पर्दछन् । यसलाई अमिताभ बुद्धका निम्नलिखित प्रणिधानहरुले सिद्ध गर्छ :

प्रणिधान २५

यदि मलाई वुद्ध हुनुछ भने मेरा वुद्धक्षेत्रका ती वोधिसत्वहरु धर्मदेशना गर्न सक्षम नभएसम्म मैले वोधि प्राप्त गर्ने छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रणिधान २९

यदि मलाई बुद्ध हुनु छ भने मेरा क्षेत्रका बोधिसत्वहरुले सुभाष प्रज्ञा प्राप्त नगरेसम्म मैले वोधि प्राप्त गर्नेछैन ।

प्रणिधान ३०

यदि मलाई बुद्ध हुनु छ भने मेरा क्षेत्रका वोधिसत्वहरुले असीमित वाक प्रज्ञा प्राप्त नगरेसम्म मैले बोधि प्राप्त गर्नेछैन ।

५. नेवारी बौद्ध परम्परामा सुखावती

सुखावती भूवनमा जन्म लिन चाहने धर्मभाणकहरु चीन र जापानमा मात्र सीमित भएर रहेका छैनन्, काठमाण्डौ उपत्यकामा हुर्किएको नेवारी वौद्ध परम्परामा पनि स्पष्टरुपले विद्यमान छन् ।

नेवारी बौद्ध परम्परामा पञ्च बुद्धहरुको पूजा अनुष्ठान प्रचलित रहेको पाइन्छ । काठमाण्डौ उपत्यका अधिकांश स्तूपहरुमा अभिरति भूवनका अक्षोभ्य बुद्ध, सुखावती भूवनका अमिताभ बुद्ध, अमोघवती भूवनका अमोघसिद्धि बुद्ध, रत्नवतीका रत्नसम्भव र अकनिष्ठका वैरोचनलाई क्रमशः पूर्व, पश्चिम, उत्तर, दक्षिण तथा मध्य दिशाहरुमा प्रतिनिधित्व गरिन्छ ।

तर दक्षिणपूर्व एशियामा अमिताभ बुद्ध र उहाँको बुद्धक्षेत्र मात्र यत्ति किन प्रचलित छ भन्ने कुरो अझै अस्पष्टै छ र यसको लागि अरु अध्ययन र अनुसन्धानको जरुरी छ । हुनत नेवारी बौद्धधर्ममा आफ्नै केही विशेष तत्वहरु पाइएतापनि यो स्वभावैले भारतीय वौद्धधर्मवाट अति प्रभावित छ । नेपालवाटै यो परम्परा तिव्वत गएको हो । नेपाली वौद्ध धर्म तिव्वत, र उल्लेखनीयरुपमा जापानका गृहस्थ महायान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बौद्ध धर्मसित धेरैजसो समान छ । जसमा अवलोकितेश्वर बोधिसत्वप्रतिको श्रद्धालाई विशेष जोड दिइन्छ ।

पाटनमा पाइएको सन् ६१० ताकाको सबैभन्दा प्राचीन अभिलेखलाई दक्षिण एशियामा अमिताभ बुद्धको प्रभावलाई पुष्टि गर्ने लेखोटको रुपमा लिन सकिन्छ । लिच्छवी कालीन अमिताभ र पद्मपाणी बोधिसत्वलाई चित्रण गर्ने केही शिलामूर्तिहरु छ । यसले के ईंगित गर्छ भने सुखावती भूवनमा जन्म लिनु नै धर्मभानकहरुको प्रमुख उद्देश्यहरु मध्ये एक हो । सन् ५५० भन्दा पहिले देखि अवलोकितेश्वर का नेपालको मूर्तिको शिरमा अमिताभ बुद्धको प्रतिमा पाइएको छ । सुखावती भुवन यस पृथ्वीभन्दा दश खरब लोकधातुहरु पर अवस्थित छ भन्ने मान्यता छ ।

६. हामीले कसरी सुखावती भूवनमा जन्म लिन सक्छौं ?

हामी सुखावतीमा कसरी पुग्न सक्छौ त ? सूत्रले यो पनि भन्छ कि अल्प कुशलमूल हुनेहरु सुखावती भूवनमा जन्मन सक्दैनन् । कत्तिको पुण्य त ? त्यो यस सूत्रमा स्पष्टरुपले उल्लेख गरिएको छैन । तर प्राणी कसरी सुखावती भूवनमा जन्म लिन सक्छ भन्ने बारे राम्ररी व्याख्या गरिएको पाइन्छ । सूत्रमा यसरी व्याख्या गरिएको छः

"हे शारिपुत्र ! यदि कुनै कुलपुत्र वा कुलपुत्रीले भगवान अमितायुको नाम सुन्छ, त्यसलाई मनमा धारण गर्छ, तथा अविचलित चित्तले एक, दुई, तीन, चार, पाँच, छ वा सात दिनसम्म त्यसलाई मनमा धारण गरिराख्छ भने मर्ने बेलामा त्यो कुलपुत्र वा कुलपुत्रीको सामुने शिष्य तथा बोधिसत्वहरुको गणसहित साक्षात् अमितायु बुद्ध उपस्थित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुनेछन् र शान्त चित्तले त्यो कुलपुत्र वा कुलपुत्रीले देहत्याग गर्नेछ। मरणोपरान्त पनि उनीहरुको जन्म अमिताभ तथागतकै बुद्धक्षेत्र सुखावतीमा हुनेछ।

७. सुखावती भूवनमा जन्म हुने लक्षणहरु

हामीले प्राणीहरु सुखावतीमै जन्म भयो भन्ने कुरालाई स्पष्टरुपले प्रमाणित गर्न त सक्दैनौ तर चीन, जापान, कोरिया र संसारका अरु भूभागमा वस्ने अनेक साधकहरुले आफ्नो अनूभुतिबाट सुखावतीमा जन्म हुँदाका केही लक्षणहरु प्राप्त भएको विश्वास गरेका छन्। ती अनुभवमा आधारित तथ्यहरु यस प्रकार छन्:

१. बुद्धले साधकलाई उनको मृत्युसमय र घडिको बारे अवगत गर्छन्।
२. कुनै कुनै साधकहरुले आफ्नै इच्छानुसार आफ्नो मृत्युसमय निर्धारण गर्न सक्छन्।
३. उसले आफ्नै आँखा अगाडि अमिताभ बुद्ध वा अन्य बोधिसत्वहरुका दर्शन पाउँछ।
४. उसले बुद्धको अनौठो चम्किलो तेजमण्डल देख्छ।
५. साधकको मृत्यु समयमा एक प्रकारको अद्वितीय सुगन्ध कित साधक आफैले सुघेर चाल पाउँछ कि त ऊ नजिक बसिरहेकाहरुले चाल पाउँछन्; ऊ मरेर गएपनि त्यो सुगन्ध कयौ दिनसम्म पनि त्यसै रहन्छ।
६. मृतकको शरीरबाट निस्केको न्यानोपना सबैले चाल पाउँछन्।
७. मृतक शरीर पनि जिउँदो मानिस झै नरम हुन्छ, कडा लासमा परिणत हुन्न।
८. उसले बसेर र उभिएर पनि देहत्याग गर्न सक्छ। यद्यपि उभिएर देहत्याग गरेको उदाहरण कमै पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. उसको मुहारले सौम्यता एवं मुस्कान देखाइरहेका हुन्छ, दुःखको लेस सम्म रहन्न ।

१०. उसको मुहारले केही स्वर्ण वर्ण देखाइरहको हुन्छ, हुनत यस्तो कमैमात्र देख्न पाइन्छ ।

११. उसको दाहसंस्कार पछि भष्महरुबाट "शरीर"हरु भेट्टिन्छ । (शरीर एकदम कडा तथा चहकिलो मोतिको रुप भएका अस्थि हुन्) ।

१२. मृत्यु समयमा उसको आँखा अगाडि कमल फूलको दृष्य देखापर्छ; कमल फूलकै आकारको चित्र उसको भष्ममा निर्मित हुन्छ ।

यी सबै सुखावती बुद्धक्षेत्रमा जन्मने लक्षणहरु हुन् ।

८. यस सूत्रका महत्वहरुः

सुखावती सूत्रले दुइवटा सन्देशहरु दिन्छः

१. सबै प्राणीहरुले सुख चाहने र दुःख नचाहने हुँदा त्यो सुखावती क्षेत्रमा जन्म लिनु भन्दा सुखमयी अरु के नै हुन सक्छ र । यस सूत्रमा बताइएबमोजिम सुखावती दुःख रहीत क्षेत्र हो । सुखावतीमा न प्राणीहरुलाई शारिरीक पीडा हुन्छ न त मानसिक पीडा नै । सुखका श्रोतहरु असंख्य छन् । सामान्य पृथग्जनहरुको लागि सुखावती बुद्धक्षेत्रमा अमिताभको गणमाझ जन्म लिनु अत्यन्तै महत्वपूर्ण छ ।

अमिताभ बुद्धले कुनै जन्ममा भिक्षु धर्माकर हुँदाखेरी लोकेश्वर राज तथागतसामु ४८ वटा प्रणिधानहरु गर्नुभएको थियो । असंख्य कल्पहरु बितिसकेपछि उहाँले ती ४८ प्रणिधानहरुलाई मूर्त रुप दिनुभयो । यस सहालोकधातुको खरबौ बुद्धक्षेत्रहरु पश्चिमपट्टि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँले आफ्नो आर्दश भूमि सुखावती भूवन निर्माण गर्नुभयो । यस पञ्चकषायको लोकमा धर्माभ्यासमा थुप्रै विघ्न वाधाहरु भएका हुँदा क्लेशहरुमा डुवेका पृथग्जनहरुलाई वुद्ध वन्न सुलभ नभएकोमा उहाँ चिन्तित हुनुहुन्थ्यो । तसर्थ उहाँले आफ्नो सुखावती क्षेत्र नै निर्माण गर्नुभयो । जसको फलस्वरुप उहाँले सत्व प्राणीहरुलाई आफ्ना धर्माभ्यासलाई पूर्णता दिइ सम्यक सम्वोधिज्ञान प्राप्त गर्न सुगम पार्नुभयो ।

पृथग्जनले सांसारिक वन्धनहरुलाई एकातिर पञ्छाउन सकेमा अमिताभ वुद्धले प्रज्ञाज्योति उनीमा फिजाउँनुहुन्छ जसको फलस्वरुप उसले सुखावती वुद्धक्षेत्रमा जन्मेर एकै मात्र जन्म पश्चात स्वतः वुद्धत्व प्राप्त गर्नेछ । यो अमिताभ वुद्धका ४८ प्रणिधानहरु मध्ये वाइसौ प्रणिधान हो जसले भन्छ, सुखावतीमा जन्मने सवै प्राणी एकै मात्र जन्मले वन्धित होउन् ।

२. वोधिसत्वका चर्या भन्नाले प्राणीहरुलाई उद्धार गरेर सुखावतीमा जन्माउने मात्र नभइ वुद्धक्षेत्रको परिशुद्धि पनि हो । सवै प्राणीहरुलाई उद्धार गर्ने चर्या अत्यन्तै महत्वपूर्ण छ ।

यस सुखावती सूत्रमा, वोधिसत्वहरुलाई सदा बुद्धक्षेत्र परिशुद्धि गर्नको लागि स्मरण गराइन्छ । यसको के अर्थ हुन्छ भने एउटा यस्तो भूमि छ जसलाई अझै परिशुद्ध गरिन वाकी छ । यो भूमि वोधिसत्वका चर्याहरुवाट शुद्ध हुनको लागि प्रतीक्षारत छ । यही कुरा प्रज्ञापारमिता सूत्रमा पनि देख्न सकिन्छ । सुख चाहनेहरुका लागि यही वलियो सन्देश हो कि उनीहरुले हाम्रो यस वुद्धक्षेत्रलाई वोधिसत्वचर्याद्वारा आफैलाई अरुकोलागि समर्पित गरेर परिशुद्ध पारिदिउन् । यहाँनेर आफ्नो हित भन्नाले प्रज्ञा ज्ञान हो भने परहित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्नाले बोधिचित्तोत्पाद हो । यही प्रज्ञा करुणाको द्वयज्ञानले नै बुद्धक्षेत्रको परिशुद्ध हुन्छ ।

९. आभार

यी पवित्र ग्रन्थहरु प्रकाशित गर्नमा मलाई प्रोत्साहन दिनुहुने हाम्रा संरक्षक श्री ज्ञान ज्योति कंसाकार तथा उहाँका परिवारलाई अति प्रशन्नतापूर्वक हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। उहाँले दिनुभएको निरन्तर सल्लाह तथा सुझावहरु मेरो लागि यस्ता पुणित कार्यहरु गर्नमा निरन्तर प्रेरणाका श्रोत बन्न पुगेको छ । तसर्थ यो प्रकाशित ग्रन्थ उहाँको ८१ औं जन्मतिथिको शुभ अवसरमा उहाँको तथा उहाँका परिवारको दिर्घायु, सुख तथा समृद्धिको लागि समर्पित गरिन्छ ।

यो विस्तृत सुखावती व्यूहलाई संस्कृतबाट नेपाली भाषामा अनुवाद गर्नुभएकोमा म मेरा मित्र श्री शान्त हर्ष बज्राचार्यप्रति आभारी छु। उहाँको मद्दत विना यो ग्रन्थलाई समयमै प्रकाशित गर्न सकिन्नथ्यो ।

अन्तमा यो ग्रन्थको पूरा पाण्डुलिपिलाई कम्प्यूटर सेट्टिङ्ग गरी, प्रुफ रिडिङ्ग र यसको आवरण समेत तयार गरिदिएकोमा म मेरा पुत्रहरु मिलन शाक्य र मिरोज शाक्यलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्ततः म यो ग्रन्थलाई समयमै आकर्षक ढङ्गले छापिदिएकोमा श्री सुभाष नर्सिङ्ग शाक्य तथा उहाँका कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

मीन बहादुर शाक्य
चाकुपाट, ललितपुर
ने. सं. ११२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुखावतीव्यूह सूत्र

विस्तरमातृका

बुद्ध, धर्म र संघलाई बन्दना । समस्त बुद्ध र बोधिसत्त्वहरुलाई नमस्कार । दशैदिशाका लोकधातुहरुमा रहेका सबै बुद्ध, बोधिसत्त्व र आर्यश्रावक प्रत्येकबुद्धहरु एवं भावी बुद्धहरुलाई पनि नमस्कार । अमिताभ तथागतलाई नमस्कार । अचिन्त्य गुण सम्पन्न तथागतहरुलाई नमस्कार ।

मैले यस्तो सुनेको छु । एक समय भगवान बुद्ध राजगृहको गृध्रकूट पर्वतमा बत्तीसहजार अर्हत्, आस्रव क्षीण भइसकेका, ल्केशरहित, आफ्नो भार विसाइ सकेका, सम्यक ज्ञानले चित्तलाई विमुक्त पारिसकेका, अन्वेषण युक्त चित्त भएका, भवसंयोजन क्षीण भइसकेका, इच्छित वस्तु प्राप्त गरि सकेका, जितिसकेका, उत्तम प्रकारको आत्मसंयम प्राप्त गरि सकेका, आफ्नो चित्तलाइ राम्ररी विमुक्त पारिसकेका, प्रज्ञाज्ञानले विमुक्त भइसकेका, महानायक, षडभिज्ञ ज्ञान हासिल गरिसकेका, इन्द्रियहरुलाई वशमा पारिसकेका, आठ प्रकारका विमोक्ष ध्यान गरिसकेका, बल प्राप्त गरीसकेका, ज्ञानमा निपुण भएका, स्थविर, महाश्रावक साथ विराजमान हुनुहुन्थ्यो ।

ती महाश्रावकहरु हुन् । अज्ञातकौण्डिण्य, अश्वजित्, बाष्प, महानाम, भद्रजित्, यशोदेव, विमल, सुबाहु, पूर्ण मैत्रायणीपुत्र, उरुबिल्व काश्यप, नदीकाश्यप, गयाकाश्यप, कुमारकाश्यप, महाकाश्यप, शारिपुत्र, महामौदगल्यायन, महाकौष्ठिल्य, महाकफिल, महाचुन्द, अनिरुद्ध, नन्दिक, कम्पिल, सूभूति, रेवत, खदिरवनिक, वकुल, स्वागत, अमोघराज, पारायणिक,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्क, चुल्लपत्क, नन्द, राहुल, आयुष्मान् आनन्द । यी सबै भिक्षुहरु र अन्य महाश्रावक भिक्षुहरु सबै ज्ञानमा निपुण थिए । केवल आयुष्मान आनन्दले अझै शैक्ष मार्गमा उत्रन बाकी थियो । यी सबै भिक्षुहरु तथा मैत्रेयद्वारा नेतृत्व गरिएका अनेक आर्य बोधिसत्वहरु संगै भगवान बुद्ध विराजमान हुनुहन्थ्यो ॥ १ ॥

यसपछि आयुष्मान आनन्दभिक्षु आफ्नो आसनबाट उठेर चीवरवस्त्रको एक भाग दाहिने कांधमा राखी दाहिने घूंडाले पृथ्वीमा टेकी भगवान् बुद्धलाई प्रणाम गरेर यस्तो भन्नुभयो–

हे भगवन् ! तपाईका इन्द्रियहरु अति शौम्य देखिन्छन्, तपाईका छविवर्ण परिशुद्ध छ, अनुहारको वर्ण स्वच्छ छ र सुनजस्तै पहेलो छ । जसरी शरद ऋतु को वादल स्वच्छ र परिशुद्ध हुन्छ, सफा र पहेंलो वर्ण झैं झल्कन्छ त्यसरी नै भगवानका इन्द्रियहरु शौम्य देखिन्छन्, मुखको वर्ण पनि शुद्ध देखिन्छ । छवि वर्ण स्वच्छ र सुवर्ण वर्ण देखिन्छ । हे भगवन् ! जसरी जाम्वु नदीवाट ल्याएका सुनका असर्फी सिपालु शिल्पकार अथवा उसका शिष्यले आगोको मुस्लो झैं राम्रोसंग मिलाएको सेतो फीका वस्त्रमा राख्दा अति शुद्ध, सफा र पहेंलो देखिन्छ । त्यसरी नै भगवान् बुद्धका इन्द्रियहरु प्रसन्न देखिन्छ, मुखका वर्ण परिशुद्ध देखिन्छ, छविवर्ण स्वच्छ तथा सुवर्णमयी देखिन्छ, हे भगवान् फेरि आज भन्दा पहिले तथागतको इन्द्रियहरु यसरी शौम्य देखिएको मैले निश्चय नै जानेको छैन, मुखका वर्ण परिशुद्ध भएको तथा छविवर्ण स्वच्छ र पहेंलो रंगको भएको कहिल्यै देखेको छैन । हे भगवान् मलाई यस्तो लागेको छ । बुद्ध आज तथागतको भूमिमा विहार गर्नुभएको छ । तथागत फेरी जिनभूमिमा विहार गर्नु भएको छ । सर्वज्ञताको भूमिमा विहार गर्नु भएको छ । महानागको भूमिमा विहार गर्नु भएको छ । तथागत पुनः अतित,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्तमान तथा अनागतकालका अर्हत् सम्यक सम्बुद्ध तथागतहरुलाई संस्मरण गर्नुहुन्छ । आनन्दबाट यस्ता उद्‌गारहरु प्रकट भइसकेपछि भगवान् बुद्धले आयुस्मान् आनन्दलाई यस्तो भन्नुभयो – साधु साधु हे आनन्द, तिमीले ठीक भन्यौ । के यी कुराहरु बारे तिमीलाई देवताहरुले सल्लाह दिनु भएको थियो कि भगवान् बुद्धहरुले ? अथवा यो सबै तिम्रा मीमांसा ज्ञानद्वारा जानेका हौ ? यी शव्दहरु बोलिए पश्चात आयुष्मान आनन्दले भगवान बुद्धलाइ भन्नु भयो : – हे भगवान्, न त मैले यी कुराहरु देवताहरुको सल्लाह ले जानेको हुँ न त भगवान बुद्धहरुको अनुभाव वाट नै, मेरो आफ्नै मीमांश ज्ञान द्वारा नै मैले बुद्ध आज तथागतको भूमिमा विहार गर्नुभएको छ, सर्वज्ञताको भूमिमा विहार गर्नुभएको छ, महानागको भूमिमा विहार गर्नुभएको छ वा भूत, वर्तमान तथा अनागतकालका अर्हत सम्यक सम्बुद्ध तथागतहरुलाई स्मरण गर्नुभएकोछ भन्ने कुरा जानेको हुं । त्यसपछि भगवान् बुद्धले आयुष्मान आनन्द भिक्षुलाई भन्नु भयो – साधु साधु आनन्द, तिम्रो प्रश्न अत्युत्तम छ, तिम्रो मीमांश ज्ञान राम्रो छ, तिम्रो ज्ञान अति राम्रो छ । हे आनन्द ! बहुजनको हितको लागि तिमी जन्मेका हौ । बहुजनको सुखको लागि, लोकहरु माथि अनुकम्पा राखी धेरै प्राणीहरुको हितको लागी धेरै देव तथा मनुष्यको कल्याणको लागि जुन कुरा तिमीले तथागतसंग सोध्न उपयुक्त ठान्दछौ त्यही सोध्नु ।

यसरी हे आनन्द ! भगवान तथागतहरु र अर्हत् सम्यक्‌सम्बुद्धहरु समक्ष कल्पनानै गर्न नसकिने असंख्य तथा अप्रमाण ज्ञानदर्शन प्रस्तुत गरुन्, तर तथागतको ज्ञान अगाडि त्यो फिका नै पर्छ । के कारणले त्यस्तो हुन्छ ? हे आनन्द ! अवरोधविहिन भएकोले तथागतको हेतुज्ञानदर्शन अप्रतिहत छ । हे आनन्द, तथागतले चाहेको खण्डमा एउटा पिण्डपात्र को भरमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक कल्पसम्म जिवित रहन सक्छ अथवा एक सय कल्पसम्म, अथवा हजार कल्पहरु सम्म, अथवा एक लाख कल्प सम्म, अथवा एकलाखनियुतकोटी कल्प सम्म, वा, त्यसपछिको समयसम्म पनि जिवित रहन सक्छन्, तर तथागतका इन्द्रियहरु बिनाश हुन्नन् । मुखमण्डलमा केही परिवर्तन आउन्नन्, छविवर्ण नाश हुँदैन । के कारणले त्यस्तो हुन्छ? निश्चय नै हे आनन्द ! तथागतले समाधिवाट उत्पन्न पारमितालाई पूर्णरुपले प्राप्त गरिसकेका हुन्छन् ।

हे आनन्द ! संसारमा सम्यकसंबुद्धहरुको जन्म हुनु अति दूर्लभ छ । जसरी संसारमा उदूम्बरफूलहरुको उत्पत्ति अति दूर्लभ छ, त्यसरी नै हे आनन्द ! जन हितैषी, अनुकम्पी र महाकरुणामय, एवं लोक कल्याण चाहने तथागतहरुको उत्पत्ति पनि अति दूर्लभ हुन्छ । तैपनि हे आनन्द ! तथागतको अनुभावले तिमीले यो प्रश्न तथागतसमक्ष सोध्न उपयुक्त ठान्यौ जसको फलस्वरुप जगत्मा राम्रो मति भएका बोधिसत्वहरुको हितार्थ आचार्य हुन सक्ने प्राणीहरुको प्रादुर्भाव हुनेछ ।

त्यसैले निश्चयनै हे आनन्द ! सुन, मनमनै राम्रोसंग भावना गर । म तिमीलाई बताउनेछु ।

"हे भगवन् ! यस्तै गर्नेछु" आयुष्मान् आनन्दले भगवान्को कुराको उत्तर दिनु भयो । त्यसपछि भगवान् बुद्धले आनन्दलाई भन्नु भयो, 'हे आनन्द ! प्राचीनसमयमा आज भन्दा धेरै पहिले असंख्य कल्पअघि, अप्रमेय र अचिन्त्य समयमा दीपंकर नाम गरेका तथागत, अर्हत्सम्यकसंम्बुद्ध संसारमा उत्पन्न हुनु भएका थिए ।

हे आनन्द ! दीपंकर तथागत पछि प्रतापवान् तथागत आउनुभयो । त्यसपछि प्रभाकर नाम गरेका तथागत प्रकट हुनुभयो । त्यसपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्दनगन्ध नाम भएको तथागत प्रकट हुनुभयो । त्यसपछि सुमेरुकल्प नाम गरेका तथागत प्रकट हुनुभएको थियो । हे आनन्द, त्यसरी नै, चन्दन, विमलानन, अनुपलिप्त, विमलप्रभ, नागाभिभू, सूर्योदन, गिरि राजधोष, मेरुकूट, सुवर्णप्रभ, ज्योतिष्प्रभ, वैदूर्यनिर्भास, ब्रह्माधोष, चन्द्राभिभू, तूर्यघोष, मुक्तकुसुमप्रतिमण्डित प्रभ, श्रीकूट, सागरवर बुद्धिविक्रीडिताभिज्ञ, वरप्रभ, महागन्धराजनिर्भास, व्यपगतखिलमलप्रतिघोष, शूरकूट, रणंजह, महागुणधरबुद्धिप्राप्ताभिज्ञ, चन्द्रसूर्यजिम्हीकरण, उत्तप्तेवैदूर्यनिर्भास, चित्तधाराबुद्धिसंकुसुमिताभ्युद्गत, पुष्पावतीवनराज संकुसुमिताभिज्ञ, पुष्पाकर, उदकचन्द्र, अविद्यान्धकारविध्वंसनकर, लोकेन्द्र, मुक्तछत्रप्रवातसदृश, तिष्य, धर्ममतिविनन्दितराज, सिंहसागरकूतविनन्दित राज, सागरमेरुचन्द्र, ब्रह्मास्वरनादाभिनन्दित, कुसुमसंभव, प्राप्तसेन, चन्द्रभानु, मेरुकुट, चन्द्रप्रभ, विमलनेत्र, गिरिराज घोषेश्वर, कुसुमप्रभ, कुसुमवृष्ट्यभिप्रकीर्ण, रत्नचन्द्र, पद्मविम्ब्यूपशोभित, चन्दनगन्ध, रत्ना भिभास, निमि, महाव्यूह, व्यपगतखिलदोष, ब्रह्माधोष, सप्तरत्नाभिवृष्ट, महागुणधर, महातमाल पत्रचन्दनकर्दम, कुसुमभिज्ञ, अज्ञानविध्वंसन, केशरी, मुक्तछत्र, सुवर्णगर्भ, वैदूर्यगर्भ, महाकेतु, धर्मकेतु, रत्नकेतु रत्नश्री, लोकेन्द्र, नरेन्द्र, कारुणिक, लोकसुन्दर, ब्रह्माकेतु, धर्ममति, सिंह, सिंहमति नाम गरेका तथागतहरु प्रकट हुनुभएका थिए ।

हे आनन्द भिक्षु ! सिंहमति तथागत पछि लोकेश्वर नाम गरेका अर्हत पदवी पाउनुभएका तथागत सम्यक्संबुद्ध संसारमा उत्पन्न हुनु भएको थियो । लोकेश्वर तथागत भगवान् विद्या र आचरणले सम्पन्न, सुगत, लोकविदू, अनुत्तर, पुरुष दम्य सारथी, देव र मनुष्यका शास्ता बुद्ध भगवान् हुनु हुन्थ्यो । हे आनन्द ! फेरि उक्त लोकेश्वरराज तथागत अर्हत सम्यकसंबुद्ध भगवान्ले धर्मप्रवचन दिइरहनुभएको बेला धर्माकर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाम गरेका भिक्षुको उपस्थिति थियो । धर्माकर भिक्षु समुद्रसमान स्मृति वान्, बुद्धिमत्तापूर्ण, गतिमान्, प्रज्ञावान्, अति वीर्यवान् एवं ज्यादै उदार हृदय भएका हुनु हुन्थ्यो ॥ ३ ॥

हे आनन्द ! यसपछि धर्माकर भिक्षुले आफ्नो आसनबाट उठेर आफ्नो चीवर एकातर्फ राखी दाहिने घूंडाले पृथ्वीमा टेकी भगवान् लोकेश्वर राज तथागतलाई दुवै हात जोडी प्रणाम गर्नुभयो । तथागतको सामुन्ने जानु भै निम्न गाथाद्वारा स्तुति गर्नु भयो ।

हे असंख्य प्रभा सम्पन्न, अनन्त, अतुल्य, बुद्धि युक्त तथागत ! तपाईको प्रभा अगाडी अरु कुनै पनि प्रभा चम्कन सक्दैन । सूर्यको उज्ज्वल किरण र चन्द्ररत्नको किरण पनि यस सारा लोकमा त्यत्ति चम्कन सक्दैन जति तपाईको प्रभा चम्किरहेको हुन्छ ॥ १ ॥

हे तथागत ! प्राणीमध्ये श्रेष्ठ तपाइको रुप अनन्त छ । त्यस्तै बुद्धको स्वरमा अनन्त घोष छ । तपाइको जत्ति शील समाधि, प्रज्ञा र वीर्य यो संसारमा अरु कसैको छैन ॥ २ ॥

हे तथागत ! तपाईको धर्म धेरै गहिरो, विशाल तथा सूक्ष्म छ । हे सागर समान बुद्ध ! तपाइको गुण अचिन्त्य छ । तसर्थ शास्ताको प्रशंसा गरेर साध्य छैन । धेरै कालदेखि समस्त दोषहरुलाई त्याग्नुभई तपाई निर्वाणमा पुग्नु भएको छ ॥ ३ ॥

तपाईका बलहरु तथा तेज अनन्त छन् । सबै दिशाहरुमा चक्रबर्ती राजा जस्तै तेजस्वी भै प्रज्वलित भइराखेका छन् । त्यस्तै, म पनि भावी बुद्ध भइ धर्मका स्वामी हुनेछु । मैले पनि समस्त प्रजालाई जरामरणको दुःखबाट मुक्त गरी दिन सकु ॥ ४ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहां म पनि दान, शमथ, शील, क्षान्ति, वीर्य, ध्यान र समाधिको श्रेष्ठ व्रताभ्यास गर्छु र भविष्यमा सबै प्राणीहरुको त्राण दाता बुद्ध हुनेछु ॥ ५ ॥

म उत्तम बोधिज्ञानको खोजीमा गङ्गानदीका अनन्त बालुवा समान शतसहस्र कोटि भगवान बुद्धहरुलाइ तथा अतुलनीय नाथहरुलाई सदा सर्वदा पूजा गर्नेछु ॥ ६ ॥

गङ्गानदीका बालुवा समान लोकधातुहरुमा रहेका अनन्तक्षेत्रहरु सबैतिर वीर्य निकाली म प्रकाश रस्मि प्रकट गरिदिनेछु ॥ ७ ॥

मेरो क्षेत्र अति उत्तम, अग्र तथा श्रेष्ठ हुनु पर्छ । बोधि वृक्ष त्यस संसारमा उत्तम हुनुपर्छ, निर्वाणसुख अतुलनीय हुनेछ । त्यो सुख पनि सुखावती भूवनको तुलनामा निरर्थक छ भनी म भन्छु ॥ ८ ॥

दशै दिशाहरुबाट त्यहाँ प्राणीहरु आउनेछन् र शिघ्र नै मेरो सुख देख्नेछन् । त्यहाँ भगवानले मलाइ सत्य दर्शन गरिदिउन् जसले गर्दा मैले वास्तविक वीर्य बलले छन्दलाई उत्पन्न गर्न सक्नेछु ॥ ९ ॥

मैले दशैदिशाका लोकहरुका कुरा तथा अनासक्त ज्ञान पाएको छु । तिनीहरुले मेरो चित्तलाई सदैव थाहा पाउन् ! बरु म अविची नरकमा गएर त्यही रहिरहुँ तर मेरो प्रणिधानको बलले फेरि त्यस नरकमा लोकलाई रहन दिनेछैन ॥ १० ॥ ॥ ४ ॥

हे आनन्द ! यसपछि धर्माकर भिक्षुले भगवान् लोकेश्वराज तथागतको नजीक पुगेर गाथाद्वारा स्तुति गरेर यस्तो भन्नु भयो, 'हे भगवान् ! म अनुत्तर सम्यक् सम्बोधिज्ञान पाउने इच्छा गर्छु । फेरिफेरि अनुत्तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्यक संबोधिज्ञानको चित्तोत्पाद गर्छु र परिणामना गर्छु । म प्रति कृपालु हुनुभई हजुरले धर्मदेशना गर्नुहोस् । जुन धर्मदेशनाद्वारा मैले चाँडैनै अनुत्तर सम्यक् सम्बोधिज्ञान प्राप्त गर्नेछु । संसारमा कुनै तुलना नभएको तथागत समान म यस लोकमा हुनेछु । भगवानले त्यस्ता लक्षणहरुलाई प्रकाश पारिदिनुहोस् जसद्वारा म बुद्धक्षेत्रका सवै प्रकारका असलगुणका सम्पत्तिलाई ग्रहण गर्न सक्नेछु ।

हे आनन्द ! त्यसपछि भगवान् लोकेश्वरराज तथागतले धर्माकर भिक्षुलाई भन्नु भयो, 'के तिमी आफैले त्यो बुद्धक्षेत्रको गुण तथा उत्तम कुराहरु जान्न सक्छौ ?' त्यो भिक्षुले भन्नुभयो, 'हे भगवन् ! म त्यस्तो गर्न सक्दिन । त्यसो त भगवानले मात्र गर्न सक्नु हुन्छ । तसर्थ अरु तथागतहरुको बुद्धक्षेत्रका गुणंव्यूहरुपी अलङ्कार संपत्ति वारेमा मलाइ उपदेश दिनु होस् जसलाई सुनेर हामीले सबै प्रकारको रुपलक्षणलाई पूर्ण गर्न सक्नेछौ ।' हे आनन्द ! यसपछि उहाँ अर्हत सम्यक्संबुद्ध लोकेश्वरराज तथागतले धर्माकर भिक्षुको मनको कुरा जान्नुभई पूर्ण बुद्धक्षेत्रहरुको अन्त नहुञ्जेल सम्म एक कोटि वर्ष सम्म, एकासी कोटिनियुतशतसहस्र बुद्धक्षेत्रहरुको गुणरुपी अलङ्कारसमूहको संपत्तिका पूर्णतालाई लोककल्याणार्थ, लोकहितार्थ, अनुकम्पा एवं महाकरुणाले युक्त हुनुभई आकार सहित, उद्देश्य सहित, निर्देश सहित प्रकाश पार्नुभयो । उहाँ भगवान तथागतको आयुको प्रमाण पूरा चालिसकल्प थियो ॥ ५ ॥

हे आनन्द, यसपछि धर्माकर भिक्षुले ती एकासीकोटि नियुतशतसहस्र बुद्धक्षेत्रका गुण अलङ्कार समूहको संपत्तिलाई लिएर सबै एउटै बुद्धक्षेत्रमा समेटेर भगवान् लोकेश्वरराज तथागतको दुवै चरणकमलमा नतमस्तक भई वन्दना गर्नुभयो र भगवानको वरिपरि प्रदक्षिणा गरी फर्कनुभयो । तत्पश्चात, पाँच कल्प सम्म बुद्धक्षेत्र गुण अलंकारको समूह रुपी संपत्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाई उहाँले ग्रहण गर्नु भयो । दशै दिशाका सबै लोकहरुमा पहिले कहिल्यै प्रचार नभएको महान्, नवीन, अति उदार प्रणिधानहरु गर्नु भयो ॥ ६ ॥

यसपछि हे आनन्द ! भगवान् लोकेश्वरराज तथागतले वताउनु भएको कोटिनियुतशतसहस्र बुद्धक्षेत्रगुणव्यूहको संपत्तिको पूर्णता भन्दा एकासी गुणा अधिक अप्रमेय, आर्य तथा उत्तम बुद्धक्षेत्रगुणव्यूहहरुको पूर्णता धर्माकरले आफ्नो मनमा प्राप्त गर्नु भयो । त्यसपछि धर्माकर भिक्षु तथागतको समिप जानुभई भगवानको दुवै पाँउमा शिरले बन्दना गरेर यस्तो भन्नु भयो, 'हे भगवान् । बुद्धक्षेत्रको गुणक्षेत्रव्यूहसंपत्तिलाई मैले पूर्णरुपले प्राप्त गरि सकेको छु ।' हे आनन्द ! त्यसपछि लोकेश्वरराज तथागतले धर्माकर भिक्षुलाई भन्नु भयो, 'हे भिक्षु ! यो सभालाई धर्मप्रवचन दिई प्रसन्न पारिदेऊ । तिमीलाई तथागतको स्वीकृति प्राप्त छ । यहि उपयुक्त समय हो । हे भिक्षु ! धर्मसभालाई खुसी पार, धर्मको सिँहनादलाई गुञ्जन दिनु जसले गर्दा त्यो उपदेश सुन्ने बोधिसत्त्वहरु, महासत्त्वहरुले भविष्यमा यस्तै किसिमका बुद्धक्षेत्रका गुण ब्यूह सम्पत्ति र प्रणिधानका बिषयहरु ग्रहण गर्न सक्ने छन् ।' हे आनन्द ! यसपछि धर्माकर भिक्षुले त्यसवखत भगवान बुद्धलाई यस्तो भन्नु भयो, 'भगवान बुद्धले कृपया मेरो कुरा सुन्नहोस् । मेरा विशेष प्रकारका प्रणिधानहरु अनुरुप कसरी मैले अनुत्तर सम्यक सम्बोधिको ज्ञानलाई प्राप्त गरेको छु, र मेरो आफ्नै बुद्ध क्षेत्र कसरी अचिन्तनीय गुण रुपी अलङ्कारले युक्त भएको हुनेछ कृपया सुन्नुहोस् ॥ ७ ॥

१. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा नरक वा तिर्यक योनि वा प्रेतविषय वा असुर देह हुन्छ भने, मैले सम्यक् सम्बोधि ज्ञानलाई प्राप्त गर्ने छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा जन्मने प्राणीहरु फेरि नरक वा तिर्यक योनि नरक वा प्रेतविषय वा असुर देहमा पतन हुन्छ भने मैले अनुत्तर सम्यकसम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

३. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा जन्मने प्राणीहरु सबै एकै वर्णका वा सुवर्ण वर्णका नभएमा, मैले अनुत्तर सम्बोधिज्ञान प्राप्त गर्ने छैनं ।

४. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा व्यवहारमा गिन्ती गरिँदा बाहेक देवताहरु र मानिसहरुलाई भिन्न किसिमले चिनिन्छन् भने त्यसबेला सम्म मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

५. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा जन्मने प्राणीहरु सबैमा ऋद्धि वशिताको परम पारमिता नभएमा, वा उनीहरुले त्यसको वलले अन्त्यमा एकचित्तको क्षणिक बलले कोटी नियुत्त शतसहस्त्र बुद्धभूमिलाई अतिक्रमण गर्न सक्ने नभएमा मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

६. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा जन्मने प्राणीहरु सबैमा पूर्व जन्मको स्मरण नभएमा, यतिसम्म कि कल्प कोटि नियुत शत सहस्र काल सम्म स्मरण गर्न सक्ने न भएमा मैले अनुत्तरसम्यक्सम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

७. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा जन्मने प्राणीहरु सबैलाई दिव्यचक्षु लाभ न भएमा वा यति सम्म कि कोटि नियूत शत सहस्र बुद्धभूमि दर्शन गर्न सक्ने न भएमा मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

८. हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा जुन प्राणीहरु जन्मेका होलान् । ती सबै प्राणीहरुले दिव्यश्रोत्र लाभ न भएमा यति सम्म कि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोटि नियुत्त शत सहस्र बुद्धभूमिमा एकैपल्ट बुद्धका सद्धर्म सुन्न न सकेमा मैले अनुत्तर सम्यक्सबोधिज्ञान प्राप्त गर्ने छैन ।

९. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा जन्मने प्राणीहरु सबैले एक अर्काको मनको कुरा जान्न सिपालु नभएमा यतिसम्म कि कोटिनियुत्त शत सहस्र संख्यामा प्राणीहरुको चिन्तनको चरित्र थाहा नपाउने भएमा त्यसबेलासम्म मैले अनुत्तर सम्यक्सम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

१०. "हे भगवान् । यदि मेरो त्यस बुद्धक्षेत्रमा प्राणीहरु जन्मने सबैमा परिग्रहको संज्ञा उत्पन्न नभएमा यहाँसम्म कि आफ्नो शरीरमा समेत परिग्रहको संज्ञा उत्पन्न नभएसम्म मैले अनुत्तर सम्यक् सम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

११. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा जन्मने प्राणीहरु सबै नियती वा परमार्थधर्ममा प्रतिष्ठित नभएमा, यतिसम्म कि उनीहरु सम्यकरुपले महापरिनिर्वाणमा नपुगुञ्जेलसम्म, मैले अनुत्तर सम्यक सम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

१२. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा मैले अनुत्तर सम्बोधिज्ञान प्राप्त गरिसकेपछि कुनै प्राणीले श्रावकहरुको संख्याको गन्न सक्ने भएसम्म त्रिसाहस्र महासाहस्र लोक धातु मा रहेका सबै प्राणीहरु प्रत्येकबुद्ध भइ सकेपछि कल्पकोटिनियुत शत सहस्र संख्याकल्प सम्म गणना गर्न सकिने भएसम्म मैले अनुत्तर सम्यक् सम्बोधि प्राप्त गर्ने छैन ।

१३. "हे भगवान् । मेरो त्यस बुद्धक्षेत्रमा मैले अनुत्तर सम्यक सम्बोधिज्ञान गरिसकेपछि मेरो प्रभाका प्रमाण नाप्न सकिन्छ भने यतिसम्म कि कोटिनियुत शत सहस्र संख्याको बुद्धक्षेत्र प्रमाणले नाप्न सकिन्छ भने मैले अनुत्तर सम्यक्सम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१४. "हे भगवान्। यदि मेरो त्यस बुद्धक्षेत्रमा मैले अनुत्तर सम्यकसम्बोधि ज्ञान प्राप्त गरिसके पछि पनि त्यहांका प्राणिहरुको आयुको प्रमाण उनीहरुकै प्रणिधान बलले बाहेक अन्य किसिमले नाप्न सकिने हुन्छ भने मैले अनुत्तर सम्यक सम्बोधिज्ञान प्राप्त गर्ने छैन।

१५. "हे भगवान् ! यदि मैले बोधिज्ञान पाईसकेपछि मेरो आयुको प्रमाण सीमित हुन्छ भने, यति सम्म कि शतसहस्रनियुतकोटिसम्मको भएपनि, मैले अनुत्तर सम्यक् सम्बोधि प्राप्त गर्ने छैन।

१६. "हे भगवान् ! यदि मेरो त्यस बुद्धक्षेत्रमा मेरो बोधिज्ञान प्राप्त पश्चात प्राणीहरुका अकुशल कर्महरुको नाम मात्र पनि रहेमा मैले अनुत्तर सम्यक्सम्बोधिज्ञान प्राप्त गर्ने छैन।

१७. "हे भगवान् ! यदि मैले बोधिज्ञान प्राप्त गरिसकेपछि असंख्य तथा अप्रमेय बुद्धभूमिहरुमा रहेका बुद्धहरुले मेरो नाउँको कीर्तन गर्ने वा प्रशंसा गर्ने र उच्चारण गर्ने नभएमा मैले अनुत्तर सम्यक्सम्यक् संबोधिज्ञान प्राप्त गर्ने छैन।

१८. "हे भगवान् ! यदि मैले बोधि प्राप्त गरि सकेपछि पनि अरु बुद्धक्षेत्रहरुमा रहेका प्राणीहरुले अनुत्तर सम्यकसम्वोधिज्ञानमा आफ्नो चित्तलाई निर्देशित गरी मेरो नाम सुनेर प्रसन्न चित्तले मलाई संस्मरण गर्छन्, त्यसपछि मेरो नाम स्मरण गरेकाहरुको मृत्युकाल आइपुग्दा उनीहरुको चित्त नखल्बल्याउन भिक्षु संघले घेरिएर म उनीहरुको सामु प्रकट हुन सकिन भने मैले अनुत्तर सम्यकसंबोधिज्ञान प्राप्त गर्ने छैन।

१९. "हे भगवान् ! मैले बोधिप्राप्त गरि सकेपछि अप्रमेय र असंख्य बुद्धभूमिहरुमा रहेका प्राणीहरुले मेरो नाम सुनेर मेरो त्यस बुद्धभूमिमा जन्मन आफ्नो चित्त त्यतातिर पठाउँछन् र त्यही उनीहरुको जन्म होस्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्ने उद्देश्यले आफ्ना सारा कुशलमूलहरु परिपूर्ण गर्दा पनि यदि ती प्राणीहरुको जन्म मेरो त्यस बुद्धक्षेत्रमा हुन सकेन भने यहाँसम्म कि पञ्च महा पाप गरेका र सद्धर्मलाई आक्षेप एवं उपेक्षा गरेका प्राणीहरु बाहेक अन्य प्राणीहरुले मेरो त्यस बुद्धक्षेत्रको विचार दश पटकसम्म मात्र गरेमा पनि उनीहरुको जन्म त्यस बुद्धक्षेत्रमा हुन सकेन भने मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

२०. "हे भगवान् ! यदि मैले बोधि प्राप्त गरि सकेपछि बोधिज्ञान प्राप्तिको लागी धर्मको कवच धारण गरेका, सबै प्राणीहरुका हित अर्थ बुझेका, सवै प्राणीहरुको हितको निम्ति समर्पित, सव प्राणीहरुलाई निर्वाण दिलाउने कार्यमा लागेका, सबै बुद्धभूमिहरुमा बोधिसत्त्वचर्या पालन गर्ने इच्छा भएका, सवै बुद्धहरुलाइ सेवा गर्न तत्पर हुने, गङ्गानदीको वालुवा समान असंख्य प्राणीहरुलाई अनुत्तर सम्यक्संबोधिज्ञानमा पुऱ्याउन चाहने वा ती सबैभन्दा माथिका चर्यामा लागेका, समन्तभद्र चर्याको अभ्यासमा पारंगत भएका, विशेष प्रणिधानहरु गर्ने बोधिसत्व महासत्वहरु बाहेक अन्य मेरो बुद्धक्षेत्रमा जन्मने प्राणीहरु सबैले अनुत्तर सम्यकसम्बोधि प्राप्त गर्नु अघि एउटै जन्म मात्र लिनु पर्ने नभएमा मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

२१. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि मेरा बुद्धक्षेत्रमा जन्मेका बोधिसत्त्वहरु सबैले प्रातकालीन भोजन सिध्याएर बुद्धको अनुभावले अरु बुद्धभूमिहरुमा गएर धेरै शयौं संख्याका बुद्धहरु, धेरै हजारौं संख्यामा बुद्धहरु, धेरै शतसहस्रबुद्धहरु धेरैकोटि बुद्धहरु यतिसम्म कि कोटिनियुत शतसहस्र बुद्धहरुलाई सबै प्रकारका सुखशयलहरु दिने वस्तुहरुले पूजा गर्न सक्ने नभए मैले सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२२. "हे भगवान् ! यदि मैले बोधि प्राप्त गरिसकेपछि मेरो बुद्धक्षेत्रमा जन्मेका बोधिसत्त्वहरुले आफूले चिताएकै आकार रुप जस्तै सुन, चांदी, मणि, मोति, पन्ना, शंख, मुगा, फटकरी, मुसार, गल्ब, रातो मोती, अरु सबै प्रकारका रत्नहरुको आकारमा आफ्ना पुण्यसमूहलाई वृद्धि गर्ने इच्छा राख्दैनन वा सबै प्रकारका सुगन्धित फुलका मालाहरु, लेपन गर्ने वस्तु, धूप, चूर्ण, चीवर, छत्र, ध्वजा पताका र बत्तीहरुले अथवा सबै प्रकारको नृत्य, गीत र बाद्यहरु यी सबै दानदिने सामग्रीहरु उनीहरुले मनमा चिताउनेवित्तिकै प्रकट भइदिएन भने मैले अनुत्तर सम्यक् संबोधिज्ञान प्राप्त गर्ने छैन ।

२३. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि मेरो बुद्धक्षेत्रमा जन्मेका प्राणीहरु सबैले सर्वज्ञज्ञानका धर्मकथाहरु उपदेश दिन सक्दैनन्, भने मैले अनुत्तरा सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन् ।

२४. "हे भगवान् ! यदि मैले बोधि प्राप्त गरि सकेपछि मेरो बुद्धक्षेत्रमा उत्पन्न बोधिसत्त्वहरुले यसरी सोच्दाहुन्, 'हामीहरुले यसै लोकधातुमा रहेर असंख्य तथा अप्रमेय बुद्धक्षेत्रहरुमा भगवान् बुद्धहरुलाई चीवर, पिण्डपात्र शयन, आसन, ग्लान प्रत्यय, औषधिका वस्तुहरुले, फुल, धूप, बत्ती, सुगन्ध, माला, पुष्प र विलेपनको चूर्ण, चीवरवस्त्र, छत्र, ध्वजा, पतपताकाहरुले, नाना प्रकारका संगीत र वाद्यहरुले रत्नहरुको वर्षा गरेर सहृदय सत्कार गर्न सकौं, मान्न सकौं, पूजा गर्न सकौं र सोच्नेवित्तिकै यी दान सामग्रीहरु उत्पन्न हुँदा ती भगवान बुद्धहरुले तिनलाई करुणापूर्वक ग्रहण गर्दैनन् भने मैले अनुत्तरा सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

२५. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि मेरो बुद्धक्षेत्रमा जन्मेका बोधिसत्त्वहरु सबैले आफूलाई बुद्धको जस्तो बल भएको ठान्दैन भने त्यसबेला सम्म मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२६. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि मेरो बुद्धक्षेत्रमा जो कुनै प्राणीले अलंकारको सौन्दर्य को सीमालाई ग्रहण गर्छन् भने वा आफ्नो दिव्य चक्षुको बलले यस बुद्धक्षेत्रमा यत्ति मात्रै सौन्दर्य छ र यत्ति मात्रै शालिनता छ भनी ठान्छन् भने मैले अनुत्तर सम्यक सम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

२७. "हे भगवान् ! यदि मैले बोधि प्राप्त गरि सकेपछि मेरो बुद्धक्षेत्रमा सानै कुशलमूलका बोधिसत्त्वले पनि कम्तीमा शय योजन सम्मको उचाइमा रहेको कुलीन सौन्दर्यता भएको बोधिवृक्षलाई देख्न सक्दैन भने मैले अनुत्तर सम्यक सम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

२८. "हे भगवान् ! यदि मैले बोधि प्राप्त गरि सकेपछि मेरो बुद्धक्षेत्रमा कुनैपनि प्राणी जन्मेपछि त्यसले धर्म उपदेश वा अध्ययन गर्दैन भने वा ती सबै प्राणीहरु प्रतिसंवित ज्ञान सम्पन्न हुँदैनन् भने मैले अनुत्तर सम्यकसंबोधिज्ञान प्राप्त गर्ने छैन ।

२९. "हे भगवान् ! जसरी सफासित टल्काएको बाटुलो ऐनामा बाटुलो मुख देखिन्छ त्यसरी नै यदि मैले बोधि प्राप्त गरिसकेपछि मेरो बुद्धक्षेत्र मा चारैतिरबाट अप्रमेय असंख्य अचिन्त्य र अतुल्य परिमाणका बुद्धभूमिहरु देख्न सकिने गरी प्रभास्वर छाएको हुँदैन भने मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

३०. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि मेरो बुद्धक्षेत्रमा विभिन्न सुगन्धित वासना आउने, सबै प्रकारका रत्नहरुद्वारा निर्मित, तथागतहरु तथा बोधिसत्वहरुको पूजा गर्नको लागि उपयुक्त सधै देव, मनुष्य तथा अरु विषयहरुलाई नाँघेर आकाशमाथि उडिरहने धूवाँ भएका धूपहरुका पात्र हुँदैनन् भने मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्दिन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३१. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि मेरो बुद्धक्षेत्रमा सधैं वर्षा भइ रहने नाना प्रकारका सुगन्धित रत्नहरुको पुष्प वृष्टि हुँदैन यस्तै सधैं मीठो स्वर निस्कने वाद्यहरुका वादलहरुको स्वर घन्केका हुँदैन भने मैले अनुत्तर सम्यक् सम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

३२. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरिसकेपछि मेरो बुद्धक्षेत्रका प्राणीहरु जसलाई उनीहरुको आफ्नै आभा बाट देख्न मात्र स्पष्ट चिन्न सकिन्छ ती प्राणीहरुमा अप्रमेय, असंख्येय अचिन्त्य र अतुल्य बुद्धभूमिहरुका देव र मनुष्यहरुको भन्दा ज्यादा सुख नभएसम्म मैले अनुत्तर सम्यक्संबोधि ज्ञान प्राप्त गर्ने छैन ।

३३. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि चारैतिर अप्रमेय, असंख्य, अचिन्त्य र अतुल्य परिमाण बुद्धक्षेत्रहरुमा रहने बोधिसत्त्वहरु र महासत्त्वहरुले मेरो नाम सुनेर, त्यो नाम श्रवण गरेको कुशल कर्मले जन्मबाट मुक्त हुँदैनन् र धारणी प्राप्त गर्दैनन् यति सम्म कि उनीहरुले पवित्र बोधिभूमि प्राप्त नगरुन्जेल सम्म मैले अनुत्तर सम्यकसंबोधिज्ञान प्राप्त गर्ने छैन ।

३४. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि चारैतिर अप्रमेय, असंख्य, अचिन्त्य र अतुल्य परिमाण भएका बुद्धभूमिहरुमा जुन आइमाइहरुले मेरो नाम सुनेर पनि होस गुमाई, बोधिचित्तलाई उत्पन्न गर्दैनन्, जन्ममुक्त भएर पनि स्त्रीस्वभावलाई पनि घृणा गर्दैनन् । जन्म पाए पनि पुनः दोस्रो स्त्री भाव धारण गर्छन् भने मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

३५. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि चारैतिर दशैदिशाहरुमा अप्रमेय, असंख्य, अचिन्त्य र अतुल्य परिमाणका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धक्षेत्रहरुका प्राणीहरुले मेरो नाम सुनेपछि पञ्चाङ्ग दण्डवत् गरेर वन्दना गर्छन्, ती प्राणीहरुलाई बोधिसत्त्व चर्यालाई पालना गरेपछि सधैं देव मनुष्यले सत्कार गर्नेछन्, त्यसो नभएसम्म मैले अनुत्तर सम्यक संबोधिज्ञान प्राप्त गर्नेछैन ।

३६. "हे भगवान् ! मैले बोधिप्राप्त गरि सकेपछि यदि कुनै बोधिसत्त्वले चीवरवस्त्रलाई धुने, सिउने, सुकाउने, वा रंगाउने काम गर्नुपर्छ भने र उनीहरुले आफैलाई चित्तजस्तै द्रुतगतिका ठान्दैनन् भने, वा तथागतहरुले दान दिएका नयाँ चीवरहरुले आफ्नो जीउ ढाकेका महसुस गर्दैनन् भने मैले अनुत्तर संबोधिज्ञान प्राप्त गर्ने छैन ।

३७. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि त्यस बुद्ध भूमिमा संगसंगै जन्मिएका प्राणीहरुले दुःखबाट मुक्त भइसकेको र तृतीय ध्यानमा पुगिसकेको अर्हत भिक्षुको जस्तो सुख प्राप्त गर्दैनन् भने मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

३८. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि त्यस बुद्धक्षेत्रमा जन्मने बोधिसत्त्वहरु सबैले मात्र कल्पना गर्नेवित्तिकै विभिन्न रत्नवृक्षहरु त्यहाँ गुणलंकारव्यूह प्रकट गर्न नसकेमा मैले अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

३९. "हे भगवान् ! यदि मैले बोधि प्राप्त गरि सकेपछि अरु बुद्धक्षेत्रमा जन्मेका बोधिसत्त्वहरुले मेरो नाम सुनेपछि पनि उनीहरुको इन्द्रियहरुको बलमा कमी हुन्छ भने मैले अनुत्तर सम्यक संबोधिज्ञान प्राप्त गर्ने छैन ।

४०. हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि अन्य बुद्ध क्षेत्रका बोधिसत्त्वहरुले मेरो नाम सुनेपछि सुविभक्तिवती नामक समाधि जागृत हुँदैन जसमा बोधिसत्वहरुले क्षण क्षणमा अप्रमेय, असंख्येय, अचिन्त्य र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतुल्य परिमाणका भगवान बुद्धहरुको दर्शन् गर्छन्, वा यदि त्यो समाधि बीचैमा भंग हुन्छ भने, त्यसबेलासम्म मैले अनुत्तर सम्यक संबोधिज्ञान प्राप्त गर्ने छैन ।

४१. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि अर्कै बुद्धक्षेत्रहरुका प्राणीहरुले मेरो नाम सुनेपछि यसको कुशलमूलले राम्रो कुलमा बोधिज्ञान नपाए सम्म फेरी जन्मदैनन् भने सम्म मैले अनुत्तर सम्यकसम्बोधिज्ञान प्राप्त गर्ने छैन ।

४२. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि अरु बुद्धक्षेत्रहरुका बोधिसत्त्वहरुले मेरो नाउँ सुनेपछि त्यो नाम सुनेको कुशल धर्मले तिनीहरुको बोधिज्ञानको प्राप्ति नभए सम्म बोधिसत्त्वको चर्या गर्नमा प्रीतिप्रामोद कुशल धर्म प्राप्त गर्दैनन् भने मैले अनुत्तर सम्यकसंबोधिज्ञान प्राप्त गर्ने छैन ।

४३. "हे भगवान् ! यदि मैले बोधि प्राप्त गरि सकेपछि अरु बुद्धभूमिहरुका बोधिसत्त्वहरुले मेरो नाम सुन्ने वित्तिकै समन्तानुगत नामक समाधि प्राप्त गर्दैनन् भने जसमा बोधिसत्त्वहरुले क्षण क्षणमा अप्रमेय, असंख्य, अचिन्त्य र अतुल्य परिमाणका भगवान बुद्धहरुलाई हृदयदेखिनै सत्कार गर्छन् । त्यो समाधि पनि बोधिमण्डप पुग्नु भन्दा अगावै विनाश भएको खण्डमा मैले अनुत्तरा सम्यक्संबोधिज्ञान प्राप्त गर्ने छैन ।

४४. "हे भगवान् ! यदि मैले बोधिप्राप्त गरि सकेपछि मेरो त्यस बुद्धभूमिमा जन्मने प्राणीहरुले सोच्नेवित्तिकै आफूले चिताएको सर्द्धम सुन्न सकेन भने मैले अनुत्तर बोधिज्ञान प्राप्त गर्नेछैन ।

४५. "हे भगवान् ! यदि मैले बोधि प्राप्त गरि सकेपछि यस बुद्धभूमिमा र अरु बुद्धभूमिहरुका बोधिसत्त्वहरुले मेरो नाउँ सुन्नेवित्तिकै अनुत्तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्यक्संवोधिज्ञान अवैवर्तिकता पाउँदैनन् भने मैले अनुत्तर सम्यक संवोधिज्ञान प्राप्त गर्ने छैन ।

४६. "हे भगवान् ! यदि मैले वोधिप्राप्त गरि सकेपछि, तथागत शास्ता भइसकेपछि बुद्धक्षेत्रहरुका मेरो नाउँ सुन्ने बोधिसत्त्वहरुले मेरो नाउँ सुन्नेवित्तिकै पहिलो, दोश्रो र तेश्रो क्षान्ति पाएका हुन्नन् भने र बुद्ध धर्म र संघहरु बाट अवैवर्तिक भएका हुन्नन् भने मैले अनुत्तर सम्यक् सम्वोधिज्ञान प्राप्त गर्ने छैन ॥ ८ ॥

यसपछि हे आनन्द ! त्यो धर्माकर नामक भिक्षुले यी यस्तै रुपका प्रणिधान विशेषहरुलाई निर्दिष्ट गरेर त्यहीं समयमा भगवान् बुद्धको कृपाले यी गाथाहरु भन्नुभयो –

'यदि मैले वोधि प्राप्त गरि सकेपछि मलाई यस्तो विशिष्ट प्रकारको प्रणिधान सुलभ नभएमा हे कुमार, हे महापुरुष, म दशबलले सम्पन्न भइ अतुलनीय र पूजनीय नहोउन् ॥ ११ ॥

'मेरो बुद्धक्षेत्र नाना प्रकारको ऐश्वर्य द्रव्यले संपन्न नभएमा म सुखपूर्वक नरकमा गइ दुःख पाउन तयार छु रत्नहरुको राजा हुन्न ॥ १२ ॥

'म बोधिमण्डपमा पुगेपछि, दशैदिशाका अनन्त बुद्धक्षेत्रहरुमा छिटटै मेरो नाम नफैलिएमा म तथागत बुद्ध भगवान दशबल प्राप्त लोकनाथ नहोउन् ॥ १३ ॥

'यदि मैले अतुलनीय तथा अनुत्तर वोधिप्राप्त गरिसके पछि पनि काम वासनामा भुलेर रमाएका छन्, स्मृति र गति न भएर वसेमा मैले यस लोकको दशबलप्राप्त शास्ता न होउन् ॥ १४ ॥

'हे नाथ, तपाइको अनन्त र अतुल्य विशाल प्रभाले दशैदिशा र विदिशाहरुका सवै बुद्धभूमिहरुलाई जगमगाइराखेको छ । तपाइले सबै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राग द्वेष र मोहलाई शान्त पारिदिनुभएको छ । नरकगतिमा रहेका धूम्रकेतुरुपी अग्निलाई पनि शान्त पारिदिनुभएको छ ॥ १५ ॥

'आफ्ना अत्यन्त ठूलाठूला आँखा तेजिलो पार्नु भै, सबै मनुष्यहरुका अज्ञानतारुपी अन्धकारलाई हटाउनु भै, सवै प्रकारका अकाल विपत्तिलाइ सम्पूर्ण रुपले उन्मुलन गर्नु भै तपाईले यस क्षेत्रतर्फ स्वर्गमा बस्ने तथा अमित ज्योतिले चम्कने देवमनुष्यहरुलाई मार्ग देखाउनुभएको छ ॥ १६ ॥

'आकाशमा चन्द्र र सूर्य जस्तै चम्कने अरु छैन, न त देवताहरुको रत्न मयी आगोको तेज नै अरु छ । हे नाथ, तपाइको परिशुद्ध आचरणरुपी शीलको अगाडि ती सम्पूर्ण प्रभा फिका भएको छ ॥ १७ ॥

'हे दुःखीतहरुको दुःख हटाउनमा श्रेष्ठ पुरुष हुनु भएका नाथ ! दिशा, विदिशाहरुमा तपाई जस्तो अरु कोहि छैन । शतसहस्र संख्यामा सम्पूर्ण कुशलधर्म तपाइंले पूर्ण गर्नु भएको छ । परिषदमा बुद्धको सिंहनाद झैं र नदी जस्तै अविरलगतिले बोल्नु हुन्छ ॥ १८ ॥

'अतितकालका स्वयम्भू जिन तथागतहरुलाई पूजा सत्कार गरेपछि अप्रमेय कोटि संख्यामा व्रत र तपस्या गरेर, ज्ञानको समूह प्राप्त गरि तपाई प्राणी मध्ये श्रेष्ठ हुनु भएको, असंख्य प्रणिधानले युक्त हुनु भएको छ ॥ १९ ॥

'जसरी भगवान् बुद्ध असङ्गज्ञानदर्शी हुनुहुन्छ र यस संसारको तीन प्रकारको ज्ञानमा निपुण हुनुहुन्छ त्यस्तैनै म पनि तथागत बुद्ध झैं दक्षिणीय र अतुल्य, उत्तम, तथा नरनायक हुन संकु ॥ २० ॥

'यदि मेरो बोधि प्राप्ति पछि मेरो प्रणिधान सफल हुनेछ भने यी सहस्रलोकधातुहरु कम्पायमान होउन् र देवताहरुको सभामा पुष्पवृष्टि होस् ॥ २१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि धरती कम्पायमान भएर पुष्पवृष्टि भयो र आकाशमा शयौं संख्यामा देव दुन्दुभिहरुको आवाज घन्किरह्यो । स्वर्गीय सुगन्धित चन्दनका धूलोहरुको वर्षा भयो, र भविष्यमा तिमी लोकमा बुद्ध हुनेछौ भन्ने एउटा आवाज सुनियो ॥ २२ ॥ ॥ ९ ॥

हे आनन्द ! बोधिसत्त्व, महासत्त्व धर्माकर भिक्षु यस्तो प्रणिधानले सम्पन्न हुनुभयो । हे आनन्द भिक्षु, ज्यादै कम बोधिसत्वहरु मात्र यस्तो प्रकारको प्रणिधानले सम्पन्न हुन्छन् । संसारमा यस्तो प्रणिधि सम्पन्न बोधिसत्वहरु कम मात्र उत्पन्न हुन्छन् । तर हुदै नभएको चाही होइन ।

हे आनन्द भिक्षु ! धर्माकर भिक्षु भगवान लोकेश्वरराज तथागत अगाडि तथा देव, मार र ब्रह्मा सम्मिलित श्रमण ब्राह्मण, प्रजागण, देव, मनुष्य र असुर सामुन्ने यस्ता विशेष प्रणिधानहरु गर्नुभएपछि यथाभूत प्रतिज्ञा ज्ञानले युक्त हुनु भयो । धर्माकर भिक्षुले यस्तै प्रकारका बुद्धभूमिको परिशुद्धिलाई र बुद्ध क्षेत्रको महिमालाई र बुद्ध क्षेत्रको उदारतालाई बयान गर्दै बोधिसत्त्वको चर्यालाई पालना गर्दै, अप्रमेय, असंख्येय, अचिन्त्य र अतुल्य अपरिमाण संख्याका कोटि, नियुत, शतसहश्रवर्षहरुसम्म कहिले पनि काम वासना, हिंसा, विहिंसा र वितर्क भावनाहरुको बारे चिन्तन गर्नुभएको छैन । कहिले पनि काम भावना, व्यापाद वा हिंसा विहिंसाको चिन्तन गर्नुभएको छैन । उहाँले कहिले पनि रुप शब्द, गन्ध रस र स्पर्श संज्ञालाई उत्पन्न गनुभएको छैन । उहाँ सुन्दर मनोरम हुनुहुन्छ, उहाँको मुहार आकर्षक छ, उहाँको राम्रो सुगन्ध छ, हृष्टपुष्ट हुनुहुन्छ, अल्प मात्र इच्छा राख्नुहुन्छ, संतुष्ट हुनुहुन्छ, विरक्त हुनुहुन्छ, उहाँमा दुष्ट स्वभाव छैन, मूर्ख हुनुहुन्न, शंकालु हुनुहुन्न, वेइमान, छलकपटी हुनुहुन्न, रोमरोममा सुख पाउनुभएकोछ, प्यारो वचन बोल्नुहुन्छ, सदैव सद्धर्मको खोजमा प्रयत्नशील हुनुहुन्छ । कर्तव्य परायण भई सबै प्राणीहरुको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हितको निम्ति बुद्ध धर्म र संघ, आचार्य, उपाध्याय र कल्याणमित्र गौरव राखी उहांले ठुलो प्रणिधान गर्नु भयो । उहां फेरी नित्य उनीहरुको सांनिध्यमा वसी बोधिसत्त्वचर्यामा लागी, कोमल, कहिल्यै नठग्ने, नदगमगाउने, गुणवान, अरुलाई सवै कुशल धर्म सम्पन्न गर्नमा अगाडि वढने, उनको आफ्नो संस्कारले अनुत्पाद विहार निर्माण गरि शून्यता, अनिमित्त, अप्रणिहित जस्ता वाक्यलाई सुरक्षितरुपले बोल्नु हुन्छ । बोधिसत्त्व चर्यालाई पालना गर्दै धर्माकर भिक्षुले सवै प्रकारको वचनलाइ त्याग्नु भइ, केहि बोले पनि, आफना वचनले आफू र अरु वा दुबैलाई हानि हुन लागेको देखेमा त्यस्तो मात्र वचनलाइ बोल्नु हुन्छ जुन काम आफू र अरुको कल्याण र सुख मात्र हुन्छ, यसरी नै प्रयुक्त भएको छ । उहांलाइ यत्ति ज्ञान थियो कि जुनसुकै ग्राम नगर, निगम जनपद राष्ट्र र राजधानीहरुमा जांदा जहिल्यै पनि रुप, शब्द, गन्ध, स्पर्श र धर्महरुको विना बाधा पूर्णरुपले विचरण गर्नुहुन्छ । उनी धर्माकर भिक्षु बोधिसत्त्वचर्यालाई पालना गर्दै आफू पनि दानपारमिताका अभ्यासमा लाग्नु भयो । अरुहरुलाई पनि त्यही दानपारमिता अभ्यास गर्नुमा प्रेरणा दिनु भयो ।

आफू पनि शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञापारमिताको अभ्यासमा लाग्नु भयो । अरुहरुलाई पनि त्यही अभ्यासमा लगाउनु भयो । जसै कुशलमूलको संग्रह युक्त भइकन जहाँ जहाँ उ जन्मिन्छ त्यहां पृथ्वीवाट अनेकन कोटि, नियुत, शत सहस्र संख्यामा निधिहरु उनको निमित्त उत्पत्ति हुन्छन् ।

धर्माकर भिक्षुले बोधिसत्त्व चर्यामा लागेको समयमा त्यत्तिबेलासम्ममा उनले अप्रमेय र असंख्य प्राणीहरुलाई कोटि, नियुत, शतसहस्रसंख्यामा अनुत्तरा सम्यक्संबोधिज्ञानमा प्रतिष्ठापन गरि दिनु भयो यो संख्याको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सीमा थाहा पाउनु भनेर साध्य छैन । त्यत्तिका अप्रमेय र असंख्य वुद्ध भगवानहरुलाई ती प्राणीहरुले सत्कारगरिएका, गुरु मानिएका पूजा गरीएका छन । स्पर्श मात्रले आनन्द दायक हुने वस्तुहरु जस्तै चीवर, पिण्डपात्र, शयन आसन, ग्लान र प्रत्यय भैषज्यका सामग्रीहरु उत्पादन हुने छन् । कति संख्यामा प्राणीहरुलाई उच्च कुलका ब्राह्मण, कसैलाई क्षत्री, कसैलाई अमात्य कसैलाई महाजन, गृहस्थी मा प्रतिष्ठापन गराइ दिनु भयो । ती प्राणीहरुलाई वचनले मात्र भनेर जान्न सजिलो छैन । यसरीनै यिनीहरुलाई जम्बुद्वीपका राजाहरुका अवस्थामा समेत पुऱ्याईदिनु भयो । यस्तै चक्रवर्तीराजा को रुपमा, लोकपालको रुपमा, इन्द्रको रुपमा, सुयाम देवको रुपमा, तुषितादेवको रुपमा, परनिर्मित देवको रुपमा वसवर्ती देवको रुपमा, देवराजको रुपमा र महाब्रह्मात्वका रुपमा समेत पुऱ्याई दिनु भयो । त्यसबेलासम्म अप्रमेय र असंख्य संख्याका बुद्धभगवानहरुलाई धर्माकर भिक्षुले सत्कार गरि, गुरु मानि र पूजा गरि चीवर, पिण्डपात्र, शयन, आसन, ग्लान, प्रत्यय र भैषज्यका सामग्रीहरुले हरतरहले सुख दिने आनन्दसंग बस्न पाउने गरि व्यवस्था गरिदिनु भयो । यत्तिसम्म भनेर सीमा तोकेर वचनले भन्नु सजिलो छैन ।

फेरी जम्वूद्वीपका स्वामीको रुपमा, चक्रवर्त्तीको रुपमा, लोकपालको रुपमा, शक्रको रुपमा, तुषितदेवको रुपमा, निर्मितदेवको रुपमा, वशवर्तीदेवको रुपमा, देवराजको रुपमा महाब्रम्हाको रुपमा प्रतिष्ठापन गर्नु भयो । त्यसवेला सम्म असंख्य, अप्रमाणका भगवान बुद्धहरुलाई सत्कार गरि, गुरु मानी पूजा गरि, धर्मचक्र प्रवर्तनको लागी अनुरोध गरियो त्यसलाई यत्तिसम्म भनेर सीमा तोकेर वचनले भन्नु सजिलो छैन । वोधिसत्वको चर्या गर्दागर्दै वहांले यत्तिसम्म पुण्यसंभार गर्नु भएको छ कि अप्रमाण, असंख्य, अचिन्त्य, अतुल्य, माप गर्न नसकिने,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपरिमाण, प्राप्त गर्न नसकिने, कल्पकोटिनियुत शतसहस्र वर्षसम्म मुखवाट अति मगमग वासना आउने दिव्य चन्दनको वासनालाई नाघि मुखबाट वास आइरहेको छ । शरीरका सबै रोमका प्वालहरुबाट कमलको वासना आइरहेको छ । उनलाई हेर्दा सुन्दर, तेजस्वी, धेरै राम्रो वर्णको, कमलले फुलको वासनाले युक्त भएको, आत्मीय लक्षण र व्यञ्जनले अलंकृत भएको हुनु हुन्थ्यो । उनी धर्माकर भिक्षुको रोमकूप र दुबै हत्केलाबाट हरप्रकारका रत्नका अलङ्कारहरु, सबै प्रकारका चीवरवस्त्र लगाएका हारमाला लगाएका, सबै प्रकारका फूल, धूपका सुगन्ध, फूलमालाहरु यस्तै विलेपन वस्तु, छत्र, ध्वजा र पताकाहरुले सजिएको, सबै प्रकारका आकारका वाद्य संगीतहरु निस्के । सबै प्रकार का अन्न, पेयवस्तु र खाद्य भोजन र चाट्ने रसले सहित भएर उपभोग्य र परिभोग्य वस्तुहरुले युक्त भैकन दुबै हत्केलाबाट रस उत्पन्न भए । हे आनन्द, यस्तो प्रकारले उनी धर्माकर भिक्षु पहिले बोधिसत्त्वचर्या पालना गर्दै रहेको समयमा सबै प्रकारका परिकारको वश प्राप्त गर्नु भएको थियो ॥ १० ॥

यति भनी सकेपछि आयुष्मान आनन्द भिक्षुले भगवान् बुद्धलाई यस्तो भन्नु भयो ।

हे भगवान् शास्ता ! के उनी धर्माकर भिक्षु बोधिसत्त्व र महासत्त्व अनुत्तर सम्यक्संबोधिज्ञान प्राप्त गरिसकेपछि परिनिर्वाणको प्राप्ति गर्नु भयो ? वा उहांले राम्ररी अभिसंबोधिज्ञान पाउनु भएको थिएन ? वा के अहिले जिवित हुनु भइ वोधि प्राप्त गरिरहनु भएको छ ? के वहां अहिले यसबेला विराजमान भैरहेको छ, धारणा गरिरहेको छ, आफ्नो समय विताउनु भएको छ र धर्म पनि देशना गर्दै हुनु हुन्छ । भगवान् बुद्धले भन्नु भयोः– हे आनन्द ! यसो होइन, निश्चय नै फेरि उहाँ तथागत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिले निवृत हुनु भयो, न अहिले आउनु भएको हो, तर तथागत भने अनुत्तर संम्यक संबोधिज्ञान प्राप्त गरिसके पछि यसबेलासम्म रहनु भएको छ, धारणा गरिरहनु भएको छ, समय बिताउनु भएको छ । धर्म पनि देशना गरिरहनु भएको छ । यस ठाउँ देखि पश्चिम दिशामा कोटि, नियुत, शतसहस्र बुद्धक्षेत्र भन्दा पर सुखावती लोकधातुमा अमिताभ नाम गरेका तथागत भएर अर्हत सम्यंक् सम्बुद्ध भएर असंख्य बोधिसत्त्वहरुले चारैतिर घेरा दिइ असंख्य भिक्षुहरुले पूजित भइ अनन्त बुद्ध क्षेत्रको संपत्तिले युक्त भइ विराजमान हुनु हुन्छ ॥ ११ ॥

यस अमिताभ तथागतको प्रभा असंख्य छन् । जुन तथागतको प्रभाको प्रमाण पर्यन्त पाउन भनेर सजिलो छैन । यहां यत्ति शयौं बुद्ध क्षेत्रहरु छन् । यहां यत्ति हजारौं बुद्ध क्षेत्रहरु छन् । यहां यत्ति लाखौं बुद्ध क्षेत्रहरु छन । यहां यत्ति कोटियौं बुद्धक्षेत्रहरु छन् । यहां यत्ति शयकोटियौं बुद्धक्षेत्रहरु छन् । यहां यत्ति शतसहस्र कोटियौ बुद्धक्षेत्रहरु छन् । यहां यत्ति कोटिनियुत्त शतसहस्र बुद्धक्षेत्रहरु सम्म फैलिएका छन ।

हे आनन्द भिक्षु ! निश्चय नै फेरि संक्षिप्त तरिकाले भन्दा पूर्व दिशामा गङ्गा नदीका बालुवा समान कोटिनियुतशतसहस्र संख्यामा बुद्धक्षेत्रहरु उनी अमिताभ तथागत भगवानको त्यस अनन्त प्रभाले सधै चम्की रहेका हुन्छन् । यसरीनै दक्षिणदिशा पश्चिमदिशा र उत्तरदिशाहरुमा तल पाताल भूमि र माथि स्वर्ग लोकमा, दिशा र विदिशाहरुमा पनि, एउटै दिशामा चारैतिर गङ्गा र नदीका बालुवा समान जबसम्म कोटिनियुत, शतसहस्रसंख्याका बुद्धभगवानका क्षेत्रहरु त्यस अमिताभ तथागतका अनन्त प्रभाले सधैं चम्केका हुन्छन् । यसमा ती बुद्ध भगवान्हरुवाहेक जसले पूर्वप्रणिधानको अधिस्थानको कारण द्वारा आफ्नै तेजले जुन प्रभाले एक योजन लम्वाइ को छ, वा दुई, तीन, चार, पांच, दश, वीस,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीस, चालिस, पचास योजन सम्मको प्रभाले, शयौं योजनको प्रभाले, सहस्र योजनको प्रभाले, योजन शतसहस्र प्रभाले, र जवसम्म अनेक योजन कोटिनियुतशतसहस्र प्रभा अथवा लोकसम्म फैलिएर रहेका छन् ।

हे आनन्द भिक्षु ! उपमा दिने कथा बस्तु नै छैन । जसद्वारा त्यस अमिताभ तथागतको प्रभाको प्रमाण बुझ्न सकोस् । हे आनन्द भिक्षु ! त्यही कारणले गर्दा उनी तथागतलाई अभिताभ भनी भनिन्छ । उहांको नाप्नै नसक्ने प्रभा छ । अमित प्रभास छ, कहिल्यै नसकिने प्रभा छ, असंस्कृत प्रभा छ, प्रभाको टुप्पोवाट निस्केको ज्वलित प्रभा छ । जस्को प्रभा दिव्यमणिको छ, अप्रतिहत रश्मिको वर्णको प्रभा छ । राजनीय प्रभा छ । प्यारो प्रभा छ । प्रमोदनीय प्रभा छ । संगमनीय प्रभा छ । उपोषणीय प्रभा छ । निवन्धनीय प्रभा छ । अति वीर्य प्रभा छ । अतुल्य प्रभा छ । राजाको तेजलाई अतिक्रान्त गर्ने प्रभा छ । त्यतिमात्र होइन, त्रिलोकका स्वामिले धारण गर्ने प्रभा जस्ले चन्द्र र सूर्यको प्रभालाई लजाइदिन्छ, अझ त्यस्तो प्रभा जस्ले लोकपाल इन्द्र, ब्रह्मा, शुद्धावास कायिका देवगण, महेश्वर सहित सम्पूर्ण देवताहरुको तेजलाई लजाई दिने भएको प्रभा भनि भनेको छ । त्यो आर्यप्रभा स्वच्छ र विशाल छन्, शरीरलाई सुख आनन्द दिने । चित्तलाई आनन्द गर्ने । देव, दैत्य, नाग, यक्ष, गन्धर्व, गरुड, महोरग, किन्नर, मनुष्य र अमनुष्यहरुको प्रीति र प्रमोद सुख दिने भएको, राम्रो चित्त भएका प्राणीहरुको कल्प कुशल निर्माण भए झै, प्रमोद गर्ने भएको, जुन अरु अनन्त कालसम्म अरु बुद्ध क्षेत्रहरुमा समेत अनन्त प्रभाहरु फैलिएका छन् । हे आनन्द भिक्षु ! यही तरिकाले उनी अमिताभ तथागतको पर्याय वखानको लागि पूर्ण कल्प भर सम्म उपदेश दिन सक्ने छ, उहांको तथागत अमिताभको त्यस्तो प्रभाको गुणको सीमाना सम्म पुग्न पनि सकिदैन । न त अमिताभ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथागतको वैशारद्य मानै कमी होला । त्यो के कारणले ? यी दुवै कारण अप्रमेय, असंख्य, अचिन्त्य, तथा अनन्त छ अर्थात पहिलो तथागत अमिताभको प्रभाको अनुत्तर गुण र मैले पाएको आफनै अनुत्तर ज्ञानको प्रभा ॥ १२ ॥

हे आनन्द भिक्षु ! फेरि उनी अमिताभ तथागतको अप्रमेय संख्याका श्रावकहरुको संघ जसको प्रमाण दिन पनि सजिलो छैन । यहां यत्ति कोटिसंख्याका श्रावकहरु छन्, यति श्रावकहरुको शत कोटि संख्या छन् । यति श्रावकहरुको सहस्र कोटि संख्याका छन् । यति श्रावकहरुको शत सहस्रकोटि संख्याका छन् । यति कंकरसंख्याका छन र यति बिम्बर संख्याका छन । यति नयुतसंख्याका छन यति अयुतसंख्याका छन । यति अक्षोभ्य संख्याका छन । यति विवाहसंख्याका छन । यति स्रोतांसि संख्याका छन् । यति ओजसंख्याका छन । यति अप्रमेय संख्या छन् । यति असंख्य संख्याका छन् । यति अगण्य संख्याका छन् । यति अतुल्य संख्याका छन् । यति अचिन्त्य संख्या बुद्धक्षेत्रहरु छन् । हे आनन्द ! उदाहरणको लागी जस्तै मौङ्गल्यायन भिक्षु, उहांले ऋद्धिवशिता प्राप्त गर्नु भएको छ । यिनी भिक्षुले चाहेको खण्डमा, त्रिसाहस्र, महासाहस्र लोकधातुहरुमा जति ताराहरु र यसका किसिम छन्, ती सबैताराहरुलाई एकै दिन र रातमा शहरमा वसेर गन्न सक्नु हुन्छ । यस्तै पूकारका ऋद्धि चमत्कारहरु गर्न सक्ने कोटि, नियुत, शत, सहस्र संख्यामा मानिसहरु होलान् तिनीहरुले अरु केहि काम नगरिकन कोटि, नियुत, शतसहस वर्षसम्म गर्दा खाली अमिताभ तथागतको पहिलो संघायनको श्रावकसंघको संख्या गणना गरुन् । यसो गरे तापनि उनीहरुले शयमा एक अंशको संख्या पनि गनेको न होला । यस्तै हजारमा एक अंश, त्यस्तै लाख संख्याको एक अंश पनि गनेको न होला । यतिसम्म की एक कलापलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गनेको नहोला, उपमा लाई गनेको न होला । उपनिशालाई गनेको न होला । उस्तै हे आनन्द ! उदाहरणको लागि महासमुद्रबाट जुन व्यास तर्फ नाप्दा चौरासी हजार योजन भन्दा कम छैन त्यसमा कुनै एक पुरुषले एक रौंको अग्रभागले एकथोपा पानीको शय टुक्रा गरेको सानो भागलाई ढकेल्दा उछिट्टिएर आउला, हे आनन्द ! तिमी के ठान्छौ ? यहाँ कुनचाहि धेरै होला ? जुन शय टुक्रा गरि आएको एक सानो थोपा पानी अथवा वाँकी रहेको महासमुद्रमा रहेको पानीको थोपा ? आनन्दले भन्नुभयो:- हे भगवान् ! हजारौं योजनसम्मको पानीं महासमुद्रको सानो अंशमात्र होला होला । फेरि शय टुक्रागरिएको एक सानो पानीका थोपा को विषयमा त के कुरा ! भगवान् बुद्धले भन्नु भयो:- यत्ति सानो परिमाणका यो एक थोपा पानी भए जस्तै त्यो बुद्धको प्रथम संघायनको श्रावक संघ भयो र मौडगल्यायन जस्ता ती भिक्षुहरुले कोटि, नियुत शत र सहस्र वर्षसम्म गनेको होला तर पनि महासागरमा पानी वाँकी भए जस्तै भिक्षुहरुको संख्या गणना गर्नु बाँकी भएको होला । यस्तो हो भने फेरि अर्को के कुरा छ र ? दोश्रो संघायन र तेश्रो संघायन तथा अरु पनि श्रावकहरुको संघायन भएको होलान् । यसरी उनी तथागत भगवान्को श्रावकसंघ अप्रमेय र असंख्य संख्यामा छन् । यसरी संख्या गनेको हुन्छ ॥ १३ ॥

असंख्य छ हे आनन्द ! उनी भगवान अभिताम तथागतको आयुको प्रमाण पाउन सजिलो छैन । यति शय कल्प छन्, यति सहस्र कल्प छन्, यति शत सहस्र कल्प छन्, यति शत सहस्र कल्प कोटि संख्या छन, यति नियुतशत सहस्र कल्पकोटि संख्या छन् भनेर । हे आनन्द ! त्यसकारण उहाँ भगवान् अमिताभ तथागतको आयुको प्रमाण अपरिमित छ । त्यसैले उहाँ तथागतलाई अमितायु भनेको हो । जसरी हे आनन्द ! यस संसारमा कल्पलाई गणना गर्नको लागी संकेत दिनु पर्ने चलन छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै अहिले उहाँ तथागत अमितायु उत्पन्न भएको, वहांले अनुत्तर सम्यक् संबोधिज्ञान पाउनु भएको दश कल्प बितिसकेका छन् ॥ १४ ॥

फेरि हे आनन्द ! उहाँ अमिताभ तथागतको सुखावती नाम भएको लोकधातु सबै थोकले सम्पन्न छ, सर्वत्र फैलिएको छ, कल्याणकारी छ, सहकालको छ, रमणीय छ, सबैतिर धेरै देव गण र मनुष्यगणले भरिएको छ। हे आनन्द भिक्षु ! त्यस लोकधातुमा न त नरक छ, न तिर्यक योनि, न, प्रेतहरु, न असुर योनी, न अक्षण काय नै। ती रत्नहरु यस लोकमा त्यत्ति देखा पर्दैन जुन रत्नहरु सुखावती भुवनमा सजिलै पाउँछन् ॥ १५ ॥

हे आनन्द भिक्षु ! निश्चयनै त्यो सुखावती लोकधातुमा नानाप्रकारका सुगन्ध बास आइरहने हुन्छ। नाना प्रकारका फूल र फल फल्ने वृक्षहरुले भरी भराउ भएको हुन्छ। रत्न फल्ने रुखहरुले सुशोभित छन्। तथागत भगवानले विशेष कामको लागी निर्माण गर्नु भएको सुन्दर स्वर भएका धेरै चराहरुको समूह छन्। हे आनन्द भिक्षु ! ती रत्नका वृक्षहरु नानावर्णका छन्, अनेकरंगका छन्, अनेक शत सहस्र रंगका छन्। त्यस लोकधातुमा सुनका जस्तै वर्णभएका सुवर्णमय धेरै रत्नका वृक्षहरु छन्। चाँदीको रंगजस्ता सेतो रत्नवृक्षहरु छन्। वैदूर्यको रंग जस्ता वैदूर्यमय रत्नवृक्षहरु छन्। स्फटिकवर्ण जस्ता स्फटिकमय रत्नवृक्षहरु छन्। मुसारगल्व वर्ण भएका मुसारगर्भमयी रत्नवृक्षहरु छन्। रातो मुगाको जस्तै लोहितमुक्तामय रत्नवृक्षहरु छन्। पत्थरका जस्तै वर्ण भएका अश्मगर्भमय रत्नवृक्षहरु छन्। कुनै दूई रत्नमध्ये एउटा सुवर्ण र अर्को चाँदीको छ। तीन रत्नहरु मध्ये सुवर्ण, चाँदी र वैदूर्यका छ। चार र त्नहरु मध्ये सुवर्ण, चाँदी, पन्ना र स्फटिकको छ। पाँच रत्नहरु मध्ये सुवर्ण, रौप्य, वैदूर्य, स्फटिक, मुसारगल्व र रातो मुगाको छन्। छः रत्नहरुमध्ये सुवर्ण, चाँदी, पन्ना, स्फटिक, मुसारगल्व, रातो मुगाका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन् । सप्तरत्नहरु मध्ये सुवर्ण, चाँदी, पन्ना, स्फटिक, मुसारगल्व, रातो मुगा, र सातौं हीराका छन् । हे आनन्द भिक्षु ! त्यस लोकधातुमा सुवर्णमय वृक्षहरुको सुवर्णमय जरा, काँढा, सानो र ठूलो हाँगा, पात र फूलहरु छन्, चांदिका फलहरु फलेका छन् । चांदिका वृक्षहरुको चाँदी जस्तै टल्किने जरा, स्कन्ध, ठूला र साना हाँगा, पत्रहरु र फूलहरु फुलेका छन् । वैदूर्यमय फलहरु फलेका छन् । वैदूर्यमय रुखहरुको वैदूर्यमयका जरा, स्कन्ध, ठूला र साना रुखका हांगा, पत्रहरु र फूलहरु फुलेका छन्, स्फटिक जस्तै टल्ल टल्किने फलहरु फलेका छन् । स्फटिकमय वृक्षहरुमध्ये स्फटिक जस्तै देखिने जरा, स्कन्ध, ठुला र साना हांगा भएका पत्रहरु र फुलहरु फुलेका रत्नवृक्षहरु छन् । मुसार गल्वको फल फलेका छन् । मुसारगल्व वृक्षहरुमध्ये मुसार गल्व तुल्य जरा, स्कन्ध, साना र ठूला हांगा भएकाहरु पत्रहरु र फूलहरु फुलेका छन् । राता मुगा जस्तै रंग भएका फलहरु पनि फलेका छन् । राता मुगा समान वृक्षहरु मध्ये राता मुगा समान नै भएका मूल, स्कन्ध, ठूला र साना हांगाहरु पत्रहरु र फूलहरु फुलेका छन् । अश्मगर्भसमान फलहरु पनि फलेका छन् । अश्मगर्भतुल्य रत्न जस्तै वृक्षहरुमध्ये अश्मगर्भ समानका मूल, स्कन्धे ठूला र साना हांगा भएका छन् । पत्रहरु फूलहरु फुलेका छन्, सुवर्णमय फलहरु फलेका छन् ।

हे आनन्द भिक्षु ! कुनै कुनै वृक्षहरुको सुवर्णमय जराहरु छन् चाँदी समान स्कन्धहरु छन् । पन्नासमान मूलशाखाहरु छन् । स्फटिक समान ससाना शाखाहरु छन् । मुसारगल्वजस्तै पत्रहरु छन् । राता मोति जस्तै फूलहरु फुलेका छन् । अश्मगर्भमय फलहरु फलेका छन् ।

हे आनन्द भिक्षु ! कुनै कुनै रुखहरुमध्ये यस्ता पनि रुखहरु छन् जुन रुखका जराहरु चाँदीका छन् । पन्ना जस्तै रंगका स्कन्धहरु छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्फटिक जस्ता मूलशाखाहरु छन् । मुसार गल्वका ससाना शाखाहरु फैलिएका छन् । राता मोति जस्तै रंगका पत्रहरु छन् । अश्मगर्भमय फूलहरु फुलेका छन् । सुवर्णमय फलहरु फलेका छन् ।

हे आनन्द भिक्षु ! कुनै कुनै रुखहरु यस्ता छन कि- जुन रुखहरुको जराहरु वैदूर्यमय छन् । स्कन्धहरु स्फटिकजस्ता स्वच्छ छन् । ठूला हांगाहरु मुसारगल्व जस्तै देखिन्छन् । साना हांगाहरु राता मोति समान देखिन्छन् । पत्रहरु अश्मगर्भमय समान छन् । फूलहरु सुवर्णमय छन् । चांदिका फलहरु छन् ।

हे आनन्द भिक्षु ! कुनै रुखहरु यस्ता छन कि जुन रुखका जराहरु स्फटिक समान छन् । स्कन्धहरु मुसारगल्व जस्तै छन् । ठूला हांगाहरु रातामुगा समानछन् । साना हांगाहरु अश्मगर्भमय छन् । पत्रहरु चादिं जस्तै देखिन्छन फलहरु पन्नासमान देखिन्छन् ।

हे आनन्द भिक्षु ! कुनै रुखहरु यस्ता छन् कि - जुन रुखका जराहरु मुसारगल्वसमान छन् । स्कन्धहरु राता मुगा समान छन् । ठूला हांगाहरु अश्मगर्भ समान छन् । साना हांगाहरु सुवर्णमय छन् । पत्रहरु रौप्यमय छन् । फूलहरु पन्नासमान छन् । फलहरु पनि स्फटिकसमान उज्वल छन् ।

हे आनन्द भिक्षु ! कुनै रुखहरु यस्ता छन् कि जुन रुखहरुको जराहरु राता मुगा समान देखिन्छन् । स्कन्धहरु अश्मगर्भसमान छन् । मूल हांगाहरु सुवर्णजस्तै टल्केका देखिन्छन् । शाखाहरु चाँदी जस्तै टल्किने र सेता देखिन्छन् । पत्रहरु पन्नाजस्तै सुन्दर देखिन्छन् । फुलहरु स्फटिकसमान स्वच्छ देखिन्छन्, फलहरु मुसारगल्व समान देखिन्छन् ।

हे आनन्द भिक्षु ! कनै रुखहरु यस्ता छन् कि जुन रुखहरुको जराहरु अश्मगर्भसमान छन् । स्कन्धहरु सुवर्णमय छन् । ठुला हांगाहरु चांदीसमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन्, शाखाहरु पन्नासमान सुन्दर देखिन्छन । पत्रहरु स्फटिक जस्तै स्वच्छ र सेता देखिन्छन् फूलहरु मुसारगल्वसमान छन् । फलहरु राता मुगा समान देखिन्छन् ।

हे आनन्द भिक्षु ! कुनै रुखहरु यस्ता छन् कि जुनरुखका जराहरु सप्तरत्न समान छन्, स्कन्धहरु पनि सप्तरत्नमय समानै छन् ठूला हांगाहरु पनि सप्तरत्नमय समान छन्, शाखाहरु पनि सप्तरत्नमय समान छन्, पत्रहरुपनि सप्तरत्नमय समान् छन्, फुलहरु पनि सप्तरत्नमय समानै छन् । र फलहरु पनि सप्तरत्नमय समान नै छन् । हे आनन्द भिक्षु ! ती सबै रुखहरुको जरा, स्कन्ध, ठुला हांगा, शाखा, पत्र, पुष्प र फलहरु सुखले स्पर्श गर्न योग्य छन, सुगन्धित छन् । हावा सररर बगेर आउँदा ती रुखहरुको वाट आनन्दित सुमधुर आवाज आउंछ, स्वर सुन्नको लागि अप्रतिकुल नभएको र कहिल्यै न थाकिने प्रकारको छ । हे आनन्द भिक्षु ! यस्ता सप्तरत्नमय रुखहरुले सधैनैं त्यो बुद्ध भूमिको चारैतिर घेरिएको देखिन्छ केराका खम्बाहरु सप्तरत्नमय देखिन्छन् । सप्तरत्नमय ताडवृक्षहरु पंक्तिबद्ध भै देखिन्छन् । चारैतिर सुवर्ण जालले घेरि संवै प्रकारका रत्नहरुले वनेको कमलको फुलले ढाकिएको देखिन्छन् । त्यस बुद्धक्षेत्रमा कमलका फूलहरु आधा योजन प्रमाण सम्म छन् । एक योजन प्रमाण सम्म फैलिएका छन् । त्यस्तै गरि दुई, तीन, चार र पाँच योजन प्रमाण सम्म छन् । दशयोजन प्रमाण सम्म पनि छन् । त्यस बुद्धक्षेत्रको चारैतिर रत्नमय कमलको फूलबाट ३६ कोटि, शतसहस्र रश्मिहरु निस्केका हुन्छन् । चारैतिर रश्मिको मुखबाट ३६ शत सहस्र कोटिसंख्याका सुवर्णमय बुद्धहरु निस्कन्छन् । ती सवै सुवर्णमय ३२ लक्षणले युक्त महापुरुषको शरीरहरु देखिन्छन् । जुन रश्मिहरु पूर्वदिशामा अप्रमेय, असंख्य बुद्धभूमिहरुमा गएर प्राणीहरुलाई धर्म देशना गरी रहेका हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तै दक्षिण, पश्चिम, र उत्तर दिशाहरुमा, पाताललोक र स्वर्गलोक सबै दिशा र विदिशाहरुमा अप्रमेय र असंख्य लोकधातुहरुमा गएर सबै प्राणीहरुलाई धर्म देशना गरीरहेका हुन्छन् ॥ १६ ॥

हे आनन्द भिक्षु ! फेरि त्यस बुद्धक्षेत्रमा कुनै काला पर्वतहरु छैनन् । न सवैतिर रत्नपर्वतहरु छन्, न त सुमेरु पर्वतराजहरु छन्, न त सबै चक्रवाल महाचक्रवाल र पर्वतराजहरु छन् । त्यो बुद्धक्षेत्र चारैतिर समतल भूमि छ, रमाइलो छ, हत्केलाको वान्कि जस्तै नानाप्रकारका रत्नका मणिहरु तथा निधिको भूमि भाग कोरिएका छन् । यति भन्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई यस्तो भन्नुभयो- हे भगवान् । तर यस्तो भए यी जुन चतुर्महाराज कहलिएका देवताहरु जो सुमेरुपर्वत नजिक वस्नु भएका छन्, र त्रायस्त्रिंश देवताहरु जो अतिअग्लो सुमेरुपर्वतमाथि बस्नु भएका छन् । तिनीहरु यहां कुन ठाउमा वस्छ होलान् त ? भगवानले भन्नुभयो:- हे आनन्द भिक्षु ! के तिमी ठान्दछौ ? जुन यी देवताहरु सुमेरु पर्वतराजको माथितिर यामा नाम भएका देवताहरु, यस्तै तुषिता, निर्माणरति, परनिर्मित वशवर्ती, ब्रह्माकायिक, ब्रह्मापुरोहित, महाब्रह्माहरु लगायत अकनिष्ठभुवन सम्ममा रहनु भएको छ वा यिनीहरु सवै कुन ठाउँमा रहेका छन ? आनन्दले भन्नुभयो- हे भगवान् ! कर्मको विपाकफल र अभिसंस्कार चिन्तन गर्न नसकिने स्वभावको छ । भगवानले भन्नुभयो- हे आनन्द भिक्षु ! तिमीलाई ज्ञान छ यस मर्त्यलोकमा कर्म को विपाक फल तथा कर्मको अभिसंस्कार अचिन्त्य छ । तर बुद्ध भगवानहरुलाई बुद्धहरुको अधिष्ठान र तथा प्राणीहरुले गरेको कुशलमूल अचिन्त्य भने हुँदैन । पुण्यात्माहरुको कुशलमूल अचिन्त्य नै देखिन्छ । आनन्द भिक्षुले भन्नुभयो- हे भगवान् ! यहाँ मेरो कुनै इच्छा छैन । शंका वा विचिकित्सा पनि केही छैन । तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निश्चयनै म भविष्यमा आउने प्राणीहरुको इच्छा, विमति, र विचिकित्सा लाई निर्मूल पार्न तथागत बुद्धलाई यही कारण सोध्छुं । भगवानले भन्नुभयो- साधु साधु हे आनन्द ! तिमीले यस्तै गर्नुपर्छ ॥ १७ ॥

हे आनन्द ! त्यस सुखावती लोकधातुमा नानाप्रकारका नदीहरु बगेका छन् । त्यस सुखावती भुवनमा योजन सम्म फैलिएका ठूला ठूला नदीहरु छन् । त्यहां बीस, तीस, चालीस, पचासयोजन सम्म फैलिएका नदीहरु छन् । ती बाऱ्ह योजन सम्म गहिरा छन् । ती सबै सुखपूर्वक बगिरहने नदीहरु हुन । नाना प्रकारका सुगन्ध बास आउने पानी वाहक हुन् । धेरै प्रकारका रत्नहरुले अलंकृत फूलहरु वोकेर आउने नदीहरु हुन् । ती नदीहरु मधुरस्वरले गुञ्जायमान छन् । हे आनन्द ! ती नदीहरुको कोटिशतसहस्र अङ्गले संयुक्तभएका स्वर्गीय संगीतले मुर्च्छित हुने कुशल वादकहरुले बजाईने बाजाका सुमधुरस्वर छ । ती जस्तै नदीहरुवाट आबाज आइरहेको छ, ती स्वरहरु गम्भीर, अज्ञात छन्, र विशेष तरिकाले पनि थाहा नपाउने, स्पष्ट, कर्णप्रिय, हृदयस्पर्शी, आनन्द दिने, प्रेम गर्न योग्य, राम्रो र सुन्दर, सेचन गर्नु न पर्ने, सुन्नलाई अनुकूल, सधैं मनलाई शान्तिदिने खालको, सुखपूर्वक सुन्न योग्य छ । यस्ता स्वर जसले अशास्वत, शान्त र अनित्य जस्ता स्वरहरु ती प्राणीहरुको कानमा आभास भइरहेको हुन्छ ।

हे आनन्द भिक्षु ! ती महानदीहरुको दायाँ बायाँका किनारहरु नानप्रकारका सुगन्ध आउने रत्नवृक्षहरुले घेरिएका छन् । जुन रत्नवृक्षहरुबाट नानाप्रकारका हांगा, पत्र र फूलहरु तल झुण्डिएका हुन्छन् । त्यस लोकधातुमा यदि प्राणीहरु नदीका किनारहरुमा स्वर्गीय रतिक्रीडाको ईच्छा गर्दछन् भने नदीमा खुट्टा टेकने वित्तिकै पानी कुर्कुचा सम्म माथि उठछन्, वा उनीहरुले चाहेमा वा इच्छा गरेमा पानी घूंडा सम्म माथि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उठछन्, वा जांघसम्म पानी उठन चाहन्छन् भने वा कान सम्म उठेको चाहन्छन् भने सो त्यहि अनुरुप हुन्छन र सो दिव्यरतिको अनुभव गर्छन् । त्यस पोखरीमा जुन प्राणीहरुले शीतल पानी होस भनी इच्छा गर्छ भने त्यो पानी शीतल पनि हुन्छ । जसले तातो पानी होस भनी इच्छा गर्छ भने त्यो तातो पानी पनि हुन्छ । जसले त्यो मनतातो होस भनी इच्छा गर्छ भने उनीहरु आफ्नो इच्छानुसार त्यो पानी मनतातो भइदिन्छ । ती महानदीहरु स्वर्गीय तमाल वृक्षको पत्र, अगरु र श्रीखण्ड, चन्दन को राम्रो र मीठो सुगन्ध वास आउने भरिएको भई बग्दछन् । दिव्य, उत्पल, कमल र नीलकमल एवं पुण्डरीक कमलको सुगन्ध आउने फूलहरुले ढाकिएका हुन्छन् । जहां जलहंस, सारस, कौञ्च, चखेवा, बकुल्ला, सुगा, शारिक, कोइली, कुणाल, कलविङ्क र मुजुर आदिको सुन्दरस्वर हुने चराहरुले युक्त भएको तथागतबुद्धहरुले निर्माण गर्नुभएको पंक्षीहरुको समूहले सेवित भएकोले आनन्दित भएको छ । धृतराष्ट्रहरुले शोभा दिएका उपतीर्थहरु पनि छन् । जुन उपतीर्थहरुमा हिलो पटक्कै छैन, त्यस्तो तीर्थहरुमा सुवर्णरंगका वालुवाहरुले भरिएका छन् । त्यसतीर्थमा जुन प्राणीहरु जे इच्छा गर्छन्, हामीहरुको मनको अभिप्राय कस्तो छ त्यही अभिप्राय पूरा हुन्छन् । त्यसबेला ती प्राणीहरुको त्यस्तो मनका इच्छाहरु परिपूर्ण हुन्छन् ।

हे आनन्द भिक्षु ! त्यो पानी सुमधुर शब्द निकाली बगिरहेको छ । जुन शब्दद्वारा चारैतिर बुद्धक्षेत्रहरु चिनिन्छ । जुन प्राणीहरु नदीको किनारमा बसेर यस्तो इच्छा गर्छन् । हामीहरुको यो शब्द कानले सुनेको आभास नआईदिओस् । ती प्राणीहरुको दिव्यश्रोत्र भएपनि सुनेको आभास आउदैन । जसले जस्तो शब्द सुन्न इच्छा गर्छ, त्यस्तै रुपको राम्रो शब्द सुन्छ । त्यस्तै बुद्धशब्द, धर्मशब्द, संघशब्द, पारमिता शब्द, भूमिशब्द, बलशब्द,.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैशारद्य शब्द, आवेणिक बुद्ध धर्मशब्द, प्रतिसंवित् शब्द, शून्यता, अनिमित्त, अप्रणिहित, असंस्कृत, अनुत्पाद, अभाव, निरोध शब्द, शान्त, प्रशान्त र उपशान्तशब्द महामैत्री, महाकरुणा, महामुदिता र उपेक्षाशब्द र अनुत्पत्तिक धर्मक्षान्ति, अभिषेक भूमिशब्द, प्रतिलम्भशब्द, सुन्नपाउछ जुन शब्दहरु सुनेर ठूलो प्रीति र प्रामोदभाव पाउंछ । विवेकले युक्त, विरागले युक्त, शान्तसहगत, निरोधसहगत, धर्मसहगत, बोधिपरिनिस्पत्ति कुशलमूल सहगत शब्द पनि सुन्न पाउँछ । हे आनन्द भिक्षु ! सबैतिर सुखावती लोकधातुमा अकुशल शब्द छैन, सबैतिर नीवरण शब्द छैन, सबैतिर अपाय (नरक) दूर्गतिमा परेकाहरुको शब्द छैन, सबैतिर दु:खका शब्द छैन । हे आनन्द, अदु:ख असुखवेदनाको शब्द पनि छैन । फेरि कहाँबाट दु:खको शब्द सुन्नपर्न्ने हुन्छ त ? हे आनन्द ! त्यही कारणले त्यो लोकधातुलाई संक्षेपले सुखावती लोकधातु भनिएको हो । फेरि विस्तारपूर्वक हैन । हे आनन्द ! एक कल्प समय बिते पनि सुखावती लोकधातुको सुखको कारणलाई प्रशंसा गर्न सकिदैन । तिनीहरुको सुखका कारणहरुको सीमानासम्म पनि पुग्न सकिदैन ॥ १८ ॥

हे आनन्द ! त्यो सुखावती भुवनमा जुन प्राणीहरु जन्मेका थिए जन्मने छन्, ती सबै प्राणीहरु एउटै रुपले, एकै वर्णले, एउट ठाउँले, उचाइ र चौडाइद्वारा, आधिपत्यद्वारा, पुण्यसंचयद्वारा, त्यस्ता उपभोग्य वस्त्र, आभरण, उद्यान, विमान र कूटागार र भोग्य वस्तुहरुद्वारा यसरी नै रुप शब्द गन्ध, रस र स्पर्शका भोग्य सामानहरुद्वारा सबैभोग परिभोग गर्ने सामानहरुले संयुक्त भएका हुन्छन् । जुन प्रकार ले परनिर्मितवशवर्तिन देवताहरुको हुन्छन् । हे आनन्द भिक्षु ! फेरि त्यस सुखावती लोकधातुमा बस्ने सबै प्राणीहरुले खानलाउन र पिउन, नरम प्रकारका सूप, चिनी जस्ता ठोस पदार्थ प्रयोगमा ल्याउँदैनन् । फेरि जस्तो रुपको आहार (खाद्यवस्तु) लाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इच्छा गर्छन, त्यस्तै रुपको खाना ल्याइएको थाहा पाउँछन् । शरीर र मन पनि प्रसन्न भएका हुन्छन् । ती खाना प्राणीहरुको मुखमा राख्नु (शरीरमा प्रक्षेप गर्नु) पर्दैन । ती प्राणीहरु शरीर प्रसन्न भएर यदि सुगन्ध वास आउने वस्तुहरुलाई इच्छा गर्छन् भने त्यस्तै खालको सुवास आउने दिव्य वस्तुहरुद्धारा त्यो बुद्धक्षेत्र सुगन्धमय हुन्छ । त्यस बुद्धभूमिमा जस्ले त्यो सुगन्ध वासलाई सुध्न इच्छा गरेको हुन्छ । त्यो बुद्धक्षेत्रको सबैतिर गन्धर्वराजाको वासना त्यस्का घ्राण इन्द्रिय (नाक) मा पुगेको हुन्छ ।

यसरी नै यदि तिनीहरुले सुगन्ध, माला, विलेपन वस्तु र चूर्णवस्तु त्यस्तै चीवरच्छत्र, ध्वजा, पताका र बाजालाई समेत इच्छा गर्छन् भने तिनीहरुको त्यस्तै रुपका सुगन्धित वस्तु आदि सामग्रीहरुले त्यो बुद्धक्षेत्र मगमगाएको हुन्छ । यदि नाना वर्णका अनेकन शतसहस्र चीवरवस्तुहरुलाई ईच्छा गर्छन भने, तिनीहरुको त्यस्तै खालका असलचीवर वाद्यहरुद्धारा त्यो सबै बुद्धक्षेत्र सुहाएको हुन्छ । आफूलाई पनि त्यो चीवर वाद्य लगाएको भान हुन्छन् । यदि तिनीहरुले विभिन्न रुपका राम्रा गहना हरुलाई इच्छा गर्छन भने त्यस्तै-टाउकोमा लगाउने गहनाहरु कानमा लगाउने गहनाहरु, घाँटीमा लगाउने गहनाहरु त्यस्तै दुबै हात र दुबै पाउमा लगाउने गहनाहरु जुन यो श्रीपेजहरु, कुण्डलहरु, कटक र हातमा लगाउने बालाहरु साना खालका हारकामालाहरु, रुचकहारहरु, कानमा लगाउने र हातमा औंलाहरुमा लगाउने गहनाहरु, सुनका सिकीहरु, कम्मरमा लगाउने मेखलाहरु, यस्तै सुवर्णका सिकीहरु, मोतीका जालहरु सबै रत्नकाजालहरु सुवर्णरत्नकिङ्किणी जालहरु त्यस्तै खालका गहनाहरुद्धारा र शयौं र हजारौं जाज्वल्यमान रत्नहरुले झल्किएको त्यो बुद्धक्षेत्र गहनाहरुले लगाएको वृक्षहरु जस्तै देखिन्छन् । ती गहनाहरुले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफूलाई सिंगारिएको भान हुन्छन् । ती प्राणीहरुले यदि यस्ता ठाउँ (विमान) लाई चाहना गर्छन्, यस्ता रंग र चिन्ह रहेको, यस्ता उचाइ र चौडाइ भएको वस्तुलाई विभिन्न प्रकारका रत्नहरुले शत र सहस्र संख्याका गहनाहरुले अलङ्कृत भएको, नानाप्रकारका दिब्य फूलहरुले ढाकिएको, ठाउँठाउँमा चित्रहरु सुसज्जित तकिया सहित विछौना, त्यस्तै खालको विमान तिनीहरुको समीपमा उत्पन्न हुन्छ । ती मनलाई वहलाउने विमानहरुमा सातहजार अप्सराहरुले घेरिएका र अगाडितिर ती अप्सराहरु विचरण गरीरहेका हुन्छन्, आपसमा खेलिएका हुन्छन, मन बहलाएर रमाएका पनि हुन्छन् ॥ १९ ॥

उक्त लोक धातुमा देवगण तथा मनुष्यको नानाप्रकारको कुनै भेद छैन । खास गरि संवृतितवरले कुरागर्दा व्यवहारमा मात्रै देव र मनुष्य भनेर भेद राख्छन् । त्यस्तै हे आनन्द ! चक्रवर्ती राजाको सामुन्ने हिन तथा मनुष्यप्रेत भन्ने हुँदैन, न देखिन्छ, न तेज हुन्छ, न चम्कन्छ, न प्रभावशाली हुन्छ, न अभययुक्त हुन्छ, त्यस्तै किसिमले परनिर्मित्तंवशवर्ती देवगणको अगाडि शक्र देवराजको पनि न आभास हुन्छ, तेज हुन्छ, न कान्ति हुन्छ, न त प्रभावशाली नै । त्यस्तै उस्को उद्यान विमान, वाद्य वा आभरण, प्रभूत्व, ऋद्धि, वा प्रातिहार्य, वा ऐश्वर्यमा हे आनन्द ! वा उसको धर्म अभिसमयमा वा धर्म परिभोगमा । हे आनन्द ! जस्तो परनिर्मित्त वशवर्तीका देवगण झैं सुखावती लोकधातुका मनुष्यहरु हुन्छन् भनि ठान्नु ॥ २० ॥

हे आनन्द भिक्षु ! त्यस सुखावती भुवनमा विहान पखको समय हुंदा चारै दिशाहरुमा हावाहरु आकुल र समाकुल भएर बहन्छन् । त्यसले ती अतिराम्रा, मनोहर, दर्शन गर्न योग्य, नानावर्णका रत्न वृक्षहरुलाई, नानाप्रकारको सुगन्धवास आउने दिव्य सुगन्ध वासनाहरुलाई हावाले हलाई दिन्छन् विशेषप्रकारले घुमाईदिन्छन् हावाले चलाई दिन्छन् । त्यसो गर्दा धेरै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संख्याका सुगन्ध वास आउने शयौं मनोज्ञ, दर्शनीय सुगन्ध फूलहरु त्यस रत्नमयी महापृथ्वीमा झर्दछन् । त्यो बुद्धभूमिको चारैतिर सात न्यग्रोध प्रमाण (चारहात) गहिरा ती सुन्दर फूलहरुले भरिएका हुन्छन् । जसरी सिपालु पुरुषले पृथ्वीमा फूलको विछयौना राम्ररी फैलाईन्छ, दुबै हातले सम्म गरी मिलाएका हुन्छन् । त्यत्ति बेला अतिराम्रो चित्र हेर्नलायकको त्यो बुद्ध क्षेत्र ती सुगन्धित नानाप्रकारका फूलहरुले चारैतिर सात न्यग्रोध प्रमाण (चारहात) गहिरा हुन्छ । ती फूलहरु उपमाको लागी मुजुरा झैं सुखपूर्वक छुनमा नरम हुन्छन् । जुन फूलहरु लाई कुल्चिनाले चार अंगुल प्रमाण पाउ तल गाडिन्छ् । पाउ निकालेमा चार अंगुलप्रमाण माथितिर उठछन् । विहान पखको समयबितेपछि ती फुलहरु निःशेष भइ विलुप्त हुन्छन् । ती फुलहरु नसुक्दै त्यो बुद्धक्षेत्र सुनसान भई सफा सुन्दर र रमणीय हुन्छन् । त्यसपछि फेरि चारैतिर चारैदिशामा मन्द मन्द वायुहरु बहन्छन् । जुन वायुहरुले पहिले जस्तै राम्रा राम्रा फूलहरु छर्दछन् । यसरी नै मध्यान्हकालको समयमा पनि, संन्ध्याकालमा, रातको पहिलो याम, दोश्रो याम र अन्तिम याममा पनि फूलहरु झर्दछन् । नानाप्रकारको सुगन्धित वास आउने ती हावाहरुले प्राणीहरुलाइ छोएमा निरोधसमापत्ति प्राप्त भिक्षुले झैं सुखको अनुभवगरिएका हुन्छन् । ॥ २१ ॥

हे आनन्द ! त्यस बुद्धभूमिमा सवैतिर आगो, सूर्य, चन्द्र, ग्रहहरु नक्षत्र र तारापुञ्जहरु, अन्धकारको नाम भन्ने पनि सुनिन्दैन । तथागत बुद्धको व्यवहारको कुरामा मात्र वाहेक सवैतिर रात दिन भन्ने नाम मात्र पनि छैन । सबैतिर आरामको परिग्रह गर्ने नाममात्र पनि छैन ॥ २२ ॥

हे आनन्द भिक्षु ! त्यस सुखावती लोकधातुमा समय समयमा दिब्यसुगन्ध आउने पानी पर्ने वादलहरुले अनेकवर्णका फूलहरुको वर्षा गराई दिन्छन् । ती दिब्यचन्दनका धूलो पनि वर्षा गराइ दिन्छन् । यस्तै दिब्य छत्र, ध्वजा र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पताकाहरुलाई पनि वर्षाई दिन्छन् । अनेकप्रकारका दिब्य रंगका फूलहरुको वर्षा गराइ दिन्छन् । दिब्य चदुवाहरु धारणा गरिएका हुन्छन् । दिब्य छत्रका रत्नहरुलाई र सवै प्रकारका गहनाहरुलाई आकाशमा धारणा गरी दिन्छन् । दिव्य बाजाहरु बजाई दिन्छन् । स्वर्गीय अप्सराहरु पनि नाचि दिन्छन् ॥ २३ ॥

हे आनन्द ! त्यस बुद्धक्षेत्रमा (सुखावती भुवनमा) जुन प्राणीहरु जन्मिएका हुन्छन, पुगेका हुन्छन, र भविष्यमा पुग्नेछन्, ती सबै प्राणीहरु एकचित्त भएर निर्वाणमा नपुगेसम्म स्थितप्रज्ञ हुन्छन् ।

त्यो के कारणले त ? त्यहाँ दुई राशीको व्यवस्था छैन । अथवा जुन प्राणीहरुको यो मिथ्यात्वमा नियत वा अनियत भएकाको प्रज्ञप्ति पनि हुदैन ।

हे आनन्द ! यसै कारणले त्यो लोकलाई संक्षेपले सुखावती भूवन भनेको हो फेरि विस्तारपूर्वकले सुखावती भनेको होइन । हे आनन्द ! सुखावती भुवनमा सुखको कारणलाई खोज्ने हो भने वा प्रशंसा गर्ने हो भने एक कल्प बिते पनि सुखकाकारणहरुको पर्यन्त सीमा सम्म पुग्न सकिदैन ॥ २४ ॥

यसपछि भगवान् बुद्धले त्यस समयमा यो गाथा भन्नु भयो–

सबै प्राणीहरु सुखी होउन् । सबै प्राणीहरुले विशुद्धज्ञान पाउन् । सबै प्राणीहरु परमार्थज्ञानमा निपुण होउन् । ती प्राणीहरुले अर्को कल्पकोटीसम्म सुखावती भूवनको वर्णलाई प्रकाश पारुन् ॥ २३ ॥

कल्पकोटीसम्म वज्रक्षय हुंदा पनि सुखावती भूवनमा देवताहरुको वर्णमा परिवर्तन आउन्न । ती देवताहरुको प्रतिभा पनि नाश हुदैन, तिनीहरुका नाना प्रकारका वर्णहरु देदिप्यमान भई रहन्छन् ॥ २४ ॥

जसले परमाणु सदृश लोकधातुलाई टुक्रा टुक्रा पारिदेलान् । अरु धेरै लोकधातुहरुमा पुराहितहरुलाई धेरै रत्नहरु पनि दान देलान् ॥ २५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसरी दान दिएको पुण्यको फल चन्द्रमाको कलाको उपमा दिन सकिदैन । त्यति पृथ्वी लोकधातुमा पुण्य हुन्छन् । जसले सुखावती लोकधातुको नाम सुन्छ, त्यस लाई ठूलो पुण्य हुन्छ ॥ २६ ॥

त्यसपछि तिनीहरुको धेरै पुण्य हुनेछ, प्रज्ञाले युक्त भएका जुन व्यक्तिहरुले तथागतको वचनलाई श्रद्धा गर्छन । संसारमा पुण्य पाउन श्रद्धा नै मूल कारण हुन्छ । त्यसकारण निश्चयनै आफ्नो चित्तलाई आनन्द पाइरहन तथागतको वचन सुनुन्, चिन्तन गरुन् ॥ २७ ॥

हे आनन्द ! यसरी सुखावती लोकधातु अप्रमेय गुण तथा प्रभावले युक्त छ ॥ २५ ॥

हे आनन्द भिक्षु ! फेरि दशै दिशाहरुमा, सवै गङ्गानदीको बालुवा समान बुद्धक्षेत्रहरुमा, गङ्गानदीको बालुवा समान बुद्ध भगवानहरु अमिताभ तथागतको नाम कीर्तन गर्नु हुन्छन, वर्णलाई र कीर्तिलाई प्रकाश पारि दिनु हुन्छन्, गुणलाई उद्धार गरिदिनु हुन्छन् । त्यो के कारणले त ? त्यो किनभने कुनै प्राणीहरुले उनी अमिताभ तथागत भगवानको नाम सुन्छन् । नाम सुनेर चित्तलाई एकाग्र पारी अध्याशयद्वारा सहजप्रसादले एक चोटीमात्र भए पनि बोधिचित्तलाई उत्पन्न गर्छन । ती सबै प्राणीहरुले अनुत्तर सम्यक् संबोधिज्ञानमा अवैवर्तिकता पाउँछन् ॥ २६ ॥

हे आनन्द ! कुनै प्राणीहरु उनी अमिताभ तथागतलाई फेरि मनले आदर सत्कार गर्छन् । बोधि परिणामना गरी धेरै अपरिमित संख्याको कुशलमूललाई वीजको रुपमा संचित गर्छन् । र त्यस लोकधातुमा जन्म लिन प्रणिधान गर्छन् । ती प्राणीहरु उनी अर्हत् सम्यक् सम्बुद्ध भगवान अमिताभले मृत्युकाल आईपुग्दा धेरै भिक्षुसमूहले चारैतिर घेरिएर सम्मान पुर्वक आउने छन् । त्यसपछि ती प्राणीहरुले उनी अमिताभ तथागतलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दर्शन पाएर मन प्रसन्न भई च्युत भएर त्यही सुखावती भुवनमा जन्मनेछन् । हे आनन्द ! कुनै कुलपुत्रले अथवा कुलपुत्रीले अमिताभ तथागतलाई कसरी दर्शन पाउँ भनी इच्छा गरेको होला । त्यसो भए उसले अनुत्तरसम्यक् सम्वोधिज्ञानमा चित्त उत्पत्ति गर्नु पर्ने छ । र एकाग्र भइ अतिशयरुपले त्यस वुद्धक्षेत्रमा चित्तलगाएर वोधिज्ञान पाउनको लागि कुशल मूलहरु पनि परिणामना गर्नुपर्ने हुन्छ ॥ २७ ॥

जुन प्राणीहरुले उनी अमिताभ तथागतलाई फेरि मन लगाएर ध्यान भावना गर्ने छैनन् । धेरै अपरिमित कुशलमूललाई पनि राम्ररी जोडतोडको रुपमा सञ्चित गर्ने छैनन् । ती प्राणीहरुको त्यस्तै अर्हत् अमिताभ तथागत सम्यक सम्वुद्ध भगवानले आफ्नो साविकको, रुप, वर्ण उचाइ तथा चौडाइ प्रमाणको शरीरमा भिक्षुसंघ सहित पहिले जस्तै वुद्ध को निर्मित शरीर मृत्युकाल आईपुग्दा अमिताभ तथागत समीपमा वस्नु हुन्छ । ती प्राणीहरुले त्यस्तै तथागतको दर्शन पाएर मन प्रसन्न भइ समाधिद्वारा करुणा द्वारा स्मृतिवाट च्युत भएर त्यही सुखावती भुवनमा जन्म लिने छन् ॥ २८ ॥

हे आनन्द ! जुन प्राणीहरुले फेरि अमिताभ तथागतलाई दश अनुस्मृति द्वारा एकचित्त पारेर संस्मरण गर्नेछन् । इच्छा गरे अनुसार त्यस वुद्ध भूमिमा जन्म लिनेछन् । तथागतको गम्भीर धर्म देशना भईरहेको बेला मन सन्तोष पार्नेछन् । विपत्तिमा पर्ने छैनन् । विषाद गर्ने छैनन्, सभामा पनि आपत पर्ने छैनन् । अन्तमा एकचित्त गरेर उनी अमिताभ तथागतलाई मनमा संझने छन् । इच्छा पनि गर्नेछन् त्यस बुद्धभूमिमा ती प्राणीहरुले सपनामा अमिताभ तथागतलाई दर्शन पाउने छन् । उनीहरु सुखावती लोकधातुमा जन्मनेछन् । अनुत्तर संवोधिज्ञान वाट अवैवर्तिक हुनेछन् ॥ २९ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे आनन्द भिक्षु ! यो अर्थ वशलाई राम्ररी हेरेपछि दशैदिशाहरुमा अप्रमेय र असंख्य लोकधातुहरुमा रहेका तथागतहरुले उनी अमिताभ तथागत्को नाम परिकीर्तन गर्दै वर्णलाई घोषणा गरि प्रशंसा गरिर हन्छन् । हे आनन्द भिक्षु ! त्यस बुद्धभूमिमा दशै दिशाहरुबाट एक एक दिशामा गंङ्गानदीको बालुवा समानसंख्या भएका बोधिसत्त्वहरुले उनी अमिताथ तथागतको दर्शनगर्न, वन्दना गर्न, सेवागर्न प्रश्नहरु गर्न नजीक पुग्छन् । त्यो बोधिसत्त्वको समूहलाई र ती बुद्धक्षेत्रको गुण र अलङ्कार समूहको संपतलाई विशेष तरिकाले दर्शन गर्न पुग्छन् ॥ ३० ॥

यसपछि अमिताभ तथागतले त्यही समयमा यही अर्थलाई धेरै मात्राले झल्काउँदै यो गाथा भन्नु भयो ।

जसरी गंङ्गा नदीका बालुवा असंख्य र अप्रमेय छन् । त्यस्तै नायक अमितायुका बुद्धक्षेत्रहरु पनि असंख्य र अप्रमेय छन् ॥ २८ ॥

तिनीहरुले नानावर्णका सुगन्धित र सुन्दर धेरै पुष्प गुच्छाहरु मनुष्यमध्ये उत्तमनायक, देवता र मनुष्यहरुले पूजिएका अमितायु तथागतलाई चढाउंछन् ॥ २९ ॥

त्यस्तै दक्षिण, पश्चिम र उत्तर दिशाहरुमा पनि भगवानका त्यत्तिकै बुद्धक्षेत्रहरु छन् । जहाँ अमितायु तथागत बुद्ध आउनु हुन्छ त्यहाँ त्यहाँ बोधिसत्वहरुले वन्दना गर्न अघि सर्छन् ॥ ३० ॥

विभिन्न रंगका अत्यन्त मिठो वासना आउने सुन्दर पुष्पगुच्छाहरु लिएर मनुष्यहरुमा उत्तम नायक हुनु भएका, देवताहरु र मनुष्यहरुले पूजिएका अमितायु तथागत भगवानलाई पुष्पहरु छर्छन् ॥ ३१ ॥

धेरै बोधिसत्वहरुले उनी अमितप्रभा भएका तथागतलाई पूजा अर्चना गरेर, उनी तथागतका दुबै चरणकमलमा वन्दना गर्दै यस्तै भक्तिपुर्वक प्रदक्षिणा गरि भन्छन्, 'यो भगवान् बुद्धको क्षेत्र अदभूत छ' ॥ ३२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनलाई एकाग्र पारेका ती बोधिसत्त्वहरुले असंख्य प्रीति युक्त भइ फेरि फेरि पुष्पगुच्छाहरु चढाउँछन् । तथागतको सामुन्ने अति प्रमुदित भइ, हर्ष उल्लास प्रकट गरि हामीहरुको क्षेत्र पनि यस्तै बुद्धक्षेत्र जस्तै होस भनी चाहन्छन् ॥ ३३ ॥

त्यस बुद्धभूमिमा जुन बोधिसत्वहरुले फूलहरु चढाएका हुन्छन शयौं योजनसम्म आकाशमा छत्रसमान भएर रहन्छन् । ती फूलहरु छरिएकाले अलङ्कार समान शोभायमान भइ बुद्ध भगवान्को शरीरको चारैतिर ढाकिएका हुन्छन् ॥ ३४ ॥

ती बोधिसत्त्वहरुले त्यसरी बुद्ध भगवानको सत्कार गरेर त्यस ठाउँमा कसरी खुशी हुन्छन ? ती बोधिसत्वहरुले यसरी उच्चारण गर्छन्, ती प्राणीहरुले सजिलैसंग पुण्य लाभ गरुन् । जसले मनुष्यमा उत्तम गनिंनु भएका तथागतको नाम सुनिएको होस् ॥ ३५ ॥

हामीले पनि यस पवित्र बुद्धक्षेत्रमा आइपुगेर पूर्वजन्ममा पुण्य आर्जन गरेकाले उहाँ तथागतको दर्शन पायौं । हेर्न् होस् यस स्वप्नतुल्य ठाउँ, कति सुन्दर, यो जुन शास्ताले कल्पसहस्र क़ल्पना गरेर निर्माण गर्नुभएको थियो ॥ ३६ ॥

हेर्नु होस वहां तथागतलाई असल पुण्यराशिले युक्त बोधिसत्त्वहरुले चारैतिर धेरिएको भइ शोभायमान भएको छ । अमिताभ तथागतको प्रकाश अमित छ, तेज पनि अमित छ, आयु पनि अमित र संघ पनि अपरिमित छ ॥ ३७ ॥

अमितायु तथागत स्वामी मुसुक्क हास्नु हुन्छ । उहाँ हांस्नुहुँदाखेरि उहाँको छत्तीसकोटिनयुत रश्मिहरु फैलिएका हुन्छन् । जुन रश्मिहरु मुखमण्डलबाट निस्केर, सहस्रकोटी बुद्ध क्षेत्रहरुलाइ चम्काउंछन् ॥ ३८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ती रश्मिहरु फेरि फर्कि ती तथागतको शिरमा पुगी अस्त हुन्छन् । त्यसबेला देवताहरु र मनुष्यगण सबैले प्रीति अनुभव गर्छन् किनभने उनीहरुले तथागतको रश्मि भनी थाहा पाएको हुन्छन् ॥ ३९ ॥

महान् यश प्राप्त गरेका बुद्धपुत्र अवलोकितेश्वर उठेर भन्नुभयो, 'हे प्रभु ! हे भगवान् ! यहाँ के हेतु र कारणले लोक नाथ हाँस्नु भयो? ॥ ४० ॥

कृपया हे नाथ, तपाइंले नै यसको अर्थ जान्नु हुन्छ व्याकरण गर्नु हुन्छ । बहुसंख्यक प्राणीहरुको कल्याण र अनुकम्पा राख्ने हे नाथ, तपाईको यो महान मधुर र सुन्दर वचन सुनेर प्राणीहरु पनि प्रफुल्लित हुन्छन् ॥ ४१ ॥

जुन बोधिसत्त्वहरु धेरै लोकधातुबाट सुखावती भुवनमा पुगेर बुद्ध भगवानको दर्शन पाउँछन् । ती बोधिसत्त्वहरुले कथा सुनेर धेरै प्रीति पाएर चाडैनै यस बुद्धक्षेत्रलाई दर्शन गर्ने हुन्छन् ॥ ४२ ॥

जुन प्राणीहरु यस उदार बुद्ध भूमिमा आईपुग्छन् चाँडैनै ऋद्धिबलपनि पाउने हुन्छन, दिव्य चक्षु र दिव्य श्रोत्र पाई पूर्वजन्मका सबै कुरा संझिएका हुन्छन्, त्यस्तै पारमिताको ज्ञान पनि जानेका हुन्छन् ॥ ४३ ॥

अमिताभ तथागत सदैव उपदेश यसरी उपदेश दिनु हुन्छ यो मेरै पूर्वजन्मको प्रणिधानको फल हो ता कि जो सुकैले मेरो नाम सुनिएको भए तिनीहरु मेरो बुद्धक्षेत्रमा जान पाउनु पर्छ ॥ ४४ ॥

यो मेरा उत्तम प्रणिधि पूर्ण भएका छन् । ती प्राणीहरु धेरै लोकधातुबाट चाँडै मेरो नजीक आए र बोधिसत्त्वहरु सबै अवैवर्तिक भइ एकै जातका होउन् ॥ ४५ ॥

त्यस कारण यस बुद्धभूमिमा जुन बोधिसत्त्वले यस्तो इच्छा गर्छ, मेरो पनि यस्तै बुद्ध भूमि होस भनि इच्छा गर्नेले म पनि अमिताभ बुद्धको नाम लिएर, कीर्तन गरेर र उहाँको दर्शन गरेर धेरै प्राणीहरुलाई मुक्ति दिन सकुन् ॥ ४६ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमिताभ प्रभा भएका तथागतकहाँ पुगेपछि प्राणीहरु छिटो छिटो सुखावती लोकधातुमा जाउन् सहस्रकोटि संख्याका भगवान् बुद्धहरुलाई पूजा गरुन् ॥ ४७ ॥

सहस्रकोटि संख्याका बुद्ध भगवानहरुलाई पूजा गरेर ऋद्धिको बलले धेरै बुद्ध क्षेत्रहरुमा गएर तथागतहरुको नजीकपुगेर श्रद्धापूर्वक पूजा गरेर भक्तिपूर्वक सुखावती भुवनमा जाउन् ॥ ४८ ॥

हे आनन्द भिक्षु ! फेरि उनी अमित आयु भएका अर्हत् सम्यक्सम्बुद्ध तथागत बस्नु हुने बोधिवृक्ष रहेछ । त्यो बोधिवृक्ष हजार योजन सम्म अग्लो भै फैलिएको छ, आठशय योजन सम्म बोधिवृक्षका हांगा, पत्र र कोपिलाहरु पलाएका छन् । पाँचशय योजनसम्म जराको परिधि रहेको छ । त्यस बोधिवृक्षमा जहिले पनि हरिया पातहरु ताजा देखिन्छन्, फूलहरु सधैं फुलिएका हुन्छन् । फलहरु सधैं फलेका हुन्छन् । त्यस बोधिवृक्ष नाना वर्णको देखिन्छ, अनेकन शतसहस्र वर्णको देखिन्छ, धेरै पत्रहरु छन्, धेरै फूलहरु फुलेका छन्, धेरै फलहरु फलेका छन् । नानाप्रकारका विचित्र आभरणहरु चन्द्रमाको तेज झैं मणिरत्नहरु टल्किएका छन् । इन्द्रले लगाउने मुकुटको मणिरत्नझैं चिन्तामणि रत्नले अलंकृत गरेको छ । समुद्रमा पाइने उत्तम मणिरत्नले विचित्र प्रकारको भइ, स्वर्गको शोभालाई लज्जितहुने भै सुनका सिकीहरु समेत ठाउँ ठाउँमा झुण्डयाइएका छन् ।

यो वाहेक त्यहां रुचकहार रत्नहार वत्सहार कटकहार, रातो रंग का मोतिका हार नीलमोतिका हार सिंहको गर्धनमा लटकिने जगल्टा जस्तै देखिएका रत्नका लहराहरु, मेखला र शिरका भागमा राखिने रत्नहरुका सूत्रहरु, हरेक प्रकारका रत्नहरुका शयौं वस्तुहरुले विचित्रशोभा देखिएका, स्वर्णजाल, मोतीका जाल, अनेक प्रकारका रत्नकाजालहरु र किङ्किणीजालहरु त्यसपछि गोहीका आकार देखिने, स्वस्तिक चिन्हदेखिने,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दाहिनेतिर धुमिएको चन्द्राकार गहनाहरुले सिंगारिएको, किङ्किणी र रत्न मणिका जालहरु सुनका र सबै प्रकारका अलङ्कारहरुले सजाइएको मानिसहरुको मनले जे इच्छा गर्छन् त्यस्तैनै सजाइएका हुन्छन् ।

हे आनन्द ! फेरि त्यस बोधिवृक्षमा हावा लाग्दा जुन शब्द र आवाज निस्कन्छ, त्यो शब्द र आबाजले अपरिमाण लोकधातुलाई सूचना दिन्छ ।

हे आनन्द ! त्यस लोकधातुमा जुन प्राणीहरुले त्यो बोधिको शव्द आफ्नो कानले सुनेको हुन्छ, ती प्राणीहरुले बोधिज्ञान नपाउँजेल कानको रोग हुँदैन । जुन अप्रमेय, असंख्येय, अचिन्त्य (चेत्तना नै गर्न नसकिने) अतुल्य (समान नभएको) अपरिमाण र अभिलाप्य मानिएका प्राणीहरुको त्यो बोधिवृक्षले आँखाको झल्का मात्र हेर्न पाउँछ भने बोधिज्ञान नपाउँन्जेल ती प्राणीहरुलाई आँखाको रोग हुन्दैन । वा रोग हुन्छ भनि डर नमाने पनि हुन्छ । हे आनन्द भिक्षु ! फेरि जुन प्राणीहरुले जुन बोधिवृक्षको सुगन्ध सुंघ्छन्, बोधिज्ञान न पाउँन्जेल ती प्राणीहरुको नाकको रोग हुन्छ, भनेर इच्छा नगरे पनि हुन्छ । जुन प्राणीहरुले त्यस बोधिवृक्षबाट फलहरुको स्वाद पाउँछन्, बोधिज्ञान न पाउँन्जेल ती प्राणीहरुको कहिले पनि जिभ्रोको रोग लाग्छ भनेर इच्छा नगरेपनि हुन्छ । जुन प्राणीहरु त्यसबोधिवृक्षको तेजले छोएको हुन्छ । बोधिज्ञान न पाउँन्जेल ती प्राणीहरु लाइ कहिल्यै शरीरको रोग लाग्दैन भनेर इच्छा गरेपनि हुन्छ ।

हे आनन्द ! फेरि जुन प्राणीहरुले त्यसबोधिवृक्षलाई धर्मानुसार ध्यान गर्छन् ती प्राणीहरुको बोधिज्ञान प्राप्ति नभएसम्म कहिले पनि चित्तको खलबलि हुदैन भनेर डर नमाने पनि हुन्छ । ती सबै प्राणीहरु त्यो बोधिवृक्षलाई दर्शन गर्नाले अनुत्तर सम्यक् सम्बोधिज्ञान मा अबैवर्तिक हुनेछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनि तीन प्रकारको धर्म क्षान्ति पाउने छन् । जस्तै घोसानुगाम, अनुलोमिक, अनुत्पत्तिक धर्मक्षान्ति पनि पाउने हुन्छन् । यी सवै बलहरु उनी अमितायुष तथागतको पहिलो जन्ममा प्रणिधान गरेको पुण्यले, पहिलेका तथागतहरुको सेवा गरेकोले, र पहिलेको प्रणिधानको परिचर्याद्वारा सिद्ध हुन लागेको, राम्रो भावना गरेकोले र मनलाई अलिकतिपनि खलबल न पारिकन ध्यान गरेकोले हो ॥ ३२ ॥

हे आनन्द ! त्यही बुद्धभूमिमा जुन बोधिसत्त्वहरु जन्मेका थिए र जन्मन्छन् र भविष्यमा पनि जन्मिने छन् । ती सबै बोधिसत्त्वहरु अवैवर्त्तिक भइ एउटै जातमा आबद्ध भएर अनुत्तर सम्यकसम्बोधिज्ञान पाउने छन् । आफ्ना प्रणिधानवश ती बोधिसत्त्वहरु महासिंहनाद गरि धर्मको कवच धारण गरि सम्पूर्ण प्राणीहरुलाई निर्वाणतिर लगाउने हुन्छन् ॥ ३३ ॥

हे आनन्द ! फेरि त्यस बुद्ध भूमिमा जुन श्रावकहरु थिए ती श्रावकहरु व्यामका प्रभा जस्तै उज्वल हुन्छन । त्यस्ता बोधिसत्त्वहरु पनि छन् जस्को प्रभा कोटि, शत, सहश्र योजन सम्म फैलिएका हुन्छन्, खासगरि यी दुई बोधिसत्त्वहरु थिए, जसको उज्वलप्रभाले त्यो लोकधातु सधै नै एकै नासले जाज्वल्यमान भएको हुन्छ । यसपछि निश्चयनै आयुष्मान आनन्दले अमिताभ तथागतलाई भन्नुभयो– हे भगवान्.! भन्नु होस ती दुई बोधिसत्त्व र महासत्वको नामहरु के के हुन ? भगवानले भन्नु भयो– ती दुई बोधिसत्त्वमा एकजनाको नाम अवलोकितेश्वर बोधिसत्त्व महासत्व हो भने दोश्रो महास्थाम प्राप्त नाम भएको बोधिसत्त्व महासत्व हुन । हे आनन्द भिक्षु ! ती दुवै बोधिसत्त्व महासत्वहरु यही बुद्धक्षेत्रबाट च्युत भएर यहां त्यही जन्मेका हुन ॥ ३४ ॥

हे आनन्द भिक्षु ! त्यस बुद्ध क्षेत्रमा जुन बोधिसत्त्वहरु जन्मेका थिए, ती सवै बोधिसत्त्वहरु महापुरुपहरुमा हुने वत्तीसलक्षणले संयुक्त छन् । ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बोधिसत्त्वहरुका शरीरका अङ्गप्रत्यङ्गहरु पूर्ण छन्, ध्यान र अभिज्ञामा निपुण छन्। प्रज्ञा प्रभेदमा कुशल छन्। इन्द्रियहरु तीक्ष्ण छन्। इन्द्रियहरुलाई वशमा पार्न सक्छन्। ज्ञान हासिल गर्न सक्ने इन्द्रियहरु छन्, इन्द्रियहरु दीन छैनन्, र निर्वल पनि देखिन्दैन। क्षान्ति भएका ती बोधिसत्त्वहरुको गुण अनन्त र अपर्यन्त छन् ॥ ३५ ॥

हे आनन्द ! फेरि त्यस बुद्ध भूमिमा जुन बोधिसत्त्वहरु जन्मेका थिए, ती सबै बोधिसत्त्वहरु लाइ भगवानको दर्शन पाउन वञ्चित छैनन् न त दूर्गतिमा नै पतित हुन्छन् बोधिज्ञान न पाउञ्जेल सम्म धर्ममा लागिनै रहन्छन्। ती सबै बोधिसत्त्वहरु त्यसबाट ज्ञान लिएर कहिले पनि पूर्व जन्मको स्मृति विर्सने छैनन्। ती बोधिसत्त्वहरु पहिलो स्थानमा रहने, कल्प संक्षोभ भएको बेलामा, पञ्चकषायको समयमा जब बुद्ध भगवान्हरुको लोकमा उत्पत्ति हुन्छ, जस्तो कि वर्तमान कालमा म आफै ॥ ३६ ॥

हे आनन्द भिक्षु ! फेरि त्यसले बुद्धभूमिमा जुन बोधिसत्त्वहरु जन्मेका थिए, ती सबै बोधिसत्त्वहरु बुद्ध भगवानको अनुभावले एक प्रातकालिन भोजन समयभित्र आफुले इच्छा गर्नसके सम्म अनेक कोटिनियुतशतसहस्र बुद्धहरु रहेका हुन्छन् त्यहांसम्म गएर ती बोधिसत्त्वहरुले जुन जुन प्रकारले चित्तलाई उत्पन्न गर्छन्, त्यस्तै त्यस्तै फूल, धूप, बत्ती, सुगन्धित, पुस्पमाला, सुगन्धित विलेपनवस्तु, चूर्णवस्तु, शुद्धचीवरवस्त्र, च्छत्र, ध्वजा, पताका, वैजयन्ती र तूर्यसंगीत बाद्यविशेषहरुले बुद्ध भगवान्को पूजा गर्छन्। ती बोधिसत्त्वहरुको चित्त पनि एकै किसिमले उत्पन्न गरेर त्यस्तै रुपका सबै प्रकारका पूजाविधानहरु गर्न दुई हात उत्पन्न हुन्छन्। ती बोधिसत्त्वहरुले ती सुगन्धित पुष्पहरुले जुन तूर्यवाद्य विशेषले ती बुद्ध भगवान्हरु प्रति पूजा अर्चना गर्दै अनेकन अपरिमाण र असंख्येय कुशल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सञ्चय गर्छन् । यदि फेरि त्यस्तै रुपका फूलका गुच्छाहरु दुई हातमा उत्पन्न होस् भनेर इच्छा प्रकट गर्छन् भने ती बोधिसत्त्वहरुको एउटै चित्त उत्पत्ति भएर नाना वर्णका र अनेक प्रकारका वर्ण भएका नाना सुगन्ध आउने दिव्य फूलका गुच्छाहरु हातमा उत्पन्न हुन्छन् । ती बोधिसत्त्वहरुले त्यस्तै रुपका पुष्पगुच्छाहरुले ती बुद्ध भगवान्हरुलाई छर्दछन्, निरन्तर छर्दछन्, र चारैतिरबाट पनि छर्दछन् । ती बोधिसत्त्वहरुको जुन चारैतिर छरिएको पुष्पपुट छोड्दा खेरी दशौं योजनसम्म फैलिएर माथि आकाशतिर फूलको छत्र जस्तै देखिएर उत्पन्न हुन्छ । दोश्रो पुष्पगुच्छा छोड्दा खेरि पहिलो पृथ्वीमा खस्दैन । त्यस बुद्धभूमिमा छरिएका फूलका ठूंगाहरु विसौं योजन परिधि सम्म फैलिएर पुष्पका छत्रहरु देखिने भै आकाशमा उत्पन्न हुन्छन् । तीस, चालिस, पचास योजनसम्म पुष्पका ठूंगाहरु फैलिएका छन् । जब शयौंहजारौं योजनसम्म फैलिएका पुष्पछत्रहरु माथि आकाशतिर उत्पन्न हुन्छन् । त्यस बुद्धभूमिमा यी बोधिसत्त्वहरुले उदार भावले परस्परमा प्रीति र आनन्द उत्पन्न गर्छन् । चित्तलाई दिकदार न पारीकन उदारता प्राप्त गर्छन् । ती बोधिसत्त्वहरु धेरै अपरिमित र असंख्य कुशल मूल (पुष्प) आर्जन गरी धेरै कोटि नियुत, शतसहस्रसंख्याका बुद्धहरुलाई उपासना गरि बिहानपख फेरि सुखावती लोकधातुमा फर्कन्छन् उनी नै अमितायुष तथागत बुद्धको पूर्वजन्मको प्रणिधानको अधिष्ठानले, पहिले दिएको धर्म श्रवण गरेको पुण्यले, पहिलेका तथागतहरुप्रति देखाइएको कुशलमूलले र पहिले प्रणिधान गरेको पुण्यले समृद्धि र परिपूरित आत्मस्वरुपभएकोले र भावलाई विभाजन गरेकोले पनि ॥ ३७ ॥

हे आनन्द भिक्षु ! फेरि त्यस बुद्ध भूमिमा जुन प्राणिहरु जन्मेका हुन्छन, ती सबै प्राणीहरुले सर्वज्ञताको ज्ञानले युक्त धर्मकथा भन्दछन् । त्यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्ध भूमिमा प्राणीहरुको आफ्नो सम्पत्तिको नाम मात्र पनि भाव छैन । ती सबै प्राणीहरुले पनि त्यस बुद्ध क्षेत्रमा चंक्रमण गर्दा गर्दै न रति भाव र न अरति भाव उत्पन्न गर्छन् । अगाडि पाइला चाल्दा तिनीहरुमा तृष्णा हुन्दैन र तृष्णा सहित तिनीहरु अगाडि पाइला पनि चाल्दैन । सबै प्राणीहरुप्रति कुनै भाव (चित्त) नै हुँदैन ।

हे आनन्द ! फेरि त्यस सुखावती लोकधातुमा जुन प्राणीहरु जन्मेका थिए ती प्राणीहरुको अरुको भन्ने भाव हुदैनन्, आफनो भने भाव हुँदैनन् । असमानता भन्ने भाव पनि छैन् । झगडा छैन, विवाद छैन, कुनै विरोध पनि छैन । चित्त एकैनासका छन्, मैत्री चित्त भएका छन्, कोमल चित्त भएका छन्, स्निग्धचित्त भएका छन् कर्मण्य चित्त भएका छन्, प्रसन्न चित्त भएका छन्, स्थिरचित्त भएका छन्, पक्षपातविहिनको चित्त छन्, चित्त खलबलिएका छैनन् । लोभमा फसेको चित्त छ, प्रज्ञापारमिताको चर्यामा लाग्ने चित्त छन्, बुद्धिको भरोसामा लाग्ने चित्तछन् । समुद्र समान प्रज्ञा छन् । सुमेरु पर्वतसमान बुद्धि, अनेक गुणधर्मले युक्त, बोध्यंगको संगीतले आनन्दित भएका, बुद्धको गीतले युक्त भएका, मांस चक्षुबाट नहेरी दिब्य चक्षुको रुप लिन्छन् । प्रज्ञाचक्षु प्राप्त गरिसकेपछि धर्मचक्षु पार गरेर बुद्ध चक्षु प्राप्त गरि देखाउँदै, प्रकाश पार्दै, विस्तृत रुपले देखाउँदै, तिनीहरु अनासक्त ज्ञान वा प्रज्ञापारमिता प्राप्त गर्छन । त्रिधातुलाई समता भाव राख्दै चित्तलाइ वशमा राख्दै, शान्त राख्दै, सवै धर्मधातुलाई उपलब्ध गर्दै, धर्मको हेतु ज्ञात गर्दै, सवैधर्मलाई यथाभूतरुपले ब्याख्या गर्ने कुशलता प्राप्त गर्दै, ग्रहण गर्ने र नगर्नेमा कुशल प्राप्त गर्दै, अगुवा हुने र नहुनेमा कुशलता प्राप्त गर्दै, लोकधर्मको विषयमा उपेक्षित गर्दै विचरण गर्छन् । लोकोत्तर कथा वस्तुको सार लिन्छन् । सवै वस्तु गवेषणा गर्नमा कुशलता राख्दै, सवै धर्मको स्वभावलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपशम गर्ने ज्ञानमा विचरण गर्दै, नदेख्ने वस्तुको पनि ज्ञात गर्दै, कुनै पनि वस्तुको भाव ग्रहण नगरि, कुनै वस्तु ग्रहण नगरी, निश्चिन्त हुन्दै, कष्ट विना, कुनै पनि वस्तुमा आसक्ति नगरी, अशुचि वाट मुक्त भइ, अपर्यस्था अभिज्ञा लाभ गर्दै, निष्कलंक तथा अनासक्त व्यवहार गर्दै, गंभीर धर्ममा झुकाव राख्दै, बुझ्नै गाऱ्हो बुद्ध ज्ञानमा प्रवेश गर्न उन्मुख हुँदै, एक यान मार्ग प्राप्त गर्दै, विचिकित्सा नभइ, सवै किसिमको प्रश्न वाट माथि उठदै, परचित्त ज्ञान राख्दै, आत्माभिमानबाट विमुक्त भइ विचरण गर्छन । ज्ञानको हिसावले तिनीहरु सुमेरु समान छन्, बुद्धि सागर झै अडिग छन् । तिनिहरुको उज्वल प्रभाले चन्द्र र सूर्यको तेजलाइ समेत माथ गरेका छन् । प्रज्ञाज्ञानले अभय (निर्णय) भएका छन् । शुद्ध र स्वच्छ चित्त पनि भएका छन् । धेरै तताएको सुनको वर्ण समान ज्यादै टल्किने भएको वर्ण छन् । सवै प्राणीहरुको शुभ र अशुभलाई सहन सक्ने भएकोले पृथ्वी समान छन् । सवै प्रकारको क्लेश (पाप) मूललाई पखाल्नुमा पानी समान भएका छन्, सवैप्रकारको अभिमान रुपि क्लेशलाई भस्म पार्ने भएकाले अग्निराज समान छन् । सवैलोकमा न मिल्ने भएकाले वायु समान छन् । सबै प्रकारको धर्मलाई निर्वाध पूर्वक व्यवहार गर्ने भएकोले र सबै प्रकारले निस्किञ्चन भाव भएकोले पनि आकाश समान छन् । सवैलोकहरुमा न भिजेको हुनाले कमलको फुल समान छन् । समय अनुसार धर्म गर्जिने भएकोले महामेघ समान छन् । धर्मरुपी जल वर्षा गरिदिने भएकोले महाबर्षा समान छन् ।

ठूलो समूहमा जाइलाग्ने भएकोले साँढे समान छन् । चित्तलाई दमन गर्ने भएकोले महानाग समान छन् । धेरै तालिम पाएको हुनाले भद्र स्वभावको घोडा समान छन् । अभय, पराक्रमी भएका र अरुलाई तर्साउन सक्ने भएकाले मृगराज सिंह समान छन् । सवै प्राणीहरुलाई रक्षा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ने भएकोले वृक्षराज वरवृक्ष समान छन् । सबैतिरबाट आउने हुरी बतासलाई कम्पन गर्ने भएकोले पर्वतराज सुमेरु समान छन् । परिमाण गर्न न सकिने मैत्रीको प्रभाव भएकोले स्वच्छ आकाश समान छन् । सबैप्रकारको कुशलमूल धर्ममा अधिपतिभई पूर्वगमनहुने भएकोले महाब्रह्मासमान छन् ।

एउटै संग्रहित स्थानमा नवस्ने भएकोले पंक्षीसमान छन् । सबै शत्रुहरुलाई ध्वंश गर्ने भएकोले पंक्षीहरुका राजा गरुड समान छन् । दुर्लभ वस्तु प्राप्त गर्नु मन पर्ने भएकोले उदुम्बर पुष्पसमान छन् । आफना शरीर विक्षिप्त नभइ, इन्द्रिय लज्जालु भएकोले हात्ति समान छन् । निर्णय गर्नुमा कुशलता भएका र धेरै सहने सक्ने क्षमता भएका छन् । अर्काको सम्पत्तिमा इच्छा नगर्ने र सम्पत्ति पाउन प्रार्थना पनि न गर्ने भएका, धर्मकथा वाचनमा निपुण, धर्म व्याख्यान गर्नमा कहिल्यै तृप्त नभएका, शीलस्वभावमा पन्ना रत्न झैं, धर्म श्रवणले गर्दा रत्नको खानी झै भएका, महाधर्मरुपि दुन्दुभि शब्दझै मीठो स्वर भएका । महा धर्मको भेरी बाजालाई वजाउदै, महाधर्मको शंख फुक्दै, महाधर्मको ध्वजा फैलाउदैं, धर्मरुपी उल्कालाई बाल्दै, प्रज्ञाज्ञानलाई खोज्दै, मूर्ख न भएका, दोष न भएका, शान्ति स्वभाव भएका, शुद्ध चरित्रभएका, सुगन्धित भएका, लोभ कत्तिपनि नभएका, वितरणमा रुचि भएका, त्यागी हुनु भएका, दुबै हात फैलाएका, दान संविभागमा लागेका, धर्म तथा खाद्य वस्तु दानमा कंजुसी न भएका, कुनैमा न टाँसिएका, मनमा त्रास न भएका, विरक्त भएका, धीरस्वभाव भएका, धैर्य भएका, लज्जा भएका, प्राणीहरुलाई वशमा पार्न सक्ने भएका, कुनैमा न दबेका, अभिज्ञा पाएका, दिव्यता प्राप्त भएका, सुखपूर्वक वस्ने भएका, अर्थ युक्त भएका, लोकलाई उज्यालो पार्ने भएका, आपतकालमा धीरस्वभाव भएका, राग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अंधकार कुनै न भएका, विशेषतरिकाले आफूमा भरपर्ने भएका, शोक कुनै नभएका, निर्मल चित्त भएका, मोह प्रहान भएका, अभिज्ञामा योग्यता प्राप्त गरेका, प्रमाणमा निपुण भएका, प्रणिधान को वल भएका, सरल स्वभाव भएका, कुटिलस्वभाव न भएका, यी सबै लक्षकोटि नियुतशत सहस्रसंख्याले कुशलमूल आर्जन गरेका, मानरुपी कांडालाई उखेलिसकेका, राग, द्वेष र मोहलाई हटाइसकेका, शुद्ध भएका, शुद्ध अभिमुक्ति पाएका, तथागतको बल प्रशस्त भएका, लोकमा पण्डित कहलिएका, उच्चकोटिको ज्ञान हासिल गरेका, तथागत पुत्रहरुको जस्तै चित्त खलबल न भएका, शूर भएका, दृढ भएका, अहंभाव नभएका, बांकी कुनै नभएका, अतुल्य भएका, शुद्ध भएका, उदार भएका, ऋषभ भएका, लज्जाभएका, धैर्यभएका, स्मरणवान भएका, मतिमान् भएका, गतिशील भएका, प्रज्ञाशस्त्र छान्ने भएका, पुण्यवान भएका, प्रकाशवान् भएका, सवै दोष तथा कलंक नभएका, मल नभएका, स्मृति युक्त भएका, शान्तस्वभाव र ज्ञानमा लाग्ने भएका छन् । हे आनन्द भिक्षु ! त्यस बुद्ध भूमिमा यस्ता गुणभएका प्राणीहरु छन्, यी गुणहरु संक्षिप्तरुपले मात्र यहाँ प्रस्तुत गरिएको छ । फेरि विस्तार पूर्वक भन्ने हो भन्ने कल्प, कोटि, नियुत, शत सहस्रसंख्यामा रहने आयुको प्रमाणले तथागत बुद्ध भगवान्हरुले व्याख्या गर्नु भए पनि ती सत्पुरुषहरुको सत्गुणहरुको सीमान्त पाउन सकिदैन । तर पनि तथागतको वैशारद्यमा भने कमी हुन्दैन । त्यो के कारणले त ?–

हे आनन्द ! यी दुवै अचिन्त्य र अतुल्य गुणले समाहित छ । अर्थात पहिलो ती बोधिसत्त्वहरुको गुणहरु र दोश्रो तथागतको अनुत्तर प्रज्ञाप्रतिभान ॥ ३८ ॥

हे आनन्द ! फेरि पनि उठ, मुख पश्चिमतिर फर्केर फूलहरु हातमा लिइ अन्जलीवद्ध भई दण्डवत गर्नु । यो त्यही दिशा हो, जहाँ अमिताभ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवान् तथागत अर्हत सम्यक सम्बुद्ध विराजमान हुनु भएको छ, धैर्यपूर्वक समय बिताउनु भएको छ। धर्म पनि देशना गर्नु भएको छ। कुनै रज न भएको, विशुद्ध भएको, जसको आवरण नभएको नाम धारण गर्नाले दशै दिशाहरुमा लोकमा प्रसिद्ध भएको छ, प्रत्येक दिशामा गंगानदीको बालुवासमान असंख्य बुद्ध भगवान्हरुले वर्णन गर्नु हुन्छन्, प्रशंसा गर्नु हुन्छन्। पुनः असंग वाचा वोल्दै प्रत्युत्तर दिन्छन्। यति भनिसकेपछि आयुष्मान आनन्दले भगवानलाइ यस्तो भन्नु भयो। हे भगवन्! म यस्तो चाहन्छु। अमितप्रभा अमित आयु भएका अमिताभ तथागत अर्हत सम्यकसम्बुद्धलाई म दर्शन गर्न चाहन्छु। ती बोधिसत्त्व र महासत्त्वहरुलाई पनि दर्शन गर्न चाहन्छु। जसले कोटि, नियुत, शत सहस्र संख्याको बुद्धहरु समक्ष बसि कुशलमूल आर्जन गरेका छन्। त्यस वखत आयुष्मान् आनन्द भिक्षुले यो बोली प्रकट गर्नु भयो। यसको लगत्तै पछि उनी अमिताभ तथागत अर्हत सम्यक सम्बुद्ध भगवान्ले आफ्नो हत्केला बाट त्यस्तै रुपको उज्ज्वल रश्मि निकाल्नु भयो, यो रश्मि कोटि नियुत शत सहस्र संख्या दुरसम्म को बुद्ध क्षेत्रमा पनि ठूलो प्रकाशले उज्यालो भयो। त्यो रश्मिले जो कुनै कालपर्वतहरु वा रत्नका पर्वतहरु वा मेरुपर्वत, महामेरु पर्वत, मुचिलिन्द, महामुचिलिन्द, चक्रवाल र महाचक्रवाल पर्वतहरु, वा स्मारकहरु, स्तम्भहरु वा बृक्षहरु घनाजंगलहरु, बगैंचाहरु, देवताहरुका विमानहरु, जहाजहां ती कोटिनियुतशतसहस्र बुद्ध क्षेत्रहरुमा विद्यमान छन् ती सबै वस्तुहरु उहाँ तथागत अमिताभ तथागतको जाज्वल्यमान प्रभाले कुनै भिन्न न भएका उस्तै देखिएका भए। जसरी आकाशमा सूर्य उदय हुँदा व्योम मात्रको दूरीमा रहेको पहिलो पुरुषलाई दोश्रो पुरुषले प्रत्यक्ष देखिन्छ। यसरी नै यस बुद्धभूमिमा भिक्षु भिक्षुणी, उपासक र उपासिका, देवता, नाग, यक्ष, राक्षस,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गन्धर्व, दैत्य, गरुड, किन्नर, महोरग (ठूलासर्प) मनुष्य र दैत्यहरुले पनि त्यसबेला उनी अमिताभ तथागत अर्हत, सम्यक सम्बुद्धलाई, पर्वतराज सुमेरु पर्वतझै, सबैक्षेत्रहरु भन्दा उच्च, सबै दिशाहरुलाई माथ गर्दै, चहकिलो भएको, न्यानो भएका, चम्कदै, उज्जल भएकों, ती महान् बोधिसत्त्वहरुको समूहलाई, त्यस भिक्षुहरुको संघलाई, बुद्ध भगवान्को अनुभावले यो रश्मि त्यो प्रभाको परिशुद्धताको कारणले देखियो । जसरी यो महापृथ्वी पानीले भरिएको बेला त्यस ठाँउमा रुखहरु हुँदैनन्, पर्वतहरु हुन्दैनन, टापुहरु हुँदैनन्, घाँस, झार, औषधिमूल र वनस्पतिहरु कुनै पनि हुँदैनन्, न नदीहरु, झरनाहरु नै देखिन्छन । तर त्यसवेला एउटै महासागर सिवाय अरु केहि पनि हुँदैन । यसरी नै त्यस बुद्ध क्षेत्रमा अरु कुनै पनि चिन्ह वा निमित्त देखिदैनन् । सिवाय श्रावकहरुको एक व्याम प्रभा तथा बोधिसत्वहरुको शतसहस्रयोजनकोटिसम्म फैलिएका प्रभा मात्र देखिन्छन् । उनी भगवान् अमिताभ तथागत अर्हत् सम्यक सम्बुद्धको प्रभाले, श्रावकसमूहलाई र बोधिसत्त्वसमूहको तेजलाई गौण गर्दै सबै दिशाहरु चहकिला भएका देखिन्छ । त्यो समयमा त्यस सुखावती क्षेत्रका बोधिसत्त्वहरु, श्रावकहरु, देवता र मनुष्यहरु सबैले यस सहालोकधातुमा विराजमान हुनु भएका शाकयमुनि तथागत अर्हत् सम्यक् सम्बुद्ध भगवानलाई पनि अर्हत हुनु भएका भिक्षुसंघले चारैतिर घेरिएर धर्म देशना गरीरहनु भएको सम्यकसम्बुद्धलाई देखे ॥ ३९ ॥

त्यसपछि भगवान् बुद्धले बोधिसत्वमहासत्व हुनु भएका अजितलाई बोलाउनु भयो– हे अजित, त्यस बुद्ध क्षेत्रमा तिमीले गुणरुपी अलङ्कारको समूहको सम्पत्ति देखेका छौ ? माथितिर आकाशमा आराम गर्ने रमाइला बगैंचाहरु छन्, रमाइला नदीहरु, पोखरीहरु छन्, अनेक रत्न, कमलको फूल, उत्पल, कुमुद र पुण्डरीकहरु यत्र तत्र छरिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृथ्वीतलदेखि अकनिष्ठ भूवनसम्म आकाशमा फूलहरु छरिएका र पुष्पमालाले सुशोभित भएको नानारत्नहरु जडिएको खम्बाका पंक्तिहरु स्पष्ट देखिने, तथागत बुद्धले निर्माण गर्न लगाएको सवैप्रकारको चराहरुको झुण्डले सेवन गरेको बुद्धक्षेत्रलाई के तिमीले देखेका छौ ? अजितले भगवान् बुद्धलाई भन्नु भयो- हे भगवान् ! मैले त्यस्तो बुद्धक्षेत्रलाई दर्शन गरेको छुं । भगवान् बुद्धले भन्नुभयो- हे अजित महासत्त्व ! तिमीले फेरि यी अमर चराहरुको झुण्डले सेवन गरेका सम्पूर्ण बुद्ध क्षेत्रलाई बुद्धको सुमधुर स्वरले प्रतिध्वनित भइरहेको हुन्छ । जुन स्वरले यी बोधिसत्त्वहरुले सधैं बुद्धानुस्मृति भावना अटूट रुपले गरिरहेको हुन्छन त्यो देखेका छौ । अजित बोधिसत्त्वले भन्नुभयो- हे भगवन् ! मैले देखेको छु । भगवान् बुद्धले भन्नु भयो– हे अजित बोधिसत्त्व ! फेरि तिमीले यस पवित्र बुद्धक्षेत्रमा यी प्राणीहरुले आकाशमा शतसहस्र योजन लामो पुष्प विमानमा सत्कार पुर्वक चढेका देखेका छौ ? अजित बोधिसत्त्वले भन्नुभयो– हे भगवान् ! मैले देखेको छु ।भगवान् बुद्धले भन्नुभयो– हे अजित बोधिसत्त्व ! त्यसलाई तिमी के ठान्छौ ? पर निर्मितवशवर्ति लोकका देवताहरु र त्यस सुखावती लोकधातुमा वस्ने मनुष्यहरुमा के फरक पाउंछौ ? अजित बोधिसत्त्वले भन्नुभयो- हे भगवन् ! मैले एउटा पनि फरक देख्दिन । सिवाय त्यस सुखावती लोकधातुका मनुष्यहरु महा ऋद्धिवान छन् । भगवान् बुद्धले भन्नु भयो- हे अजित बोधिसत्त्व । फेरि तिमीले त्यस सुखावती लोकधातुमा यी मनुष्यहरुको राम्ररी फुलेका कमलको गर्भावासलाई देखेका छौ ? अजितले भन्नुभयो:– जस्तै त्रायस्त्रिंश भुवनका देवताहरु अथवा यामा नामका देवताहरु पचास योजन वा शययोजनसम्म, वा पाँचशय योजन सम्म लामो पुष्पविमानहरुमा ती देवताहरु आपसमा खेल्दछन् रमाउँछन् र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डुल्दछन् । हे भगवान् ! मैले यस्तै यस सुखावर्त। लोकधातुमा यी मनुष्यहरुको राम्ररी फुलेका कमलहरुमा गर्भावास भएको देखेको छुँ ॥ ४० ॥

हे भगवान् ! पुनः त्यस वुद्ध क्षेत्रमा जुन औपपादुक भइ जन्मेका प्राणीहरु कमलको फूलमाथी पद्मासनमै उत्पन्न हुन्छन् । हे भगवान् ! यसमा के हेतु होला ? के प्रत्यय होला ? जुन अरु प्राणीहरु कमलको फूलको कोपिलामा वसि जन्म लिन्छन् भने अरुहरु फेरि औपपादुक भएर कमलमाथि पर्यङ्कासनमा उत्पन्न हुन्छन् । भगवान् वुद्धले भन्नुभयो– हे अजित वोधिसत्त्व ! अरु वुद्धक्षेत्रहरुमा वस्नु भएका यी ती वोधिसत्त्वहरु सुखावतीलोकधातुमा जन्म लिनको निमित्त शंका गर्दछन्, त्यस्तो चित्त उत्पन्न गर्दा पनि कुशलमूलहरुनै रोपेका हुन्छन् । प्राणीहरुको यस्तो ठाउँमा पनि गर्भावास हुन्छ । फेरि जुन प्राणीहरुले शंका नगरिकन कुनैपनि इच्छा न गरीकन सुखावती लोकधातुमा जन्म लिनको लागी कुशलमूलहरु रोपेका हुन्छन् । तथागत वुद्ध भगवान्हरुको असङ्गज्ञानलाई नै चिन्तन गर्छन श्रद्धा गर्दछन्, र मुक्तिमा विश्वास गर्छन्, त्यस्ता औपपादक प्राणीहरु कमलको फूलहरुमाथि पर्यङ्क आसनमै उत्पन्न भइ जन्म लिन्छन् । हे अजित ! यी वोधिसत्व, महासत्वहरु अरु वुद्ध क्षेत्रहरुमा रहेर, अमिताभ तथागत अर्हत सम्यक सम्वुद्धको दर्शन गर्न चित्त उत्पन्न गर्छन, शंका उत्पन्न गर्दैनन्, तथागत वुद्धको असङ्ग ज्ञानमा पनि विश्वास गर्छन्, आफ्नो कुशलमूलमा श्रद्धागर्छन्, औपपादुक प्राणीहरु पर्यङ्कासनमै उत्पन्न हुन्छन् । ती प्राणीहरुको मुर्हतमात्रले यस्तो रुपको शरीर हुन्छ त्यस्तै धेरै समय पछि जन्मेका अरु प्राणीहरुको पनि यस्तै रुपको शरीर हुन्छ भनि विश्वास गर्छन् । हे अजित वोधिसत्त्व ! विशेष प्रकारको प्रज्ञा, नाप्न नसकिने प्रज्ञा र कहिल्यै अन्यथा नहुने प्रज्ञालाई पनि तिमी हेर । यी प्रज्ञाविशेषहरु पाँच शय वर्ष सम्म वुद्ध भगवान्को दर्शन गर्नाले आफनै कल्याणको लागी वंचित भएका हुन्छन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बोधिसत्त्वहरुको दर्शन गर्नाले, सद्धर्म श्रवणगर्नाले र सद्धर्म उपदेश दिनाले पनि । यो जुन शंकालु युक्त चित्तले गरेको कुशलमूल चर्या भए पनि सबैप्रकारका कुशलमूलरुपी संपत्तिहरु हीन हुन्छन् । यस्तै हे अजित ! राज्याभिषेक गरेका क्षेत्रीय राजाको कारागार हुन सक्छ त्यसमा सबै प्रकारको सुन पन्ना जडान गरिएको, जसमा सफा कपडा, फूलमालाको झुप्पा, नानाप्रकारको रङ्गले सजाइएको चंदुवा, रेशम कपडाले बेरिएको, नानाप्रकारको पुष्पवृक्षका फूलहरुले छरिएको सुगन्धित धूप दरबार र महलको झ्यालहरुमा वेदिका र विचित्र तोरणहरुले सजाइएको सप्तरत्न आदि जडित किङ्किणीजालले ढाकिएको, चारैतर्फ चारवटा ठूलाठूला स्तम्भहरु, चारवटा द्वारहरु र चारैवटा भऱ्यांगसमेत भएको त्यस ठाउँमा (दरबारमा) उनी राजकुमार कुनै प्रकारको कुकृत्यले गर्दा त्यस कारागारमा फ्याँकिएर जाम्बूनद सुवर्णमय सिखीहरुद्धारा बाँढिएको हुन्छ । त्यस दरबारमा त्यो राजकुमारको खोपीमा पलंग सजाइएको छ, नानाप्रकारको मूल्यवान गलैचाहरु ओछ्याएका छन्, तूलका पताका पटाहरु टागिएका छन्, कलिङ्गदेशका बहूमूल्य विछ्याउनेहरु, उत्तरतिर फर्काइ दुबैतिर पल्टन हुनेगरी रातो रंगका बिचित्र सुन्दर तकियाहरु राखिएका छन् । त्यस राजदर्बारमा उनी राजकुमार त्यसबेला राज होइबक्सेको अथवा सम्पन्न भएको होला । त्यस खोपीमा धेरै प्रकारका पवित्र, विनीत पेयपदार्थ र खाद्यपदार्थ राखिएका छन् । हे अजित ! तिमी के ठान्दछौ ? त्यस राजकुमारको सुखसयलका परिभोग सामान् अवश्य भव्य हुनु पर्छ ? अजितले भन्नु भयो । हे भगवान् ! भव्यनै छ ।

भगवान् बुद्धले भन्नु भयो, 'हे अजित बोधिसत्त्व ! तिमी के ठान्दछौ ? तिमीले ती खाद्यपदार्थहरु चाखेको होला त्यहाँ रात पनि बिताएको होला । त्यस आनन्दद्वारा मन प्रसन्न भएको होला ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अजितले भन्नु भयो, हे भगवान् ! निश्चय पनि हुँदैन । वरु राजाद्वारा त्यस कारागारमा फ्याँकिए पछि त्यसले कसरी बन्धनबाट छुट्टिने होला भनी इच्छा गर्ला । यस्तै त्यहांका राजकुमारहरुलाई, अमात्यहरुलाई, स्त्रीहरुको आगारहरुलाई महाजनहरुलाई, गृहपति (घरका मालिकहरु) हरुलाई, महलका राजाहरु लाई पनि सेवा सुश्रुषा गरेको होला । जस्ले यसलाई (वन्धनमा परेकालाई) त्यस कारागारबाट छुट्टयाई देलान् । तर हे भगवान् ! त्यस राजकुमारलाई त्यस कारागारमा बस्न मन पराउँदैन, न त त्यस ठाउवाट मुक्ति नै पाइन्छ, जवसम्म राजा प्रसन्न हुँदैन् । भगवानले भन्नु भयो– हे अजित ! यस्तै हो । ती बोधिसत्त्वहरु शंकामा परेका छँदो कुशलमूलहरु बीजको रुपमा रोप्छन् । तर बुद्धकाज्ञानलाई भने शंका गर्छन् । तर पनि त्यस्तो बुद्धको नाम श्रवण गर्नाले, त्यसवाट चित्त प्रसन्न गरेका मात्रले यस सुखावती लोकधातुमा उत्पन्न हुन्छन् । औपपादक भई पर्यंक आसनमै कमलको फूलमा उत्पत्ति हुँदैन् । तैपनि कमलको फूलहरुमा भने उत्पन्न भइ जन्म हुन्छन् नै । तैपनि बोधिसत्त्वहरुको त्यस बुद्धभूमिमा उद्यान र विमानको संज्ञा हुन्छन् । त्यहां मलमूत्रको विसर्जन पनि हुन्दैन । सिंगान र खकार पनि हुँदैन । मनलाई प्रतिकूल हुने अवस्था केहि पनि हुदैन ।

तर पाँचशय वर्षसम्म भने बुद्धको दर्शन गर्नु, धर्म श्रवण गर्नु, बोधिसत्त्वहरुको दर्शन गर्नु, धर्मको छलफल गर्नु, धर्माभ्यास गर्नुबाट अलग हुन्छन् । तर पनि ती बोधिसत्वहरु त्यस बुद्ध भूमिमा त्यसै रमाउँदैनन् संन्तुष्ट पनि हुँदैनन् । तै पनि अघिपछि त्यस ठाउंमा विताएका हुन्छन् । फेरि पछि निस्कन्छन् । त्यसरी निस्केपछि बोधिसत्वहरुलाई निस्केको भाव थाहा हुँदैन, न माथिवाट न तलवाट न त तेर्सोबाट नै, कहांबाट वाहिर निष्काशन हुने हो थाहा पाउँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे अजित बोधिसत्त्व ! हेर यसरी पाँच शय वर्षसम्म, धेरै बुद्ध भगवानहरुको कोटि, नियुतर शत सहस्रसंख्याका उपस्थानहरु पनि होलान् । धेरै परिमाणै गर्न नहुने, असंख्य र अप्रमेय संख्याका कुशलमूलहरुको बीज यस धरतीमा रोप्नुपर्छ । त्यो सबै शंका दोषले नाश पार्छन् ।

त्यसकारण हेर, हे अजित ! ती बोधिसत्त्वहरुको शंकाले कहांसम्म धेरै अनर्थ ल्याउंने हुन्छ ।

हे अजित ! त्यसकारण यदि बोधिसत्त्वहरुले बोधिज्ञानको निम्ति बोधिचित्तको भावनागरी चाँडैनै सम्पूर्ण प्राणीहरुको कल्याण र सुख दिनको निम्ति समर्थता पाउनको निमित्त सुखावती लोकधातुमा जन्म हुनको लागि कुशलमूल (धर्महरु) परिणामना गर्नु पर्छ । जुन ठाउँमा अमिताभ तथागत अर्हत् सम्यक् सम्बुद्ध विराजमान भएको छ ॥ ४१ ॥

यति भगवान् बुद्धले आज्ञा भएपछि बोधिसत्त्व अजितले भगवान् बुद्धलाई प्रणाम गरी भन्नु भयो- हे भगवान्, के फेरि बोधिसत्त्वहरु यस बुद्ध भूमिबाट निस्केर वा अरुनै बुद्ध क्षेत्रहरुवाट आई यस सुखावती लोकधातुमा जन्म लिन्छन् त ? भगवान् बुद्धले भन्नुभयो– हे अजित बोधिसत्त्व ! निश्चयनै यस बुद्धक्षेत्र बाट बहत्तर कोटि नियुत संख्याका बोधिसत्वहरु निस्केर सुखावतीमा जन्म भएका छन् । परिनिस्पन्न भएका जुन बोधिसत्त्वहरु सुखावती लोकधातुमा पुगेका हुन्छन् । कोटि, नियुत, शत, सहस्रसंख्याका धेरै बुद्धहरुको सेवा गरी वीजको रुपमा रोपिएका कुशलमूलहरुद्वारा अवैवर्तिक भएका छन् । अरुको त के कुरा ? दुस्प्रहस्य तथागतको बुद्धक्षेत्र वाट कम कुशलमूल भएका बोधिसत्त्वहरु मात्रै अठान्ह कोटि, नियुत, र शय संख्यामा सुखावती लोकधातुमा उत्पत्ति हुनेछन् । पूर्व दिशामा रत्नाकर तथागत विराजमान हुनु भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस तथागतको ठाउँबाट ९९,००००,००० नब्बे कोटि संख्याका बोधिसत्त्वहरु सुखावती लोकधातुमा जन्म लिने छन् ।

ज्योतिप्रभ नाम भएका तथागतको ठाउँबाट २२,००००,००० वाइस कोटि बोधिसत्त्वहरु सुखावती लोकधातुमा जन्म लिने हुन्छन् । अमितप्रभ तथागतको ठाउँबाट २५,००००,००० पचीस कोटि संख्याका बोधिसत्त्वहरु सुखावती लोकधातुमा जन्मिनेछन् । लोकप्रदीप तथागतको ठाउँबाट ६०,००००,००० साठी कोटिसंख्याका बोधिसत्त्वहरुले सुखावती लोकधातुमा जन्म लिने हुन्छन् ।

नागाभिभु तथागतको ठाउँबाट ६४,००००,००० चौसठी कोटि संख्यामा बोधिसत्त्वहरुले सुखावती लोकधातुमा जन्म पाउने हुन्छन् । विरज: प्रभनामको तथागतको ठाउँबाट २५,००००,००० पचीसकोटि संख्याका बोधिसत्त्वहरु सुखावती लोकधातुमा जन्म पाउने हुन्छन् । सिंहतथागतको ठाउँबाट १६,००००,००० सोन्हकोटि संख्याका बोधिसत्त्वहरुले सुखावती लोकधातुमा जन्म पाउने हुन्छन् । फेरि अर्को सिंह तथागतको ठाउँबाट १८,००० अठान्ह हजार संख्याका बोधिसत्त्वहरुले सुखावती लोकधातुमा जन्म पाउने हुन्छन् ।

श्रीकूट तथागतको ठाउँबाट एक्कासी कोटि नियूत संख्याका बोधिसत्त्वहरुले सुखावती लोकधातुमा जन्म पाउने हुन्छन् । नरेन्द्रराज नामको तथागतको ठाउँबाट दश कोटि नियूत संख्याका बोधिसत्त्वहरुले सुखावती लोकधातुमा जन्म लिने हुन्छन् । बलाभिज्ञ नामको तथागतको ठाउँबाट १२,००० बान्ह हजार संख्याका बोधिसत्त्वहरुले सुखावती लोकधातुमा जन्म लिने हुन्छन् ।

पुष्प ध्वज नामको तथागतको ठाउँबाट पचीस कोटि संख्याका वीर्य वल प्राप्त भएका बोधिसत्त्वहरुले, एक हप्ताको आठ दिनको हिसावले एउटै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थानमा प्रस्थान गरि नब्बे कल्प कोटि नियूत, शत, र सहस्र संख्याको समयसम्म आफ्नो मुख पश्चिमतिर फर्कि सुखावती लोकधातुमा जन्म पाउने हुन्छन्। ज्वलनाधिपति तथागतको ठाउवाट बाऱ्ह कोटि संख्याका बोधिसत्त्वहरुले सुखावती लोकधातुमा जन्म लिनेछन्। वैशारद्यप्राप्तनामको तथागतको ठाउंबाट ६९,००००,००० उनान्सत्तरी कोटि संख्याका बोधिसत्त्वहरुले अमिताभ तथागतको दर्शन गर्न र वन्दना गर्न र सेवा गर्नको निम्ति यस्तै प्रश्न गर्नको निम्ति र विशेष प्रश्न गर्नुको निम्ति सुखावती लोकधातुंमा जन्म लिने छन्। यस कारणले हे अजित, परि पूर्णकल्प कोटि नियूत संख्यासम्म ती तथागतहरुको पवित्र नामहरु, मैले परिकीर्तन गर्न सक्छु। जसवाट ती बोधिसत्त्वहरु सुखावती लोकधातुमा अमिताभ नामगरेको तथागतलाई दर्शन गर्न, वन्दना गर्न सेवा गर्न त्यहां पुग्ने छन्। तर त्यसको सीमासम्म भने पुग्न सकिदैनन्॥ ४२॥

हेर, हे अजित ! जुन प्राणीहरुले अमिताभ तथागत अर्हत् सम्यक सम्बुद्ध भगवान्को नाम सुन्छन्, ती प्राणीहरुले धेरै लाभ गरेका हुन्छन्। यी प्राणीहरु हीनाधिमुक्ति पनि हुने छैन, बरु पछि एकचित्तले त्यस अमिताभ तथागत प्रति प्रशन्न हुन्छ र यस धर्मपर्यायमा पनि। त्यसकारण, हे अजित बोधिसत्त्व ! म तिमीलाई देवगणले सहित लोकको अगाडि यस धर्मपर्याय सुनाउन आग्रह गर्छु। त्रिसाहस्र र महासाहस्र लोकधातु पूरा आगोमा डुबेर रहंदा यदि एक चोटि मात्र पनि त्यहां वाट उम्कने वैराग चित्त उत्पन्न गरेमा त्यो कहिल्यै फर्कने छैन। त्यो के कारणले त ? हे अजित बोधिसत्त्व ! कोटि संख्याका बोधिसत्त्वहरु यस्तो प्रकारका धर्मपर्यायहरुको श्रवण न गर्नाले, यिनीहरु अनुत्तर सम्यक सम्बोधि ज्ञानमा नरहने हुन्छन्। त्यसकारण यस धर्मपर्यायको धर्मश्रवण, धर्मग्रहण, र धर्मधारण गर्नुको निम्ति अनुभुतिको लागी, विस्तारै राम्ररी प्रकाश गरेर पनि धेरै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिहेनतपूर्वक अति ठूलो पराक्रम गर्नु पर्छ । त्यसकारण एक रात र एकदिन भए पनि, एकपल्ट गाइलाई दुहुने समयसम्म पनि, पुस्तकलाई मनमा धारण गरी राम्ररी लेखेर धारण गरि राख्नु पर्छ । त्यस्तो उपाध्याय उपदेश दिनेलाई शास्ता संज्ञा दिनु पर्छ, जसले अपरिमितसंख्याका प्राणीहरुलाई चाँडैनै अवैवर्तिकत्वमा पुऱ्याई अनुत्तर सम्यक् सम्बोधिज्ञानमा स्थापना गर्न ईच्छा गर्छ । त्यत्ति मात्र होइन उनी भगवान् अमिताभ तथागतको बुद्धक्षेत्र लाई दर्शन गर्न, र आफुलाई विशिष्ट गुणलेयुक्त त्यस्तै बुद्धक्षेत्ररुपी गुणालङ्कारव्यूह संपत्तिलाई ग्रहण गर्न इच्छा गर्छ । हे अजित बोधिसत्त्व ! ती बोधिसत्त्वहरु अतिनै लाभ पाउने भएका छन किन भने यिनीहरुले अतितका तथागतहरु संग वसि कुशलमूल रोपेका हुनेछन्, अधिकार पाएका हुनेछन् र बुद्धहरुलाई अधिष्ठान गरेका पनि हुनेछन् । तिनीहरुले अहिले देखि भविष्यमा सद्धर्मको लोप हुने बेलासम्म, वर्तमान समयमा यस्तै प्रकारका उदार धर्म शास्त्र, सवै बुद्धहरुले वर्णन गरेका, सवै बुद्धहरुले प्रशंसा गरेका, सवै बुद्धहरुले स्वीकार गरेका, महान सर्वज्ञ ज्ञान चांडै प्रकट हुने भएका, धर्महरु श्रवण गर्न पनि आउने छन । यी धर्मश्रवण गरेर धेरै प्रीति आनन्द पनि पाउनेछन्, धर्म ग्रहण गर्नेछन्, धर्मधारणा गर्नेछन्, धर्म व्याख्यान गराउने छन्, धर्मको अनुभुति हुनेछन्, अरुलाई विस्तारपूर्वक धर्म प्रकाश पारिदिने छन् । भावना गर्नमा लागेका हुनेछन् । अन्तमा लेखेर पूजा गर्नेछन् । ती प्राणीहरुले धेरै नै पुण्य प्राप्त गर्नेछन्, जुन पुण्यको गणना गर्न सजिलो छैन । हे अजित वोधिसत्त्व ! यति तथागतले जे गर्नु थियो, मैले पनि गरे ।

तिमीहरुले पनि अहिले कुनै प्रकारको शंका नराख । असङ्ग तथा दोष नभएको तथागतको ज्ञानमा कुनै शंका गर्नु पर्दैन । सवैप्रकारको आकारले युक्त भएको आरोपित रत्नमय वन्धनागारमा प्रवेश नगर । हे अजित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बोधिसत्त्व ! निश्चय नै बुद्धको उत्पत्ति दुर्लभ हुन्छ । धर्मदेशना पनि दुर्लभ हुन्छ, क्षण संपद दुर्लभ हुन्छ । हे अजित बोधिसत्त्व ! मैले सबै प्रकारको कुशलमूलद्वारा पारमिता प्राप्त गर्ने मार्ग मैले व्याख्या गरें । अहिले तिमीहरुले दुर्लभ ज्ञान पाउने प्रयत्न गर । हे अजित बोधिसत्त्व ! फेरि यस धर्म पर्यायको ठूलो महत्व राख्छु । बुद्ध धर्म लाई विनाश एवं लोप हुन वाट वचाउन पराक्रम गर । तथागतको आज्ञालाई अवहेलना न गर । ॥ ४३ ॥

त्यस बखत भगवानले यो गाथा बोल्नु भयो:-

यस्ता मेरा कुराहरु अपुण्यवानहरुले श्रवण गर्न सक्दैन्, तर शूरभएका अर्थ सिद्ध गर्नेहरुले यस्ता बोली सुन्छन् ॥ ४९ ॥

जुन बोधिसत्त्वहरुले लोकका नाथ हुनु भएका प्रभा फैलाउने भएका सम्यकसंबुद्धलाई देखेका छन्, गौरवपूर्वक धर्म सुनेका छन् ती बोधिसत्त्वहरुले ठूलो प्रीति पाउने छन् ॥ ५० ॥

अल्छी चित्त भएका हीन प्राणीहरुले तथागतको धर्ममा आनन्द पाउन सक्दैनन् । जुन बोधिसत्त्वहरुले बुद्ध क्षेत्रहरुमा भक्तिपूर्वक पूजा गरे, त्रैलोकमा नाथ हुनु भएका तथागतहरुको शिक्षा चर्या सिक्दछन् ॥ ५१ ॥

अन्धो मानिसले अन्धकारमा बाटो थाहा पाउन सक्दैन भने कहाँबाट उसले प्रकाश दिन सक्ला । त्यसरी नै बुद्धको ज्ञानमा श्रावक मात्र हुनेले सवै थाहा हुदैन भने अज्ञानी प्राणीहरु हरुको त के कुरा ॥ ५२ ॥

निश्चय नै बुद्धले नै बुद्धको गुणहरुलाई जान्दछ । तर देव, नाग, दैत्य, यक्ष र श्रावकहरु तथा प्रत्येक बुद्धले पनि बुद्ध भगवान्को गुणहरुलाई जाँदैनन् । बुद्धको ज्ञानलाई प्रकाशगर्न सक्ने हुदैन ॥ ५३ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि यस धरतीमा सबै प्राणीहरु समान होलान्, तथागतको विशुद्ध ज्ञानमा परमार्थ कुरामा सिपालु होलान् तर ती प्राणीहरु कल्पकोटि वर्षमा पनि वा त्यो भन्दा बढि समयमा पनि एक बुद्धको पनि सबै गुणहरुलाई पनि भन्न सक्दैनन् ॥ ५४ ॥

यस पछि ती सबै प्राणीहरु निर्वाण भएर धेरै कल्पकोटि समयसम्म धर्म प्रकाश गरे पनि बुद्धको ज्ञानको प्रमाण पाउन सकिदैन । त्यस्तै नै जिनहरुको (तथागतहरुको) ज्ञान विषयमा आश्चर्य नै मान्नु पर्छ ॥ ५५ ॥

त्यसकारण विज्ञजाति भएको पुरुष पण्डित हुन्छ । जसले मेरो (तथागतको) वाक्यमा ठूलो श्रद्धा भाव राख्दछ । त्यो व्यक्तिले प्रत्यक्ष सम्पूर्ण तथागतको ज्ञानका मार्गहरुलाई जानिन्छ, बुद्धलाई जानिन्छ, त्यसले तथागतको वाक्यलाई पनि प्रकाश पार्नु पर्छ ॥ ५६ ॥

कहिले काहि दुर्लभ मनुष्य जन्म पाउने हुन्छ, कहिले काहिँ बुद्धहरु प्रादुर्भाव हुन्छन् । धेरै समय सम्म तथागत प्रति श्रद्धा अर्थ र प्रज्ञाज्ञान पनि पाइन्छ । त्यही बुद्ध भगवान्को अर्थप्राप्तिको लागि वीर्य (पराक्रम) उत्पन्न गर्नु पर्छ ॥ ५७ ॥

जुन व्यक्तिले यस्तो उत्तम धर्मकथा, र उपदेश सुनेर प्रीति (आनन्द) पाउँछन् । तथागतलाई संस्मरण गर्दै, ती भक्त जुन हाम्रा अतीत(पूर्व)का मित्रलाई संस्मरण गर्छन् । तथागतको मार्गमा पुग्ने प्रयत्न गर्छन् । जुन भक्तजनहरुले तथागतको ज्ञान पाउन पनि छन्दलाई पनि जान्दछन् ॥ ५८ ॥ यस्तो बुद्ध भगवान्ले गाथा भन्नु भयो ॥ ४४ ॥

निश्चय नै फेरि यस धर्म पर्यायको व्याख्या भइरहंदा बाह्र नियूत कोटि संख्याका प्राणीहरुको विरज विमल धर्महरुमा विशुद्ध धर्मचक्षु प्राप्त भयो । यस्तै चौबीस कोटि नियुतशत संख्याका फल पाएको थियो । आठशय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भिक्षुहरुको भव आस्रवहरुवाट चित्त विमुक्त पनि भए । पचीस कोटि संख्याका बोधिसत्त्वहरुले अनुत्पत्तिक धर्मक्षान्ति पनि पाएका थिए । देव र मनुष्यगणहरु तथा प्रजासमेतगरि चालीस कोटि, नियुत, शतसहस्र संख्याका प्राणीहरुले पहिले कहिल्यै उत्पन्न न भएका अनुत्तर सम्यक् सम्बोधिज्ञानमा चित्त उत्पन्न गरे । त्यस सुखावती लोकधातुमा जन्म लिन अमिताभ तथागत भगवान्को दर्शन गर्न इच्छा भएकोले कुशलमूलहरु रोपे । ती सबै प्राणीहरु त्यस सुखावतीभुवनमा जन्म लिइ क्रमैसंग मञ्जुस्वर जस्ता नाम गरेका तथागतहरु अरु लोकधातुहरुमा जन्मने छन् । अस्सी नियुत कोटि संख्याका बोधिसत्त्वहरु दीपंकर तथागतको पालामा क्षान्ति पाइ अवैवर्त्तिकत्व पाएका बोधिसत्त्वहरु सुखावती लोकधातुमा जन्म लिएर पहिलेको प्रणिधान चर्याहरुलाई राम्ररी पालना गर्नेछन् ॥ ४५ ॥

त्यस समयमा यो त्रिसाहस्र महासाहस्र लोकधातुमा ६ प्रकारले कम्पायमान् भयो । अनेकप्रकारका प्रातिहार्य चमत्कारहरु देखिए । पृथ्वीमा सबै सुधार भए । दिव्यमनुष्यको तूर्यबाजा दुन्दुभिहरु बजिएको सुनिए । अनुमोदना शब्दले अकनिष्ठ भूवनसम्म गुञ्जिरहेको सुनियो ॥ ४६ ॥

यत्ति भनिसकेपछि भगवान् चूप लाग्नु भयो । अजित नाम गरेको बोधिसत्त्व महासत्त्व र आयुष्मान् आनन्द भिक्षु लगायत त्यो धर्मसभामा सम्पूर्ण देवगण, मनुष्यगण, दैत्यगण, गरुड र गन्धर्व लोकहरुद्वारा तथागत भगवान्को वचनलाई अनुमोदन गरि प्रसन्न भए ॥ ४७ ॥

अमिताभ तथागत भगवान्को सुखावती भूवनको गुण वर्णन र परिकीर्तन सुनेर बोधिसत्वहरुले अवैवर्तिक भूमिमा प्रवेश गरे । अमिताभ तथागत भगवान्को परिवर्त सुखावतीव्यूह नाम गरेको महायानसूत्र यही समाप्त हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमिताभ बुद्ध बोधिसत्वहरुलाई उपदेश दिनुहुदै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



सुखावती भूवनको दृष्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुखावती भूवनमा अमिताभ बुद्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुखावतीव्यूह सूत्र

संक्षिप्तमातृका

॥ नमः सर्वज्ञाय ॥

१) मैले यसरी सुनेको छु। एक समयमा, भगवान बुद्ध अनाथपिण्डकको श्रावस्तिस्थित आराम वगैचामा रहेको जेतवन विहारमा वाऱ्ह शय पचास विशाल भिक्षुसंघका साथ विराजमान हुनुहुन्थ्यो ।

तिनीहरु सवै पंचाभिज्ञा सम्पन्न स्थविर, महाश्रावक तथा अर्हतहरु थिए । उनीहरुको नाम देहाय बमोजिम छः स्थविर शारिपुत्र, महामौदगल्यायन, महाकाश्यप, महाकप्फिण, महाकात्यायन, महाकौष्ठिल, रेवत, शुद्धिपन्थक, नन्द, आनन्द, राहुल, गवाम्पति, भरद्वाज, कालुदायी, वक्कुल र अनिरुद्ध। यी र अन्य धेरै महाश्रावकहरुका साथ र अनेक आर्य बोधिसत्वहरुका साथ भगवान बुद्ध विराजमान हुनुहुन्थ्यो। ती बोधिसत्वहरु हुन् : मञ्जुश्री कुमारभूत, बोधिसत्व अजित, बोधिसत्व गन्धहस्ति, बोधिसत्व नित्योद्युक्त, बोधिसत्व अनिक्षिप्तधुर। उहाँका साथमा यी र अरु धेरै आर्य बोधिसत्वहरुका साथ र शक्र देवराज, ब्रम्हा सहाम्पति पनि थिए। यी र अन्य धेरै शतसहस्रनयूत देवपुत्रहरुका साथ भगवान बुद्ध श्रावस्तिमा विराजमानहुनुहुन्थ्यो ।

२) त्यसपछि, भगवान बुद्धले आयुष्मान शारिपुत्रलाई आमन्त्रणा गरी भन्नुभयो, "हे शारिपुत्र ! यहाँबाट शतसहस्रकोटि बुद्धक्षेत्रहरु पर पश्चिममा सुखावती नामक एउटा लोकधातु छ । त्यहाँ अहिले अमितायु नामक अर्हत सम्यक सम्बुद्ध यापन गर्दै विराजमान हुनुहुन्छ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँ धर्मदेशना पनि गर्दै हुनु हुन्छ "अव, हे शारिपुत्र ! तिम्रो विचारमा के कारणले त्यस लोकलाई सुखावती भनिएको होला त ? किनभने त्यस सुखावती भुवनमा सत्वहरुका कायिक वा मानसिक दुःख छैनन् । सुखका श्रोतहरु त्यहाँ असंख्य छन् । त्यस कारणले त्यस लोकधातुलाई सुखावती भनिएको हो ।"

३) "फेरी, हे शारिपुत्र ! त्यो सुखावती लोकधातु सप्त वेदिका, सप्तताल वृक्षपंक्ति र किँकिंजालहरुद्वारा अलंकृत छन् । हरेक छेउ दर्शनीय, चार रत्नहरुः सुन, चाँदि, वैदूर्य र स्फटिकद्वारा घेरिएका छन् । यस्ता प्रकारका गुणव्यूहद्वारा त्यो वुद्धक्षेत्र अलंकृत छन् ।"

४) "पुनश्च, हे शारिपुत्र ! त्यस सुखावती लोकधातुमा सप्तरत्नः- सुन, चाँदि, वैदूर्य, स्फटिक, रातो मोति, हीरा र मुगाले भरपूर कमलका सरोवरहरु छन् । ती सरोवरहरु आठ गुणहरुद्वारा युक्त पानीले भरिएका हुन्छन्, ती सरोवरको पानीको सतह निकै माथि तीर्थस्थानको उचाइसम्म वढ्ने हुनाले कागहरुले पनि सजिलै त्यहाँको पानी खान सक्छन् ; त्यो कमलको पोखरीको पीढंमा सुनको वालुवा भरिएका छन् ; र त्यो कमलको सरोवरको चारैतर्फ चारवटा अति दर्शनीय र उज्ज्वल तथा चार रत्नहरु जस्तै सुन, चाँदि, वैदूर्य र स्फटिकले अलंकृत भच्यांगहरु छन् । हरेक छेउमा अति दर्शनीय र उज्ज्वल तथा सप्तरत्नः सुन, चांदि, वैदूर्य, स्फटिक, रातो मोति, हीरा र मुगाले अलंकृत रत्नवृक्षहरु उम्रिरहेका छन् ।"

ती सरोवरहरुमा कमलको फूलहरु उम्रिरहेका हुन्छ । ती कमलको फूलहरु क्रमशः नीलो, नीलो वर्णमयी, नीलो प्रभा, नीलनिदर्शन वा हेर्दा नीलो देखिने ; पहेलो , पहेलो वर्णमयी, पहेलो प्रभा, पीतर्निदर्शन वा हेर्दा पहेलो देखिने, त्यस्तै रातो, रातोवर्ण, रातो प्रभा, लोहित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निदर्शन वा हेर्दा रातो देखिने ; त्यस्तै सेतो , सेतोवर्ण, सेतो प्रभा, श्वेतर्निदर्शन वा हेर्दा सेतो देखिने; त्यस्तै सुन्दर, सुन्दरवर्ण, सुन्दर प्रभा, सुन्दर निदर्शन वा हेर्दा सुन्दर देखिने साथै चित्र, चित्रवर्ण, चित्रप्रभा, चित्रर्निदर्शन वा हेर्दा चित्र देखिने हुनुका साथै परिधि रथका पाङ्ग्रा समान ठुला छन्। एवं प्रकारले हे शारिपुत्र, यहां यस्ता प्रकारका गुणब्यूहले यो बुद्धक्षेत्र अलंकृत छ।

५) "पुनः, हे शारिपुत्र ! त्यस बुद्धक्षेत्रमा, सदैव दिव्य सागीतिक बाजाहरु प्रतिध्वनित भइरहन्छ, र पृथ्वी रमणीय एवं सुनौलो रङ्गको हुन्छ। त्यस बुद्धक्षेत्रमा, हरेक दिन र रात तीन तीन पल्ट दिव्य मान्दारव पुष्पहरुको वृष्टि हुन्छ। पुनः, त्यहाँ जन्मने प्राणीहरुले प्रभातीय भोजन ग्रहण गर्नु अघि अन्य लोकधातुहरुमा गएर शतसहस्रकोटि बुद्धहरुलाई वन्दना गर्छन् ; र प्रत्येक तथागतमा ती शतसहस्रकोटि फूलहरु वर्षा गरेपछि समयमै तिनीहरु आफ्नो लोकधातुमा दिवा विश्रामको लागि फर्कन्छन्। एवं प्रकारले हे शारिपुत्र, यहां यस्ता प्रकारका गुणब्यूहले यो बुद्धक्षेत्र अलंकृत छ।

६) "पुनश्चः, हे शारिपुत्र ! त्यस बुद्धक्षेत्रमा, राजहाँस, क्रौञ्च, र मयूरहरु छन्। हरेक रातको तीनपल्ट र हरेक दिनको तीनपल्ट तिनीहरु एकैसाथ आउछन् र हरेकले आ-आफनो शव्दमा गीत गाएर संगीत वजाउंछन्। र तिनीहरुको यस्तो मधुरमय शब्दवाट पञ्चेन्द्रिय, पञ्चबल र सप्तबोध्यङ्गको शव्द प्रस्फुटित हुन्छ। जव त्यहांका मानिसहरुले त्यो शव्द सुन्छन्, तिनीहरुको मनमा बुद्धानुस्मृति, धर्मानुस्मृति र संघानुस्मृति उत्पन्न हुन्छ।"

"अव, हे शारिपुत्र ! के तिमी ती सत्वहरु तीर्यकयोनीमा जन्म लिएका हुन् भनी सोच्छौ त ? यसरी सोच्नु हुन्न। त्यस बुद्धक्षेत्रमा नरक भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाममात्र पनि हुँदैन । यसरी नै त्यहां कसैलाई तीर्यक योनि, यमलोक इत्यादिको नाम मात्र पनि थाहा हुदैन । खास कारण के हो भने यस्ता जातिका पँक्षीहरु लाई तथागत अमितायुले आफनै इच्छावाट निर्मित गर्नुभएका हुन् । र ती पंक्षीहरुले धर्मको शव्द बोल्छन् । एवं प्रकारले हे शारिपुत्र ,यहां यस्ता प्रकारका गुणव्यूहले यो बुद्धक्षेत्र अलंकृत छ ।

७) "पुनश्चः, हे शारिपुत्र ! जव त्यस बुद्धक्षेत्रका ती तालवृक्षपंक्ति र किकिञ्जालहरुलाई वायुद्वारा हल्लाइन्छन, एक अतिमधुर मनोज्ञ शव्द तिनीहरुबाट प्रस्फुटित हुन्छ । हो, हे शारिपुत्र ! जसरी शतसहस्रकोटि शव्द सम्पन्न दिव्य सांगीतिक वाजा आर्यहरुले वजाएको वेला अत्यन्तै मधुर र मनोज्ञ शव्द निस्कन्छ । यसरिनै यी तालवृक्षपंक्ति र किकिञ्जालहरुलाई वायुद्वारा हल्लाएपछि अत्यन्तै मधुर र मनोज्ञ शव्द निस्कन्छ । जव मानिसहरुले त्यो शव्द सुन्छन्, तिनीहरुको मनमा बुद्धानुस्मृति धर्मानुस्मृति र संघानुस्मृति उत्पन्न हुन्छन् । एवं प्रकारले हे शारिपुत्र ! यहां यस्ता प्रकारका गुणव्यूहले यो बुद्धक्षेत्र अलंकृत छ ।

८. "अव, हे शारिपुत्र ! तिमी के सोंच्छौ ? के कारणले उहां तथागतलाई अमितायु भनिएको हो ? हे शारिपुत्र ! उहाँ तथागतको र त्यहांका प्राणिहरुको आयुसंस्कार अप्रमेय (अमित) छ । त्यसैले, उहां तथागतलाई अमितायु भनिएको हो । हे शारिपुत्र ! उहां तथागतले अनुत्तर सम्यक सम्वोधि प्राप्त गर्नुभएको दश कल्प वितिसक्यो ।"

९. "पुनः, हे शारिपुत्र ! तिमी के सोच्छौ ? के कारणले उहाँ तथागतलाई अमिताभ भनिएको हो ? हे शारिपुत्र ! उहां तथागतको तेज (आभा) निर्वाध रुपले सवै बुद्धक्षेत्रहरुमा व्याप्त छन् । त्यसैले उहां तथागतलाई अभिताभ भनिएको हो ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"पुनश्चः, हे शारिपुत्र ! तथागत अमितायुको अप्रमेय, असंख्य श्रावकहरुको संघ छन्। ती संघहरु शुद्ध तथा आदरणीय अर्हतहरु हुन् जसको गिन्ती गर्न सजिलो छैन । एवं प्रकारले हे शारिपुत्र ! यहां यस्ता प्रकारका गुणब्यूहले यो बुद्धक्षेत्र अलंकृत छ ।

१०. "पुनश्चः, हे शारिपुत्र ! तथागत अमितायुको त्यस बुद्धक्षेत्रमा जन्मने शुद्ध बोधिसत्वहरु, अवैर्वतीक हुन्छन र एकजन्म मात्र लिन बांकी हुनेहरु हुन्छन् त्यस्ता बोधिसत्वहरुको संख्या पनि गणना गरेर साध्य छैन खालि अनगिन्ती छ भन्छन् ।

"पुनश्चः, हे शारिपुत्र ! सवै सत्वहरुले त्यस बुद्धक्षेत्रको लागि प्रणिधान गर्नुपर्छ। त्यो किन ? किनकी तिनीहरु यस बुद्धक्षेत्रमा यस्ता उत्तमपुरुष भएर आउँछन् । प्राणीहरु तथागत अमिताभको त्यस बुद्धक्षेत्रमा यस वर्तमान जीवनमा गरेका कर्मको बिपाकफल र पुरस्कारस्वरुप जन्मने होइनन् ।" कुलपुत्र वा कुलपुत्रीले अमितायु तथागतको नाम सुनेर त्यसलाई चित्तमा धारण गर्छ र अविक्षिप्त चित्तले एक, दुई, तीन, चार, पांच, छ वा सात रातसम्म त्यसलाई चित्तमा धारण गर्छ। जव त्यो कुलपुत्र वा कुलदुहिता मरणाशन्न हुन्छ, त्यसवेला, श्रावकसंघ तथा बोधिसत्वगणहरुद्वारा परिवृत भएर उसको मरण क्षणमा उसको सामु तथागत अमितायु प्रकट हुनुहुन्छ र उनीहरु अक्षुव्ध, शान्त चित्त लिएर देहत्याग गर्छन्। मरणोपरान्त उनीहरु अमितायु तथागतकै बुद्धक्षेत्र, सुखावती लोकमा जन्मन्छन्। तसर्थ, हे शारिपुत्र ! यो हेतु र फललाई अववोध गरी म यो भन्छु कि, हरेक कुलपुत्र वा कुलपुत्रीले त्यस बुद्धक्षेत्रको लागी अतिश्रद्धापूर्वक प्रणिधान गर्नुपर्छ ।

११. "पुनः, अव हे शारिपुत्र ! जसरी मैले अहिले त्यस लोकको गुणकिर्त्तन गर्दै छु, त्यसरीनै पूर्वमा, हे शारिपुत्र ! तथागत अक्षोभ्य,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथागत मेरुध्वज, तथागत महामेरु, तथागत मेरुप्रभास र तथागत मञ्जुध्वज जस्ता प्रमुख वुद्धहरु लगायत गंगा नदीका वालुवाका संख्या समान अनगिन्ती अन्य वुद्धहरुले आफ्ना आफ्नो जिव्रोले वुद्धक्षेत्रलाइ ढाकेर यसरी भन्नु हुन्छ। यो अचिन्त्य गुण परिकिर्तन सर्ववुद्ध परिग्रह नामक धर्मपर्याय लाइ ग्रहण गर।"

१२. "यसरी नै दक्षिणमा, तथागत चन्द्रसूर्यप्रदीप, तथागत यशप्रभ, तथगत महार्षिस्कन्ध, तथागत मेरुप्रदिप, तथागत अनन्तवीर्य जस्ता प्रमुख वुद्धहरु लगायत गंगा नदीका वालुवाका संख्या समान अनगिन्ती अन्य वुद्धहरुले त्यसलाई आफ्नो आफ्नो जिव्रोले वुद्धक्षेत्रलाइ ढाकेर यसरी भन्नुहुन्छ। यो अचिन्त्य गुणपरिकिर्तण सर्ववुद्ध परिग्रह नामक धर्मपर्याय लाई ग्रहण गर।"

१३) "यसरी नै पश्चिममा पनि, तथागत अमितायु तथागत, अमितस्कन्ध, तथागत अमिध्वज, तथागत महाप्रभ, तथागत महारत्न केतु, तथागत शुद्धरस्मिप्रभ जस्ता प्रमुख वुद्धहरु लगायत गंगा नदीका वालुवाका संख्या समान अनगिन्ती अन्य भगवान वुद्धहरु आफ्नो आफ्नो जिव्रोले वुद्धक्षेत्रलाइ ढाकेर यसरी भन्नुहुन्छ। यो अचिन्त्य गुण परिकिर्तन सर्ववुद्ध परिग्रह नामक धर्मपर्यायलाई ग्रहण गर।"

१४. "यसरी नै उत्तरमा पनि, तथागत महार्चिस्कन्ध, तथागत वैश्वानरनिर्घोष, तथागत दुंदुभिस्वरनिर्घोष, तथागत दुष्प्रधर्ष, तथागत आदित्यसम्भव, तथागत ज्वलनप्रभ, तथागत प्रभाकर जस्ता प्रमुख वुद्धहरु लगायत गंगा नदीका वालुवाका संख्या समान अनगिन्ती अन्य भगवान वुद्धहरुले आफ्नो आफ्नो जिव्रोले वुद्धक्षेत्रलाइ ढाकेर यसरी भन्नु हुन्छ। यो अचिन्त्य गुण परिकिर्तन सर्ववुद्ध परिग्रह नामक धर्मपर्याय लाई ग्रहण गर।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१५. "यसरी नै अधदिशामा पनि, तथागत सिह, तथागत यश, तथागत यशप्रभाव, तथागत धर्म, तथागत धर्मधर, तथागत धर्मध्वज जस्ता प्रमुख वुद्धहरु लगायत गंगा नदीका वालुकाका संख्या समान अनगिन्ती अन्य भगवान वुद्धहरुले आफ्नो आफ्नो भाषामा आफ्नो आफ्नो जिब्रोले वुद्धक्षेत्रलाइ ढाकेर यसरी भन्नुहुन्छ । यो अचिन्त्य गुण परिकिर्तण सर्ववुद्ध परिग्रंह नामक धर्मपराय लाई ग्रहण गर ।"

१६. "यसरी नै उर्ध्वदिशामा पनि, तथागत ब्रम्हघोष, तथागत नक्षत्रराज, तथागत इन्द्रकेतुध्वजराज, तथागत गन्धोत्तम, तथागत गन्धप्रभाष, तथागत महर्चिस्कन्ध, तथागत रत्नकुशुमसमपुष्पितगात्र, तथागत शालेन्द्रराज, तथागत रत्नोपलश्री, तथागत सवार्थदर्श, तथागत सुमेरुकल्प जस्ता प्रमुख बुद्धहरु लगायत गंगानदीका बालुवा संख्या समान अनगिन्ती अन्य भगवान बुद्धहरुल आफनो आफनो जिब्रोले वुद्धक्षेत्रलाइ ढाकेर यसर भन्नुहुन्छ । यो अचिन्त्य गुण परिकीर्तन सर्वबुद्ध परिग्रहं नामक धर्मपराय लाई ग्रहण गर ।"

१७) "अव हे शारिपुत्र । तिमी के सोच्छौ, के कारणले त्यो धर्मपर्यायलाई सर्वबुद्ध परिग्रह भनिएको हो ? त्यो धर्मपर्यायको नाम सुन्ने र ती भगवान बुद्धहरुको नाम आफ्नो स्मृतिमा धारण गर्ने प्रत्येक कुलपुत्र वा कुलपुत्री बुद्धहरुद्वारा अनुगृहित हुनेछन् र एकचोटी सम्यक ज्ञान प्राप्त गरिसकेपछि कदापि फर्कने छैन । तसर्थ, हे शारिपुत्र ! मलाई र ती भगवान बुद्धहरुमाथि शंका नगर, विश्वास गर, धारण गर ।"

"भगवान अमितायुको उक्त बुद्धक्षेत्रको लागि भविष्यमा मनमनै प्रणिधान गर्ने, वर्तमानमा प्रणिधान गरिरहेका र अतीतमा गरिसकेका कुनै पनि कुलपुत्र वा कुलपुत्रीहरुले एकचोटी सम्यक ज्ञान प्राप्त गरिसकेपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कदापि फेरी फर्कने छैनन् । उनीहरुको जन्म त्यस वुद्धक्षेत्रमा हुनेछ, भइसके र भइरहेको छ । तसर्थ, हे शारिपुत्र ! श्रद्धावान कुलपुत्र वा कुलपुत्रीले त्यस वुद्धक्षेत्रको लागि मनमनै प्रणिधान गर्नुपर्छ ।"

१८. "पुनः जसरी मैले अहिले यहाँ ती भगवान वुद्धहरुका अचिन्त्य गुणहरुको परिकीर्तन गर्दैछु, हे शारिपुत्र ! यसरी नै ती भगवान वुद्धहरुले मेरो आफ्नै अचिन्त्य गुणहरुको परिकीर्तन गर्छन् ।"

"एक अति दुष्कर कार्य शाक्यमुनि, शाक्यधिराजले गर्नुभएको छ । यस सहालोकधातुमा अनुत्तर सम्यक सम्बोधि प्राप्त गरिसकेपछि उहाँले यसकल्पमा पञ्चकषायः सत्वकषाय, आयुकषाय, दृष्टिकषाय, कल्पकषाय र क्लेशकषाय व्याप्त भएको समयमा धर्म देशना गर्नुभयो, जसलाई सारा लोक ग्रहण गर्न अनिच्छुक छन् ।"

१९. "हे शारिपुत्र ! यस सहालोकधातुमा अनुत्तर सम्यक् सम्बोधि प्राप्त गरिसकेपछि, मैले यस कल्पमा पञ्चकषायः कल्पकषाय, सत्वकषाय, दृष्टिकषाय, आयुकषाय र क्लेशकषायले व्याप्तभएको समयमा धर्म देशना गरे, जसलाई ग्रहण गर्न सारा लोक अनिच्छुक छन् ।

"यो मेरो लागि पनि एक अति दुष्कर कार्य नै हो ।" यसरी भगवान वुद्धले प्रसन्नचित्त भएर भन्नुभयो । आयुष्मान शारिपुत्र, भिक्षुहरु, वोधिसत्वहरु लगायत देव, मनुष्य, असुर, गन्धर्वहरुले भगवान वुद्धको वचनलाई अभिनन्दन गरे ।

इति संक्षिप्त सुखावती व्यूह नाम महायान सूत्रम् समाप्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

NAGARJUNA INSTITUTE PUBLICATION

1. Triśaraṇa gamana (Newari)
   त्रिशरणगमन
2. Ārya Amoghpāśa Hṛdaya Sūtra (English, Sanskrit and Newari)
   आर्य अमोघपाश हृदय सूत्र
3. Ārya Mañjusrī Nāmasaṃgīti (Sanskrit and Newari)
   आर्य मञ्जुश्री नामसङ्गीति
4. Atiśā and His Teachings (Nepali)
   अतिशा र उहाँका उपदेशहरू
5. Ārya Guṇakāraṇḍavyūha Sūtra (Newari)
   आर्य गुणकारण्डव्यूह सूत्र
6. Eight Verses on Mind Training and Its Commentary (Nepali)
   लाङ्ग्री थाङ्पाकृत अष्टश्लोकी मतिशोधन अभ्यास
7. Awakening Mind and Its Commentary (Nepali)
   बोधिचित्तोत्पाद
8. Life and Liberation of Padma Sambhava (Nepali)
   पद्मसम्भवको जीवनी तथा मुक्ति
9. Sūtra on Kindness of Parents and Difficulty of repaying it (Nepali)
   मातापितागुणप्रत्युपकार सूत्र
10. Ārya Upāyakauśalyanāma Mahāyāna Sūtra (Nepali)
    आर्य उपायकौशल्यनाम महायान सूत्र
11. Samantabhadracaryā Praṇidhāna (Sanskrit, Tibetan and Nepali)
    समन्तभद्रचर्या प्रणिधान
12. Ārya Kṣitigarbha Bodhisattva Praṇidhāna Sūtra
    आर्य क्षितिगर्भ बोधिसत्व प्रणिधान सूत्र
13. Svayambhū Purāṇa (Newari)
    स्वयम्भू पुराण
14. Vajracchedikā Prajñāpāramitā Sūtra (Nepali)
    वज्रच्छेदिका प्रज्ञापारमिता सूत्र
15. Sukhāvatī Vyūha Sūtra (Nepali)
    सुखावतीव्यूह सूत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection